# रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन

लघु शोध प्रबन्ध

**सिक्किम विश्वविद्यालय**

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल

उपाधिका निम्ति प्रस्तुत

**लघु शोध प्रबन्ध**


**शोधार्थी**

मेनप्रसाद शर्मा

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय


जुन, २०२२

# रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन

लघु शोध प्रबन्ध

सिक्किम विश्वविद्यालयको

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल

उपाधिका निम्ति प्रस्तुत

**लघु शोध प्रबन्ध**


**शोध निर्देशक**

पुष्प शर्मा

SUPERVISOR
Department of Nepali
Sikkim University

डा पुष्प शर्मा

प्रोफेसर

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

Men Prasad Sharma
28/06/2022

मेनप्रसाद शर्मा

पञ्जीकरण सङ्ख्याः 20M.Phil/NEP/03

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


जुन, २०२२

पाली विभाग
partment of Nepali

सिक्किम विश्वविद्यालय
SIKKIM UNIVERSITY
(भारत की संसद के अधिनियम द्वारा वर्ष 2007 में स्थापित और नैक (एनएएसी) द्वारा वर्ष 2015 में प्रत्यायित केंद्रीय विश्वविद्यालय)
(A central university established by an Act of Parliament of India, 2007 and accredited by NAAC in 2015)

Date: - 21/06/2022

## PLAGIARISM CHECK CERTIFICATE

This is to certify that plagiarism check has been carried out for the following M.Phil Dissertation with the help of URKUND SOFTWARE and the result is 5 % which within the permissible limit (below 10% tolerance rate) as per the norms of Sikkim University.

**"रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन"** submitted by **Men Prasad Sharma** under the supervision of Prof Pushpa Sharma, Department of Nepali, School of Languages and Literature, Sikkim University.

Signature of the Scholar

(Men Prasad Sharma)
Men Prasad Sharma
21/06/2022

Countersigned by Supervisor

(Prof. Pushpa Sharma)
21/06/2022
SUPERVISOR
Department of Nepali
Sikkim University

Vetted by Librarian

पुस्तकाध्यक्ष
Librarian
.06.2022
केन्द्रीय पुस्तकालय Central Library
सिक्किम विश्वविद्यालय
Sikkim University

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल उपाधिका लागि *रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन* शीर्षकमा तयार गरिएको यस लघु शोध प्रबन्ध नितान्त मौलिक कार्य रहेको छ। शोध निर्देशक प्रो पुष्प शर्माको कुशल निर्देशनमा रहेर मैले प्रस्तुत शोध कार्य पूर्ण गरेको हुँ। मैले यस शोध लेखनमा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी त्यसलाई उपयोग गरेको छु। यस शोध प्रबन्धको निष्कर्ष यस अघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रयोग गरिएको छैन। शोध प्रबन्धभित्रका कुनै पनि अंश अन्य पत्र पत्रिका तथा कुनै पनि पाठ्य पुस्तकको अंशको रूपमा प्रकाशित गरिएको छैन।

प्रस्तुत शोध कार्यको विरुद्ध यदि कुनै प्रमाण भेटिएमा त्यसप्रति म सम्पूर्ण रूपले उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता प्रकट गर्दछु।

शोधार्थी

Men Prasad Sharma.
28/06/2022

मेनप्रसाद शर्मा

पञ्जीकरण सङ्ख्या- 20M.Phil/NEP/03

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

दिनाङ्क 28/06/2022

पाली विभाग
partment of Nepali

सिक्किम विश्वविद्यालय
SIKKIM UNIVERSITY
(भारत की संसद के अधिनियम द्वारा वर्ष 2007 में स्थापित और नैक (एनएएसी) द्वारा वर्ष 2015 में प्रत्यायित केंद्रीय विश्वविद्यालय)
(A central university established by an Act of Parliament of India, 2007 and accredited by NAAC in 2015)

## शोध निर्देशकको अग्रसारण

*रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन* शीर्षकमा प्रस्तुत गरिएको लघु शोध प्रबन्ध सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल उपाधिका लागि श्री मेनप्रसाद शर्माले मेरो निर्देशनमा रही तयार पारेका हुन्। प्रस्तुत लघु शोध प्रबन्धको लेखन सिक्किम विश्वविद्यालयको एमफिल पाठ्यक्रमको निर्धारित समयभित्र रही यिनले लगन र परिश्रमपूर्वक तयार पारेका हुन्।

सिक्किम विश्वविद्यालयको नियमअनुसार प्रस्तुत लघु शोध प्रबन्धलाई उचित मूल्याङ्कन र आवश्यक कार्यका निम्ति म सम्बन्धित निकायमा अग्रसारित गर्दछु।

पुष्पशर्मा SUPERVISOR
Department of N...
प्रोफेसर (डा) पुष्प शर्मा ...im University
शोध निर्देशक
नेपाली विभाग
भाषा अनि साहित्य सङ्काय
सिक्किम विश्वविद्यालय

दिनाङ्क 28/06/2022

## कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालय नेपाली विभागमा एमफिल उपाधि प्राप्त गर्नका लागि *रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन* शीर्षकको लघु शोध प्रबन्ध मेरी श्रद्धेय गुरुआमा प्रो पुष्प शर्माको कुशल मार्ग निर्देशनमा तयार गरिएको हो। उहाँबाट पाएको प्राज्ञिक सुझाउ अनि अपार स्नेहले यस लघु शोध प्रबन्ध तयार पार्न सक्षम भएको छु। उहाँको मार्गदर्शन, सहयोग अनि हौसलाबिना मजस्तो साहित्यमा नवप्रवेशी विद्यार्थीका लागि यस लघु शोध कार्य गर्न सम्भव थिएन। यसका निम्ति म उहाँप्रति सदैव ऋणी रहने छु।

मेरो यस शोध अध्ययन क्रममा आवश्यक पुस्तक उपलब्ध गराउँदै महत्त्वपूर्ण सुझाउ सहित शोध लेखनमा हौसला प्रदान गर्नुहुने श्रद्धेय गुरुजन प्रो कविता लामा, डा समर सिन्हा, डा देवचन्द्र सुब्बा, डा अरूणा राई, प्रा बलराम पाण्डे, डा सुमन वान्तवा अनि डा गोकुल सिन्हाप्रति विशेष रूपमा कृतज्ञता प्रकट गर्दछु।

यस शोध लेखनसँग सम्बन्धित पुस्तकहरू उपलब्ध गराउनका साथै महत्त्वपूर्ण सुझाउ र हौसला दिनुहुने आदरणीय दाजुहरू कृष्णकुमार सापकोटा, योगेश लिम्बू अनि निर्मल निरौलालाई विशेष धन्यवाद दिँदछु। यसका साथै नेपाली विभागका सम्पूर्ण शोधार्थी दाजु-दिदीहरू अनि सहपाठी मित्रहरूप्रति पनि कृतज्ञ रहेको छु।

मलाई शिक्षाको पहिलो गोरेटोमा डोहोऱ्याउनु हुने प्राथमिक पाठशालादेखि माध्यमिक पाठशालासम्मका गुरुजन, महाविद्यालय अनि विश्वविद्यालयका सम्पूर्ण गुरुजनप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु, जस जसका कुशल शिक्षादानले मलाई यहाँसम्म आइपुग्ने आत्मविश्वास दिलाइदियो।

यस शोध कार्यमा मैले प्रयोग गरेका जति पनि पुस्तकहरू छन्, ती सबै पुस्तकका लेखकहरूप्रति पनि म आभार व्यक्त गर्दछु।

मेरी आमा श्रीमती ओमकुमारी शर्माप्रति विशेष आभारी छु, जसले मलाई कहिल्यै मेरा बाबा स्व दिलप्रसाद शर्माको कमी बोध गराएकी छैनन्। आफ्नो दशनङ्ग्री खियाएर पनि मलाई उच्च शिक्षा हासिल गर्न उत्साहवर्द्धक प्रेरणा दिइ नै रहेकी छन्। साथै सधैँ सहयोग दिएर मलाई यहाँसम्म पुग्न समर्थ बनाउने

मेरा दुवै दाजु र भाउजूहरूलाई पनि हार्दिक धन्यवाद दिंदछु। यस शोध लेखनका क्रममा मलाई ऊर्जा प्रदान गर्ने मेरो प्रिय भतिज साद्धिकलाई पनि धन्यवाद दिंदछु।

विनीत,

Men Prasad Sharma.
28/06/2022

मेनप्रसाद शर्मा

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

दिनाङ्क २8/06/२०२२

# सङ्केताक्षर सूची

आ सं-------------------- आठौँ संस्करण

डा---------------------- डाक्टर

पृ----------------------- पृष्ठ

प्रा लि-------------------- प्राइभेट लिमिटेड

प्रो----------------------- प्रोफेसर

वि सं -------------------- विक्रम सम्वत्

सम्पा--------------------- सम्पादक

स्व----------------------- स्वर्गीय

# तालिका

तालिका- १ ------------------------------ पृ १२

तालिका- २ ------------------------------ पृ १३

तालिका- ३ ------------------------------ पृ २४

तालिका- ४ ------------------------------- पृ ९६

# विषय सूची


| विषय | | | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| | भावहरणको प्रमाण पत्र | | क |
| | प्रतिबद्धता पत्र | | ख |
| | शोध निर्देशकको अग्रसारण | | ग |
| | कृतज्ञता ज्ञापन | | घ-ङ |
| | सङ्केताक्षर सूची | | च |
| | तालिका | | छ |
| **पहिले अध्याय:** | **शोध परिचय** | | **१-९** |
| | १.१ | शोध शीर्षक | १ |
| | १.२ | शोध परिचय | १-२ |
| | १.३ | शोध समस्या | २ |
| | १.४ | शोधको उद्देश्य | २ |
| | १.५ | पूर्वकार्यको सर्वेक्षण अनि समीक्षा | २-७ |
| | १.६ | शोध प्रयोजन | ८ |
| | १.७ | शोध विधि | ८ |
| | | १.७.१ शोध सामग्री सङ्कलन पद्धति | ८ |
| | १.८ | शोध सीमा | ८-९ |
| | १.९ | शोधको रूपरेखा | ९ |
| **दोस्रो अध्याय:** | **रस सिद्धान्तको अवधारणा र स्वरूप** | | **१०-३१** |
| | २.१ | रसको अर्थ | १०-११ |
| | २.२ | रस सम्प्रदायको अध्ययन परम्परा | ११-१५ |
| | २.३ | रसको स्वरूप | १५-१६ |
| | २.४ | रस निष्पत्ति | १६-२१ |
| | २.५ | रस सामग्री | २१-२४ |
| | २.६ | रस सङ्ख्या | २४-२८ |
| | २.७ | करुण रसको आस्वाद | २९ |
| | २.८ | अङ्गी रस | २९ |
| | २.९ | रसाभास | २९-३० |

| | | | |
|---|---|---|---|
| | २.१० | रसहरूको परस्परमा विरोध | ३०-३१ |
| | २.११ | निष्कर्ष | ३१ |
| **तेस्रो अध्याय:** | **भानुभक्तका काव्यकृतिमा रस प्रयोग** | | **३२-५७** |
| | ३.१ | भानुभक्त आचार्यको सङ्क्षिप्त परिचय | ३२-३३ |
| | ३.२ | भानुभक्त आचार्यका साहित्यिक कृतिहरूमा प्रयुक्त रस | ३४ |
| | | ३.२.१ *भक्तमाला*मा प्रयुक्त रस | ३४-३७ |
| | | ३.२.२ *प्रश्नोत्तरमाला*मा प्रयुक्त रस | ३७-३९ |
| | | ३.२.३ *वधूशिक्षा*मा प्रयुक्त रस | ३९-४२ |
| | | ३.२.४ फुटकर रचनाहरूमा प्रयुक्त रस | ४२-५७ |
| | ३.३ | निष्कर्ष | ५७ |
| **चौथो अध्याय:** | **भानुभक्तीय रामायणमा प्रयुक्त रस** | | **५८-८९** |
| | ४.१ | भानुभक्तीय रामायणको परिचय | ५८-६४ |
| | ४ २. | नौ रसका आधारमा भानुभक्तीय रामायणको विश्लेषणात्मक अध्ययन | ६४ |
| | | ४.२.१ शृङ्गार रस | ६५-६८ |
| | | ४.२.२ हास्य रस | ६८-६९ |
| | | ४.२.३ करुण रस | ६९-७२ |
| | | ४.२.४ रौद्र रस | ७२-७४ |
| | | ४.२.५ वीर रस | ७४-७६ |
| | | ४.२.६ भयानक रस | ७६-७८ |
| | | ४.२.७ अद्भुत रस | ७८-८१ |
| | | ४.२.८ शान्त रस | ८२-८९ |
| | ४.३ | निष्कर्ष | ८९ |
| **पाँचौँ अध्याय:** | **उपसंहार एवम् निष्कर्ष** | | **९०-९८** |
| | ५.१ | उपसंहार | ९०-९३ |
| | ५.२ | निष्कर्ष | ९३-९८ |
| | ५.३ | भावी शोधकर्तालाई सुझाउ | ९८ |
| | **ग्रन्थ सूची** | | **९९-१००** |

# पहिलो अध्याय

---

# शोध परिचय

# पहिलो अध्याय

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत लघु शोध प्रबन्धको शीर्षक *रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन* रहेको छ।

## १.२ शोध परिचय

प्रस्तुत लघु शोध प्रबन्ध भानुभक्तीय रामायणमा प्रयुक्त रसको अध्ययनमा केन्द्रित रहेको छ। रसको व्युत्पत्तिगत अर्थ 'रस्यते असौ रस' हुन्छ अर्थात् जसको आस्वादन हुन्छ त्यो नै रस हो। साहित्यका सन्दर्भमा रसको व्याख्या सर्वप्रथम भरतमुनिको *नाट्यशास्त्र*मा पाइन्छ। रस यस्तो पदार्थ हो जसलाई शब्दमा व्यक्त गर्न सकिँदैन। रसवादी आचार्यहरूले रसलाई काव्यको आत्मा मानेका छन्। मानिसलाई जीवन प्रदान गर्न आत्माको जति महत्त्वपूर्ण भूमिका रहेको हुन्छ त्यति नै काव्य वा साहित्यलाई जीवन प्रदान गर्न रसको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। *साहित्यदर्पण*का रचनाकार विश्वनाथले 'रसात्मकं वाक्यम् काव्यम्' भनेर रसयुक्त वाक्य नै काव्य हो भनेका छन्। भरतमुनिका उत्तरवर्ती रसवादी चिन्तकहरूले पूर्वीय काव्यशास्त्रमा रस सिद्धान्तलाई विस्तृत रूपमा चर्चा गर्दै एउटा सशक्त काव्य सिद्धान्त स्थापित गरेका छन्।

भानुभक्तले संस्कृतको *अध्यात्म रामायण*लाई आधार मानेर नेपालीमा रामायण अनुवाद गरेका छन्। नेपाली साहित्यमा भानुभक्तको रामायणलाई एउटा विशिष्ट काव्यका रूपमा लिइन्छ। मूल रामायण रामका कथामा केन्द्रित रहे तापनि विभिन्न भाषामा लेखिएका रामायणमा कहीँ सीता, कहीँ रावण, कहीँ लव-कुश, कहीँ हनुमान आदि चरित्रहरूको कथा केन्द्रमा रहेको पाइन्छ। रामायण मूलतः संस्कृत, हिन्दी, तेलुगु, मलायलम, मैथिली, गुजराती, बङ्गला, असमिया, अङ्ग्रेजी, नेपाली आदि भाषाहरूमा लेखिएको पाइन्छ। नेपाली साहित्यमा पनि राम कथालाई आधार लिएर धेरै महाकाव्य, खण्डकाव्य रचिएको पाइन्छ। भानुभक्त आचार्यको *रामायण*, सोमनाथ सिग्द्यालको *आदर्श राघव* (महाकाव्य), लेखनाथ पौड्यालको *मेरो राम* (खण्डकाव्य), लक्ष्मीप्रसाद देवकोटाका *रावण जटायु युद्ध*, *सीताहरण*, *नेपाली रामायण* गरी तिनवटा खण्डकाव्यहरू, प्रेमराज पौड्यालको *सम्पूर्ण रामायण* (महाकाव्य) आदि

रामकथालाई नै आधार लिएर रचिएका कृतिहरू हुन्। भानुभक्तीय रामायणमा बालकाण्ड, अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड र उत्तरकाण्ड गरी जम्मा सातकाण्ड रहेका छन्।

प्रस्तुत लघु शोध प्रबन्धमा पूर्वीय समालोचना सिद्धान्तलाई आधार मानेर भानुभक्तीय रामायणमा प्रयुक्त रसबारे अध्ययन गरिएको छ भने साझा प्रकाशनद्वारा प्रकाशित पुस्तक *भानुभक्तको रामायण* (सन् २०१९)-लाई आधार मानेर अध्ययन गरिएको छ।

## १.३ शोध समस्या

प्रस्तुत लघु शोध प्रबन्धको प्रमुख समस्या *रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन* गर्नु हो। यस अतिरिक्त निम्नलिखित समस्याहरूलाई विशेष ध्यानमा राखिएको छ-

(क) रस भेदका सापेक्षतामा भानुभक्तीय रामायणमा कुन रस अधिक देखिन्छ?

(ख) रस निष्पत्ति प्रक्रियाका आधारमा भानुभक्तीय रामायण कति प्रभावकारी छ?

(ग) भानुभक्तीय रामायणमा साधारणीकरणको स्थिति कस्तो छ?

## १.४ शोधको उद्देश्य

उपर्युक्त समस्याहरूको समाधान गर्नु नै प्रस्तुत लघु शोध प्रबन्धको उद्देश्य हो। प्रस्तुत लघु शोध प्रबन्धको उद्देश्य निम्नप्रकार रहेका छन्-

(क) रस भेदका सापेक्षतामा भानुभक्तीय रामायणमा प्रयुक्त अङ्गी रसलाई खुट्याउनु।

(ख) रस निष्पत्ति प्रक्रियाका आधारमा भानुभक्तीय रामायणको अध्ययन गर्नु।

(ग) भानुभक्तीय रामायणमा साधारणीकरणको स्थिति प्रकाश पार्नु।

## १.५ पूर्वकार्यको सर्वेक्षण अनि समीक्षा

आजसम्मको खोजी र प्राप्तिअनुसार भानुभक्तीय रामायणको अध्ययन धेरै भएको पाइए तापनि पूर्वीय समालोचना सिद्धान्तलाई आधार लिएर हालसम्म यसबारे कुनै शोधकार्य भएको थाहा पाइएको छैन। भानुभक्तसम्बन्धी अध्ययन भएको उपलब्ध पूर्वकार्यलाई निम्न रूपमा सर्वेक्षण एवम् समीक्षा गरिएको छ।

**(क) पुस्तकका आधारमा**

भानुभक्तलाई चिनाउने काम पहिलोपल्ट मोतीराम भट्टले गरेका हुन्। उनले सन् १८९१ मा *कवि भानुभक्तको जीवनचरित्र* भारतजीवन यन्त्रालयबाट प्रकाशित गराए। यही पुस्तकले नै सर्वप्रथम भानुभक्तलाई नेपाली साहित्यमा चिनाएको हो भन्न सकिन्छ।

सन् १९३८ मा ब्रह्म शंशेरको *कवि भानुभक्त* नामक पुस्तक प्रकाशित भएको पाइन्छ। मूलतः यस कृतिमा भानुभक्त आचार्यका फुटकर रचनाहरूको विवेचना गरिएको छ। भानुभक्तलाई लोकप्रसिद्ध कवि बनाउनका लागि रामायणसँगै उनका फुटकर रचनाहरूको पनि उत्तिकै भूमिका रहेको ब्रह्म शंशेरको मान्यता पाइन्छ।

सन् १९५२ मा भाइचन्द्र प्रधानको *आदिकवि भानुभक्त आचार्य* नामक पुस्तक प्रकाशित भएको पाइन्छ। यस पुस्तकमा भानुभक्त आचार्यका जीवनी र उनका प्रकाशित कृतिहरूबारे आलोचनात्मक लेखहरू समावेश गरिएको छ। प्रधानले अध्याय पाँचमा 'रामायणको एउटा प्रस्तवना' शीर्षक लेखमा रामायणमा नौवटै रस पाइन्छ र यसमा पाइने शृङ्गार रस अश्लीलताबाट मुक्त रहेको छ भन्ने मान्यता राखेका छन्।

सन् १९५६ मा साझा प्रकाशन, ललितपुरबाट प्रकाशित हृदयचन्द्रसिंह प्रधानको *भानुभक्त : एक समीक्षा* नामक पुस्तकलाई भानुभक्त आचार्यसम्बन्धी लेखिएको महत्त्वपूर्ण कृति मानिन्छ। प्रधानले यस पुस्तकमा भानुभक्तको जीवनी र काव्यकृतिबारे विभिन्न शीर्षकका चौधवटा लेख प्रकाशित गरेका छन्। विशेषतः यस पुस्तकमा भानुभक्त आचार्यले नेपाली साहित्यलाई दिएको योगदान र उनका कृतिहरूको भाषा-शैलीबारे चर्चा गरिएको पाइन्छ।

सन् १९७२ मा मुक्तिनाथ आचार्यद्वारा लिखित *भानुको भावना* नामक पुस्तक प्रकाशित भएको पाइन्छ। जम्मा आठवटा परिच्छेदमा संरचित प्रस्तुत पुस्तकमा भानुभक्तको जीवनी, काव्यकृति र उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानबारे चर्चा गरिएको पाइन्छ।

सन् १९९७ मा जनपक्ष प्रकाशन, गान्तोकबाट *कविवर भानुभक्ताचार्यको उपाधि र आदिकवित्वको प्रश्न* नामक पुस्तक प्रकाशित भएको छ। गुमानसिंह चामलिङद्वारा लिखित यस पुस्तकको परिशिष्ट भागमा मच्छिन्द्र प्रधानको 'भानुभक्तीय समालोचना', वासुदेव त्रिपाठीको

'भानुभक्तको आदिकवित्व : केही गौंडा गल्छेंडाहरू!', शिवराज शर्माको 'भानुभक्त आचार्य : प्रसंग नेपाली भाषाको मूल प्रकृति', हस्त नेचालीको 'कवि भानुभक्त आचार्यका विवादग्रस्त जीवनी र कृतिहरू' र घनश्याम नेपालको 'आदिकविको विवाद' लेखहरू समावेश गरिएको पाइन्छ। यस पुस्तकमा विशेषतः भानुभक्तको आदिकवित्वको उपाधिमाथि चर्चा गरिएको पाइन्छ।

**(ख) पुस्तकमा प्रकाशित लेखका आधारमा**

सन् १९७३ मा साझा प्रकाशन, काठमाडौँबाट प्रकाशित राजनारायण प्रधानको समालोचनात्मक ग्रन्थ *केही कृति केही स्मृति*को पहिलो लेख नै 'भानुभक्तको रामायण' रहेको छ। यस लेखमा उनले भानुभक्तका रामायणमा मौलिकताको छाप रहेको बताएका छन्। भानुभक्तको देहावसानसँगै नेपाली साहित्यको एउटा युगको अन्त भएको उनी मान्दछन्। यसै पुस्तकमा उनको अर्को लेख 'कवि भानुभक्त आचार्यको जीवनचरित्र' पनि प्रकाशित रहेको पाइन्छ।

सन् १९७५ मा प्रकाशित केशवप्रसाद उपाध्यायको *प्राथमिककालीन कवि र काव्यप्रवृति* पुस्तकभित्र समाविष्ट 'भानुभक्त र उनको काव्यप्रवृत्ति' शीर्षक लेखमा भानुभक्तीय रामायणको सामाजिक उद्देश्य, धार्मिक-आध्यात्मिक उद्देश्यसँगै रसबारे पनि सङ्क्षिप्त चर्चा गरिएको पाइन्छ। प्रस्तुत लेखको एउटा उपशीर्षक 'रसभाव'-मा उपाध्यायले भानुभक्तीय रामायणमा वीर, करुण र शान्त रसलाई अङ्गी रसका रूपमा मानेका छन् भने भयानक, बीभत्स, रौद्र, अद्भुत र वत्सल रसलाई अङ्ग रूपमा मानेका छन्।

सन् १९७८ मा प्रकाशित रमेश श्रेष्ठको *नेपाली कविताको प्रवृत्ति* पुस्तकमा 'रामकाव्य' शीर्षक लेखअन्तर्गत भानुभक्त आचार्य र उनका काव्यकृतिबारे चर्चा गरिएको पाइन्छ। रमेश श्रेष्ठअनुसार रामायणमा रहेको काव्यात्मकता, सुकुमारता, मधुरता, लालित्य आदि गुणले गर्दा नै आजका सन्दर्भमा पनि यो कृति उत्तिकै लोकप्रिय र महत्त्वपूर्ण रहेको देखिन्छ। मूलतः यस लेखमा भानुभक्तका कृतिहरूको विश्लेषणात्मक अध्ययन गरिएको पाइन्छ।

सन् १९८१ मा श्याम ब्रदर्स प्रकाशन, दार्जिलिङबाट प्रकाशित कमला सांकृत्यायनको *विचार तथा विवेचना* पुस्तकभित्र सङ्कलित 'आचार्य भानुभक्त र उनको रामायण' लेखमा *अध्यात्म रामायण*को अनुवाद गर्दा भानुभक्तले ल्याएका मौलिकता र सङ्क्षेपीकरणबारे चर्चा गरिएको पाइन्छ। यस पुस्तकमा

भानुभक्तसम्बन्धी अन्य चारवटा लेखहरू- 'आचार्य भानुभक्त : एक नव्य मूल्याङ्कन', 'राम काव्य परम्परामा भानुभक्त रामायण', 'भानुभक्तका राम' र 'भानुभक्त र देवकोटाका कृतिमा दार्शनिक पृष्ठभूमि' प्रकाशित रहेको पाइन्छ।

सन् १९८८ मा साझा प्रकाशनबाट ठाकुर पराजुलीको *नेपाली साहित्यको परिक्रमा* पुस्तक प्रकाशित भएको पाइन्छ। यसमा सङ्कलित 'नेपाली साहित्यका प्रथम अधिष्ठाता भानुभक्त र उनको रामकथा' लेखमा मूलतः भानुभक्त आचार्यले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानबारे चर्चा गरिएको देखिन्छ। प्रस्तुत लेखअनुसार महाकाव्यको प्रमुख वैशिष्ट्य युगव्यापी प्रभाव सिर्जना गर्नु हो भने भानुभक्तीय रामायणलाई महाकाव्यको श्रेणीमा राख्न सकिन्छ।

सन् २०१७ मा कविता लामाले आफ्नो समालोचनात्मक पुस्तक *कविता डिस्कोर्स*मा 'नेपाली डायस्पोरा र भानुभक्त रामायण' शीर्षक लेख प्रकाशित गरेकी छन्। यस लेखमा उनले दार्जिलिङको ऐतिहासिक पृष्ठभूमिको उल्लेख गर्दै नेपाली डायस्पोरा समुदायमा भानुभक्तीय रामायणको प्रभावबारे चर्चा गरेकी छन्।

**(ग) सम्पादित पुस्तकका आधारमा**

सन् १९९२ मा नीहार प्रकाशन, काठमाडौँबाट शरद्चन्द्र शर्मा र घटराज भट्टराईको सम्पादनमा शम्भुप्रसाद ढुंग्यालको *आदिकवि भानुभक्ताचार्यको जीवनी-चरित्र* नामक पुस्तक प्रकाशित भएको पाइन्छ। यसलाई भानुभक्त आचार्यको जीवनीसम्बन्धी लेखिएको दोस्रो पुस्तक मानिन्छ। यस पुस्तकमा भानुभक्तका फुटकर रचनाहरू मातीराम भट्टले भन्दा धेरै उद्धृत गरिएको पाइन्छ। शम्भुप्रसाद दुंग्यालले यो पुस्तक सन् १९१२ मा नै लेखेका भए पनि लगभग ८० वर्षपछि सन् १९९२ मा मात्र प्रकाशमा आएको देखिन्छ। भानुभक्त र उनको जीवनीसम्बन्धी उक्त पुस्तक महत्त्वपूर्ण मानिन्छ।

सन् १९९२ मा नेपाली साहित्य परिषद्, दार्जिलिङबाट इन्द्रबहादुर राईको सम्पादनमा *भानुभक्तका कृति* नामक पुस्तक प्रकाशित भएको छ। यस पुस्तकमा भानुभक्त र उनका कृतिहरू सम्बन्धी मच्छिन्द्र प्रधान, नरा गुरुङ, इन्द्रबहादुर राई, अगमसिंह गिरी, राजनारायण प्रधान अनि कुमार प्रधानको लेख प्रकाशित भएको पाइन्छ। कुमार प्रधानले आफ्ना लेखमा भानुभक्तीय रामायणको औचित्य देखाउँदै

लेखेका छन्- "भानुभक्तको रामायण एउटा धर्म संप्रदायको सांप्रदायिक रामायणको अनुवाद भएर पनि नेपालीको जातीय महाकाव्य भई हाम्रो साहित्यको एउटा प्रमुख कृति भएको छ।"

सन् २००७ मा भानु जयन्ती समारोह समिति, सिङ्ताम, पूर्व सिक्किमबाट जगदीश शर्माको सम्पादनमा भानुभक्त आचार्यसम्बन्धी विभिन्न लेखकहरूका लेखहरू समावेश गरिएको *भानु प्रकाश* पुस्तकाकारका रूपमा प्रकाशित भएको पाइन्छ। यस पुस्तकमा समाविष्ट कुनै पनि लेखमा पूर्वीय साहित्य सिद्धान्तका आधारमा भानुभक्तका काव्यकृतिको अध्ययन गरिएको पाइँदैन।

सन् २०१५ मा गोपीचन्द्र प्रधानको सम्पादनमा *भानुभक्त स्मारक ग्रन्थ* प्रकाशित भएको पाइन्छ। यस पुस्तकमा विविध लेखकहरूका भानुभक्त आचार्यसन्बन्धी उनन्चालिसवटा लेखहरू समावेश गरिएको छ। भानुभक्त आचार्य र उनका काव्यकृतिका विविध पक्षबारे लेखिएका यी लेख सङ्ग्रहमा रस सिद्धान्तका आधारमा कुनै कृतिको विवेचना गरिएको पाइँदैन।

सन् २०१५ मा नरेन्द्रराज प्रसाई र महादेव अवस्थीको सम्पादनमा *भानु विमर्श* पुस्तक तिन खण्डमा प्रकाशित भएको पाइन्छ। यस पुस्तकको पहिलो खण्डमा नरेन्द्रराज प्रसाईकृत 'आदिकवि भानुभक्त आचार्यको जीवनी' शीर्षक लेख प्रकाशित रहेको पाइन्छ। दोस्रो खण्डमा आदिकवि भानुभक्त आचार्य र उनका कृतिहरू सम्बन्धी शोधमूलक लेखहरू प्रकाशित भएको पाइन्छ। पुस्तकको तेस्रो खण्डमा महादेव अवस्थीकृत 'भानुभक्त र भानु काव्य विमर्शको विवेचना' शीर्षक लेख प्रकाशित भएको पाइन्छ। यस पुस्तकमा भानुभक्त आचार्य र उनका कृतिसम्बन्धी विभिन्न शीर्षकका लेख प्रकाशित भए तापनि रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन भने गरिएको पाइँदैन।

सन् २०१९ मा साहित्य अकादेमीबाट जीवन नाम्दुंग र प्रेम प्रधानको सम्पादनमा *भारतीय नेपाली साहित्यमा भानुभक्तको रामायण* पुस्तक प्रकाशित भएको पाइन्छ। यस पुस्तकमा सङ्कलित लेखहरूमध्ये अर्जुन प्रधानको 'भानुभक्तको काव्यहरूमा भक्ति रस' शीर्षक लेखमा भानुभक्त आचार्यका काव्यकृतिमा प्रयुक्त भक्ति भावबारे चर्चा गरिएको पाइन्छ। प्रधानको यस लेखमा भानुभक्तका कृतिहरूलाई अमर तुल्याउने कारक तत्त्व भक्ति रस नै हो भन्ने विचार पाइन्छ। यस लेखमा भक्ति रसको सामान्य उल्लेख मात्र गरिएको छ।

**(घ) पत्र-पत्रिकाका आधारमा**

नेपाली साहित्य अध्ययन समिति, कालेबुङबाट कुमार छेत्रीको सम्पादनमा निस्किएको त्रयमासिक पत्रिका *साहित्य सङ्केत*को (वर्षः ५२ र अङ्कः ३८)-मा सविता तामाङको ‘रामायणका नारी : सन्दर्भ नारी अस्तित्व’ शीर्षक लेख प्रकाशित भएको छ। यस लेखमा नारीवादी दृष्टिकोणबाट रामायणका नारी पात्रलाई हेरिएको छ।

उत्तर बङ्ग विश्वविद्यालय, नेपाली विभागबाट प्रकाशित हुने अर्द्धवार्षिक पत्रिका *अभिज्ञान* (वर्ष : ६ र अङ्क : ७)-मा वासुदेव पुलामीको ‘तुलसी र भानुका कृतिमा नारीपात्र’ लेख प्रकाशित भएको पाइन्छ। यसमा गोस्वामी तुलसी दास र कवि भानुभक्त आचार्यका कृतिहरूमा पाइने नारी पात्रबारे तुलनात्मक अध्ययन गरिएको पाइन्छ।

**(ङ) शोध प्रबन्धका आधारमा**

सन् १९९७ मा कविता लामाले काशी हिन्दू विश्वविद्यालयबाट *भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन* शीर्षकमा शोधकार्य गरेकी छन्। उनले आफ्नो शोधकार्यमा भानुभक्त आचार्यका जीवनीको चर्चा गर्दै उनका सम्पूर्ण कृतिहरूको भाषिक अध्ययन गरेकी छन्। प्रस्तुत शोधकार्यको तेस्रो अध्यायमा रामायणको भाषिक अध्ययनको पनि चर्चा गरिएको पाइन्छ।

सन् १९९९ मा गोकुल सिन्हाले उत्तर बङ्ग विश्वविद्यालयबाट *नेपालीमा रामकथा परम्परा र प्रवृत्ति* शीर्षकमा शोधकार्य गरेका छन्। उनले आफ्नो शोधकार्यमा ‘रामकथाको स्रोत’, ‘वाल्मीकि र वाल्मिकीय रामायण’, ‘वाल्मीकिउत्तर रामकथा’, ‘नव्य भारतीय भाषाहरूमा रामकथा’, ‘नेपाली रामकथाको प्रतिष्ठा’, ‘भानुभक्त र भानुभक्तीय रामायण’, ‘भानुभक्त उत्तर रामकथा’-बारे अध्ययन गरेका छन्। सिन्हाले छैटौँ अध्यायमा काव्यहेतु र काव्यप्रयोजनबारे पनि चर्चा गरेका छन्।

उल्लिखित पूर्वकार्यहरूको सर्वेक्षण गर्दा भानुभक्त आचार्य र उनका रामायणसम्बन्धी धेरै टीका-टिप्पणी, समीक्षा तथा लेखहरू प्रकाशित भएका छन्। यद्यपि हालसम्म भानुभक्तीय रामायणलाई रस सिद्धान्तलाई आधार लिएर त्यससम्बन्धी कुनै शोधकार्य भएको पाइँदैन। यसर्थ यस विषयमाथि अध्ययन गर्नु यस शोधको मुख्य उद्देश्य रहेको छ।

## १.६ शोध प्रयोजन

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल तहको पाठ्यक्रममा रहेको लघु शोध प्रबन्ध तयार पार्नु यस शोधको मुख्य प्रयोजन हो। यसका साथै रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन गर्नु पनि प्रस्तुत लघु शोध प्रबन्धको अर्को मुख्य प्रयोजन हो। भानुभक्तीय रामायणसम्बन्धी पूर्वकार्यको समीक्षाबारे अध्ययन गरेपछि प्रस्तुत विषयमा कुनै ठोस कार्य भएको थाहा लाग्दैन। यसर्थ रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन गर्नु औचित्यपूर्ण रहेको छ।

## १.७ शोध विधि

प्रस्तुत लघु शोध प्रबन्ध निगमनात्मक विधि अनि विश्लेषणात्मक पद्धतिद्वारा तयार पारिएको छ। यसमा सन्दर्भ लेखन र पादटिप्पणी एवम् भाषिक तथा व्याकरणिक नियमावलीका निम्ति *नेपाली लेखनशैली* (सन् २०११) अनि सिक्किम विश्वविद्यालय नेपाली विभागद्वारा जारी गरिएको 'अनुसन्धान प्रारूप' (सन् २०२१)-लाई आधार मानिएको छ। यसका अतिरिक्त कतिपय पारिभाषिक शब्दावलीको प्रयोग र हिज्जेका निम्ति *प्रयोगात्मक नेपाली शब्दकोश* (सन् २०१७)-लाई आधार मानिएको छ। यसरी नै सिक्किम विश्वविद्यालयद्वारा जारी गरिएको नियमावलीलाई पनि ध्यानमा राखिएको छ। पादटिप्पणीमा राखिएको पुस्तक, पत्र-पत्रिका आदिको नाम ग्रन्थ सूचीमा समावेश गरिएको छैन।

### १.७.१ शोध सामग्री सङ्कलन पद्धति

प्रस्तुत लघु शोध प्रबन्धमा द्वतीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। यसअन्तर्गत विभिन्न पुस्तकालयहरूको प्रयोग गर्दै पूर्वीय समालोचना सिद्धान्तसम्बन्धी पुस्तक, लघु शोध प्रबन्ध, शोध प्रबन्ध, पत्र-पत्रिका, जर्नल आदिबाट अध्ययन सामग्री सङ्कलन गरिएको छ। यसका अतिरिक्त इ-स्रोतबाट आवश्यक पुस्तक, शोध प्रबन्ध, प्राज्ञिक रचना आदिलाई पनि प्रयोग गरिएको छ।

## १.८ शोध सीमा

प्रस्तुत लघु शोध प्रबन्ध भानुभक्तीय रामायणमा प्रयुक्त रसको अध्ययनमा केन्द्रित रहेको छ। सिक्किम विश्वविद्यालयले दिएको निश्चित समयावधिमा शोधकार्य पूरा गर्नु पर्ने हुनाले र भानुभक्तीय रामायणको

अन्यपक्षको चर्चा गर्दा शोधको आकार विशालकाय हुने सम्भावना भएकाले यस लघु शोध प्रबन्धलाई रामायणमा प्रयुक्त रसको अध्ययनमा मात्र सीमित गरिएको छ।

## १,९ शोधको रूपरेखा

प्रस्तुत शोधकार्यलाई पाँचवटा अध्यायमा विभाजन गरिएको छ-

| | | |
|---|---|---|
| पहिलो अध्याय | - | शोधको परिचय |
| दोस्रो अध्याय | - | रस सिद्धान्तको अवधारणा र स्वरूप |
| तेस्रो अध्याय | - | भानुभक्तका काव्यकृतिमा रस प्रयोग |
| चौथो अध्याय | - | भानुभक्तीय रामायणमा प्रयुक्त रस |
| पाँचौँ अध्याय | - | उपसंहार एवम् निष्कर्ष |

ग्रन्थ सूची

# दोस्रो अध्याय

## रस सिद्धान्तको अवधारणा र स्वरूप

# दोस्रो अध्याय

# रस सिद्धान्तको अवधारणा र स्वरूप

## २.१ रसको अर्थ

*प्रयोगात्मक नेपाली शब्दकोश*अनुसार रसको अर्थ- तरल पदार्थ, झोल वा रसिलो वस्तु (उदाहरण तरकारीको रस), फलफुल, जडीबुटी, पात, बोक्रा, जरा आदि कुट्दा, मिच्दा, निचोर्दा वा उसिन्दा आउने तरल वस्तु (उदाहरण सुन्तलाको रस, अदुवाको रस), पन्यालो वस्तु, पानी, द्रव, तरल पदार्थमा घोलिएको चिनी, नुन आदिको घोल, जिब्राले चाल पाउने स्वाद (उदाहरण षडरस), रसादी (विभिन्न धातुको भस्मबाट बनाइएको औषधी), सार वा मुख्य तत्त्व हो। अन्नको रसले शरीरलाई पुष्ट बनाउँछ। विभाव, अनुभाव र व्यभिचारी भावको संयोजन हुँदा मानव हृदयमा उत्पन्न हुने विशिष्ट भाव अर्थात् शृङ्गार, वीर, करुण, रौद्र, अद्भुत, हास्य, भयानक, बीभत्स, शान्त नै नौरस हो।[1]

व्याकरणका आधारमा 'रस्' धातुमा 'अच्' प्रत्यय लगेर रस शब्द बनिन्छ। रसको व्युत्पत्तिगत अर्थ "रस्यते असौ इति रस" अर्थात् जसको आस्वादन हुन्छ[2] त्यसलाई रस भनिन्छ। रसलाई विभिन्न अर्थमा प्रयोग गरिएको पाइन्छ। हिन्दी साहित्यका आलोचक डा नगेन्द्रले आफ्नो पुस्तक *रस सिद्धान्त* (सन् १९६४)-मा पदार्थको रस, आयुर्वेदको रस, मोक्ष वा भक्ति रस अनि साहित्य रस गरी चार प्रकारका रस देखाएका छन्।[3]

**पदार्थको रस-** पदार्थको रस भन्नाले कुनै पनि पदार्थ, झारपात, जडीबुटी आदि  निचोरेर निकालिएको तरल पदार्थ भन्ने बुझिन्छ। यसको स्वाद तितो, अमिलो, पिरो, गुलियो, नुनिलो आदि प्रकारका हुन्छन्।

**आयुर्वेदको रस-** आयुर्वेदको रस भन्नाले औषधीय रस भन्ने बुझिन्छ। पदार्थको रस आस्वाद प्रधान हुन्छ भने आयुर्वेदको रस शक्ति प्रधान हुँदछ।

**मोक्ष वा भक्ति रस-** मोक्ष वा भक्ति रस ब्रह्मानन्द वा आत्मानन्दसँग सम्बन्धित हुँदछ। मोक्ष वा भक्ति रस आचार्य विश्वनाथको रस व्याख्यासँग सम्बन्धित देखिन्छ जसलाई उनले ब्रह्मानन्द सहोदर भनेका छन्।[4]

---

[1] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, सन् २०१७, *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ: विद्यार्थी प्रकाशन प्रा लि, पृ ११९७

[2] केशवप्रसाद उपाध्याय, सन् २०१०, *पूर्वीय साहित्यसिद्धान्त,* ललितपुरः साझा प्रकाशन, पृ १८

[3] डा नगेन्द्र, सन् २०१६, *रस सिद्धान्त,* नयी दिल्लीः नेशनल पब्लिशिंग हाउस, पृ १०

[4] उही, पृ २३

**साहित्य रस-** साहित्य रसको अर्थ काव्यानन्द भन्ने हुन्छ। काव्य वा साहित्यको आन्तरिक सौन्दर्यबाट प्राप्त हुने रसलाई साहित्य रस भनिन्छ। साहित्यको रस, पदार्थ वा आयुर्वेदको जस्तो भौतिक नभएर आत्मिक हुँदछ। पदार्थ वा आयुर्वेदको रसास्वादन जिब्रोद्वारा गरिन्छ भने साहित्यको रसास्वादन आत्मानुभूतिले गराउँदछ। पूर्वीय आचार्यहरूले काव्य वा साहित्यलाई मानिसका रूपमा कल्पना गर्दै रसलाई काव्य पुरुषको आत्मा भनेका छन्। छन्दलाई काव्यको खुट्टा, अलङ्कारलाई शारीरिक शोभा बढाउने उपकरण भनिन्छ भने रीतिलाई अवयव स्थान अनि गुणलाई सौर्य, दया, धर्म आदि मानिएको छ भने काव्य दोषलाई मानिसको कानुपना, बहिरोपना जस्ता दोष भनिएको पाइन्छ। जसरी कुनै पनि मानिस बाह्य आभूषणले जति नै सजिए तापनि आत्माबिना जीवित हुन सक्दैन त्यसरी नै कुनै पनि काव्य वा साहित्य अलङ्कार, रीति आदि उपकरणहरूले युक्त भए तापनि रसबिना फिका र महत्त्वहीन हुँदछ।

पूर्वीय आचार्यहरूले आफ्ना आफ्नै दृष्टिबाट रसको महत्त्वलाई स्वीकार गरेका छन्। भरतमुनिले "रसबिना कुनै भावको प्रवर्तन हुँदैन"[5] भनेका छन् भने अग्निपुराणमा "वचनको विदग्धता प्रधान भए पनि रस नै काव्यको प्राण हो" भनिएको छ।[6] विश्वनाथले "रसात्मक वाक्य काव्य"[7] अनि आनन्दवर्द्धनले "काव्यको अर्थ त्यो व्यङ्ग्यार्थ (रस) नै हो" भनेका छन्।[8] अभिनव गुप्तअनुसार "रसले गर्दा नै काव्यमा जीवन आउँछ, त्यसबिना कुनै काव्य हुँदैन।"[9]

### २.२ रस सम्प्रदायको अध्ययन परम्परा

रस सिद्धान्तको चर्चा सर्वप्रथम भरतमुनिको *नाट्यशास्त्र*मा पाइन्छ। हिन्दीका समालोचक डा नगेन्द्रले *नाट्यशास्त्र*को रचनाकाल ईसा पूर्व दोस्रो शताब्दीदेखि लिएर ईसाको दोस्रो शताब्दीबिच मानेका छन्।[10] पहिलोपल्ट रस सिद्धान्तको शास्त्रीय विवेचना भरतको *नाट्यशास्त्र*मा पाइए तापनि यसभन्दा अघि नै रसको चिन्तन नन्दिकेश्वर, वात्स्यायन आदि विद्वान्हरूले गरेका थिए। राजशेखर र अभिनव गुप्तले रसको आविष्कारकर्ता नन्दिकेश्वरलाई मानेका छन्। राजशेखरअनुसार भरतमुनिले रूपक अनि नन्दिकेश्वरले रसको निरूपण गरेका थिए।

---

[5] उही, पृ २१
[6] उही, पृ २१
[7] उही, पृ २१
[8] उही, पृ २१
[9] उही, पृ २१
[10] डा नगेन्द्र, सन् २०१६, पृ १०


"रूपकनिरूपणीयं भरतः, रसाधिकारिकं नन्दिकेश्वरः"[11]

नाट्यशास्त्रमा *कामसूत्र*बाट धेरै उदाहरण लिइएको र अथर्ववेदमा रस ग्रहणको कल्पना गरिएकाले भरतमुनिभन्दा अघि नै रसको आविर्भाव भएको डा नगेन्द्रको विचार देखिन्छ। उनी भन्छन्- "सम्भवत: वात्स्यायनको *कामसूत्र* नै भारतीय नाट्यसाहित्य एवम् नाट्यशास्त्रको प्रमुख आधार हो। रस सिद्धान्त पनि प्रत्यक्ष वा परोक्ष रूपमा यही ग्रन्थबाट प्रेरणा लिएर विकसित भएको हो।"[12] रस र अलङ्कार भारतीय सौन्दर्यशास्त्रका दुईवटा प्रमुख अङ्ग हुन्। अलङ्कारको मूल आधार व्याकरण र रसको मूल आधार *कामसूत्र*लाई मानिएको छ। यसरी नै *कामसूत्र*को आधार अथर्ववेदलाई मानिएको छ।[13]

भरतमुनिपूर्व नै रसको कल्पना विद्यमान थियो भन्ने भनाइ पाइए तापनि रससम्बन्धी *नाट्यशास्त्र*भन्दा अघि प्रकाशित भएको कुनै ग्रन्थ पाइएको छैन। भरतमुनिअनुसार नाटकमा रसको समावेश ब्रह्माले गरेका हुन्।[14] लौकिक संसारमा रसको आविष्कार जसले गरे तापनि ऐतिहासिक रूपमा रसको महत्त्व दर्शाउने उपलब्ध प्रचीन ग्रन्थ भरतमुनिको *नाट्यशास्त्र*लाई नै मानिन्छ।

हिन्दी साहित्यका समालोचक डा नगेन्द्रले संस्कृत काव्यशास्त्रलाई मूलतः (क) ध्वनि पूर्वकाल, (ख) ध्वनिकाल र (ग) ध्वनि उत्तरकाल गरी तिनवटा चरणमा विभाजन गरेका छन्। प्रस्तुत काल विभाजन ध्वनि सिद्धान्तलाई केन्द्र गरेर गरिएको छ, यद्यपि यहाँ रस सिद्धान्तका विकासक्रमलाई मात्र उल्लेख गरिएको छ।

(क) ध्वनि पूर्वकाल





तालिका- १

[11] बाबूलाल मीना, सन् २०१७, *प्रमुख संस्कृत रूपकों में अद्भुत रस का शास्त्रीय अध्ययन,* वाराणसीः काशी हिन्दू विश्वविद्यालय, पृ ३७
[12] डा नगेनेद्र, सन् २०१६, उही, पृ ११
[13] उही, पृ ११
[14] केशवप्रसाद उपाध्याय, सन् २०१०, उही, पृ १९

भामह अलङ्कारवादी आचार्य हुन्। उनले अलङ्कारलाई काव्य वा साहित्यको प्राण तत्त्व मानेका छन्। उनले रसलाई पूर्णतः निषेध नगरे तापनि अलङ्कारमा नै रसको अन्तर्भाव हुने बताएका छन्।[15] भामहका तुलनामा आचार्य दण्डी रस सिद्धान्तप्रति केही उदार देखिन्छन्। भामहले अलङ्कारका प्रसङ्गमा शृङ्गार रसको मात्र चर्चा गरेका छन् भने दण्डीले आठवटा रसको चर्चा गरेका छन्। दण्डीले पनि अलङ्कारलाई नै काव्य वा साहित्यको सौन्दर्य मानेको देखिन्छ। आचार्य वामनका विचारमा काव्यको सौन्दर्य रीति हो। उनीअनुसार रीतिको मूल तत्त्व गुण हो र बिसवटा गुणमध्ये एउटा गुण रस हो। उनले पनि काव्यमा रसको महत्त्वलाई गौण मानेका छन्। उद्भटले पनि भामहको मतलाई नै जोड दिएको देखिन्छ। उनले आफ्नो ग्रन्थ *काव्यालंकारसंग्रह*मा अलङ्कारलाई काव्यको सौन्दर्य मानेका छन्। रुद्रटलाई मूलतः अलङ्कारवादी आचार्य मानिन्छ। उनले आफ्नो ग्रन्थ *काव्यालङ्कार*मा मूल रूपमा अलङ्कारकै चर्चा गरेको पाइन्छ, यद्यपि भामह वा उद्भटका तुलनामा उनी रसप्रति केही उदार देखिन्छन्।

भट्टलोलल्ट र शङ्कुकले रस सिद्धान्तको विकासमा पुऱ्याएका योगदानबारे यसै अध्यायको चौथो उपशीर्षकमा चर्चा गरिएको छ। रुद्रभट्टको *शृङ्गारतिलक*मा शृङ्गार रससँगै यसका उपभेदहरूको चर्चा पाइन्छ। काव्य वा साहित्यमा रसको महत्त्व देखाउँदै उनी लेख्छन्-"जसरी चन्द्रमा बिनाको रात, पति बिनाको नारी, त्याग बिनाको लक्ष्मी रमणीय हुँदैन उसै गरी रस बिनाको कविता पनि रमणीय हुँदैन।"[16]

(ख) ध्वनिकाल




तालिका-२

[15] उही, पृ ११

[16] डा नगेन्द्र, सन् २०१६, उही, पृ ३१

ध्वनि कालको सबैभन्दा ठुलो उपलब्धि नै ध्वनि सिद्धान्तको आविष्कार भए तापनि यस कालमा रसको चर्चा पनि यदाकता भएको पाइन्छ। प्रत्यक्ष रसवादी आचार्य भट्टनायक र अभिनव गुप्तले रस सिद्धान्तको विकासमा पुऱ्याएका योगदानबारे यसै अध्यायको चौथो उपशीर्षकमा चर्चा गरिएको छ। आचार्य राजशेखरले शब्द र अर्थलाई काव्य पुरुषको शरीर अनि रसलाई यसको आत्मा मानेका छन्। प्रकृति वा भौतिक पदार्थको वर्णन जति नै रमणीय भए तापनि रसानुकुल नभए फिका हुँदछ भन्ने उनको भनाइ पाइन्छ।[17] *दशरूपक*का रचयिता आचार्य धनञ्जयलाई प्रत्यक्ष रसवादी आचार्य मानिन्छ। *दशरूपक*मा रसको स्वरूप, काव्य र रसको सम्बन्ध साथै रसको उपभेदहरूको चर्चा पाइन्छ। यस ग्रन्थमा शान्त रस र नाटकमा यसको प्रयोगबारे पनि विस्तृत चर्चा पाइन्छ।[18] आचार्य आनन्दवर्द्धन र क्षेमेन्द्रलाई परोक्ष रसवादी आचार्य मानिन्छ। यी दुवैजना आचार्यहरूले रसभन्दा भिन्न ध्वनि र औचित्य सिद्धान्तको प्रतिपादन गरेका छन्, यद्यपि रसप्रति उनीहरूको विशेष आकर्षण रहेको देखिन्छ। डा नगेन्द्रअनुसार ध्वनि र औचित्य सिद्धान्तको वास्तविक अर्थ क्रमशः रसध्वनि र रसौचित्य नै हो।[19]

आचार्य भोजराजको मतानुसार दोषबाट मुक्त, गुणले युक्त, अलङ्कारले अलङ्कृत अनि रसले परिपुष्ट काव्य नै उत्कृष्ट रचना हो।[20] त्यसैले उनलाई रसवादी र रस विरोधी आचार्यहरूमध्ये समन्वयवादी आचार्य मानिन्छ। परम्पराभन्दा भिन्न आफ्नो स्वतन्त्र वक्रोक्ति सिद्धान्त लिएर आचार्य कुन्तक देखा पर्दछन्। उनले *वक्रोक्तिजीवितम्*मा काव्यको आत्मा वक्रोक्तिलाई मान्दै यसको प्रमुख आधार रसलाई मानेको छन्।[21]

### (ग) ध्वनि उत्तरकाल

ध्वनि उत्तरकालमा विशेषतः ध्वनि सिद्धान्त र रस सिद्धान्तको विकास भएको पाइन्छ। एकातिर ध्वनिवादी मम्मट, हेमचन्द्र, विद्याधर प्रभृति आचार्यहरू देखा पर्दछन् जसले काव्यमा ध्वनिसँगै रसको महत्त्वलाई स्विकारेको देखिन्छ भने अर्कातिर रसवादी विश्वनाथ, भानुदत्त, रूपगोस्वामी प्रभृति आचार्यहरू देखा पर्दछन् जसले रसलाई नै काव्यमा प्रमुख स्थान दिएको पाइन्छ। यी पछिल्ला आचार्यहरूले रस सिद्धान्तका विकासमा उल्लेखनीय योगदान दिएका छन्।

---

[17] उही, पृ ४०
[18] उही, पृ ४१
[19] उही, पृ ४३
[20] उही, पृ ४६
[21] उही, पृ ४७

समालोचक केशवप्रसाद उपाध्यायले रसको इतिहासलाई निम्न प्रकारले विभाजन गरेका छन्[22]-

(क) अज्ञात कालदेखि भरतसम्मको युग- यस युगमा नाटकमा रसको आवश्यकता प्रतिपादन गरिएको पाइन्छ।

(ख) भामहको समयदेखि भट्टलोल्लटपूर्व युग (६००-८००)- यस युगमा काव्यमा अलङ्कारले सर्वोच्च स्थान पाएको देखिन्छ, यद्यपि यस युगमा रस नाटकका क्षेत्रमा मात्र सिमित नरही काव्यका सबै विधामा आवश्यक मानियो।

(ग) भट्टलोल्लटदेखि आनन्दवर्द्धनपूर्व युग (८००-९००)- यस युगदेखि भरतको रससूत्रको व्याख्या थालियो।

(घ) आनन्दवर्द्धनदेखि अभिनव गुप्तसम्मको युग (९००-१०००)- यस युगमा रसनिष्पत्तिप्रक्रियाको प्रतिपादन साथै काव्यमा रसले सर्वोच्च स्थान प्राप्त गरेको देखिन्छ।

(ङ) अभिनव गुप्त उपरान्त जगन्नाथसम्मको युग (११००-१७००)- यस युगमा रसलाई अविजेय सम्मान प्राप्त भएको देखिन्छ।

भरतमुनिबाट आरम्भ भएको रस सिद्धान्तलाई उत्तरवर्ती आचार्यहरूले व्याख्या-विश्लेषण गर्दै विकसित गराएका छन्। रस सिद्धान्तका विकासमा भट्टलोल्लट, शङ्कुक, भट्टनायक, अभिनव गुप्त आदि आचार्यहरूका युगलाई स्वर्ण युग मानिन्छ। यी आचार्यहरूले भरतमुनिको रससूत्रलाई लिएर विशद् व्याख्या गरेको पाइन्छ। अभिनव गुप्तले *अभिनवभारती*मा भरतमुनिद्वारा स्थापित रस सिद्धान्तलाई सशक्त र स्पष्ट पारेका छन् भने आनन्दवर्द्धन, विश्वनाथ, जगन्नाथ, रूपगोस्वामी आदि आचार्यहरूले पनि रस सिद्धान्तको विकासमा ठुलो योगदान पुऱ्याएको देखिन्छ। आचार्य विश्वनाथले रसतत्त्व नै काव्यको मुख्य लक्ष्य वा आत्मा हो भन्ने धारणा व्यक्त गरेका छन्।[23]

## २.३ रसको स्वरूप

भरतमुनिले नै *नाट्यशास्त्र*मा पहिलोपल्ट रसको स्वरूप प्रतिपादन गरेका छन्। आचार्य भरतमुनिअनुसार तेल, मसला, नुन आदि विभिन्न पदार्थहरूद्वारा तयार पारिएको व्यञ्जनबाट स्वादिलो रस प्राप्त भएजस्तै

[22] केशवप्रसाद उपाध्याय, सन् २०१०, उही, पृ २०

[23] उही, पृ २१

विविध भावहरूका समावेशले काव्यमा रस प्राप्त हुँदछ।[24]

"नानाद्रव्यैर्बहुविधैर्व्यजनं भाव्यते यथा। एवं भावा भावयन्ति रसानभिनयैः सह।"[25]

जसरी विभिन्न व्यञ्जनले युक्त भोजन स्वादिलो हुँदछ र यसको ग्रहण गर्ने व्यक्तिले आनन्द प्राप्त गर्दछ, त्यसरी नै विभाव, अनुभाव र व्यभिचारी भावको संयोगले सहृदयको अन्तस्करणमा अवस्थित स्थायी भाव जागृत भएर प्रेक्षकले आनन्द प्राप्त गर्दछ।

आचार्य विश्वनाथअनुसार- "रस सत्त्वगुणको उद्रेकद्वारा अखण्ड रूपमा स्वयम्-प्रकाश्य हुन्छ, आनन्दमय हुन्छ, चैतन्यमय हुन्छ, यो विषयान्तरको ज्ञानको स्पर्शदेखि रहित हुन्छ अथवा यो ब्रह्मको आस्वादनको सहोदर हो।"[26] विश्वनाथको यस कथनबाट रसको शब्दिक व्याख्या सम्भव हुँदैन भन्ने कुरा स्पष्ट हुन्छ । रस अमूर्त र अनिर्वचनीय भएकै कारण यसलाई अनुभवको विषय नभएर अनुभूतिको विषय मानिन्छ।

## २.४ रस निष्पत्ति

रसको विवेचना रस निष्पत्तिबाट आरम्भ भएको देखिन्छ। यस सिद्धान्तका प्रणेता भरतमुनिले रसको स्वरूपभन्दा धेर रस निष्पत्ति प्रक्रियाको व्याख्या गरेका छन्। भरतमुनिद्वारा प्रतिपादित रस सूत्र यस्तो छ-

"विभावानुभावव्यविचारिसंयोगाद्रसनिष्पत्तिः"

अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोग हुँदा रसको निष्पत्ति हुँदछ। भरतमुनिका उत्तरवर्ती आचार्यहरूमा भट्टलोल्लट, शङ्कुक, भट्टनायक र अभिनव गुप्त आदिले भरतद्वारा प्रतिपादित सूत्रकै आधारमा रस निष्पत्ति प्रक्रियाको चर्चा गरेका छन्।

**भट्टलोल्लटको उत्पत्तिवाद-** भट्टलोल्लटलाई भरतमुनिको रससूत्रको पहिलो व्याख्याकार मानिन्छ। हालसम्म भट्टलोल्लटको कुनै पनि ग्रन्थ उपलब्ध नभएका हुनाले रससम्बन्धी उनको मत अभिनव

---

[24] उही, पृ २५
[25] बाबूलाल मीना, सन् २०१७, उही, पृ ३७
[26] केशवप्रसाद उपाध्याय, सन् २०१०, उही, पृ २३

गुप्तद्वारा लिखित *अभिनवभारती* र *ध्वन्यालोकलोचन*मा पाइन्छ। यस अतिरिक्त आचार्य मम्मटले आफ्नो ग्रन्थ *काव्यप्रकाश*मा पनि रससम्बन्धी भट्टलोल्लटको मत उद्धृत गरेका छन्।[27]

भट्टलोल्लटले 'संयोग'-को अर्थ सम्बन्ध र 'निष्पत्ति'-को अर्थ उत्पत्ति मानेका छन्। उनी विभावको स्थायी भावसँग उत्पाद्य-उत्पादक सम्बन्ध, अनुभवको स्थायी भावसँग अनुमेय-अनुमापक सम्बन्ध र व्यभिचारी भावको स्थायी भावसँग पोष्य-पोषक सम्बन्ध हुन्छ भन्ने मान्दछन्। यसलाई निम्न रूपमा देखाउन सकिन्छ-

(क) विभाव र स्थायी भाव- उत्पाद्य-उत्पादक सम्बन्धद्वारा रसको उत्पत्ति।

(ख) अनुभाव र स्थायी भाव- अनुमेय-अनुमापक सम्बन्धद्वारा रस प्रतीति।

(ग) व्यभिचारी भाव र स्थायी भाव- पोष्य-पोषक सम्बन्धद्वारा रसको पुष्टि। उनको मतानुसार जसको अभिनय गरिँदैछ त्यही अभिनेय (रामादि) पात्रमा रस उत्पत्ति हुन्छ। यसैले रस निष्पत्तिसम्बन्धी उनको मतलाई उत्पत्तिवाद भनिन्छ।

आचार्य भट्टलोल्लटको रस निष्पत्तिसम्बन्धी विचार भ्रमको सिद्धान्तमा आधारित देखिन्छ। जसरी डोरीमा सर्पको भ्रम उत्पन्न हुनाले सर्पका अभावमा पनि सर्पका प्रतीतिले भय स्थायी भावको उत्पत्ति हुन्छ, त्यसरी नै राम आदिको अभिनय गर्ने नटका अभिनयलाई देखेर तिनमा राम आदिको भाव आरोपण हुनाले प्रेक्षकमा रसको उत्पत्ति, प्रतीति र पुष्टि हुँदछ। यस सिद्धान्तलाई आरोपवाद पनि भनिएको पाइन्छ।

**शङ्कुकको अनुमितिवाद -** आचार्य शङ्कुकलाई भरतमुनिको रससूत्रको दोस्रो व्याख्याकार मानिन्छ। शङ्कुकको कुनै ग्रन्थ उपलब्ध नभए तापनि रससम्बन्धी उनको मत *अभिनवभारती, ध्वन्यालोकलोचन* र *काव्यप्रकाश*मा पाइन्छ।[28]

शङ्कुकले 'निष्पत्ति'-को अर्थ अनुमिति मानेका छन्। उनी विभावादिको स्थायी भावसँग अनुमेय-अनुमापक सम्बन्ध हुन्छ भन्ने मान्दछन्। उनका विचारमा रस उत्पत्तिको विषय नभएर अनुमान वा अनुमितिको विषय हो। त्यसैले रस निष्पत्तिसम्बन्धी उनको मतलाई अनुमितिवाद भनिन्छ।

---

[27] ईश्वरकुमार श्रेष्ठ, सन् २०१०, *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,* ललितपुरः साझा प्रकाशन, पृ ९९

[28] डा नगेन्द्र, सन् २०१६, उही, पृ १५०

शङ्कुकको मान्यतानुसार जसरी धुँवा देखेर आगोको अनुमान हुँदछ त्यसै गरी नटद्वारा राम आदि (मूल पात्र) तथा तिनका अनुकरण गर्दा रसको अनुमान हुँदछ। नटद्वारा मञ्चमा गरिएको अभिनय कृत्रिम भए तापनि अभिनयकर्ताका अभिनय कौशलले गर्दा त्यो वास्तविक प्रतीत हुँदछ। नटले रोचक एवम् प्रभावकारी ढङ्गले अभिनय गर्छ र यसबाट प्रेक्षकले आनन्दानुभव गर्छ। जसरी चित्रमा बनाइएको घोडा वास्तविक नभए तापनि चित्रकारको कुशलताले गर्दा त्यो वास्तविक लाग्दछ त्यसै गरी नट (अभिनयकर्ता) राम आदि (मूल पात्र) नभए तापनि अभिनयकौशलले गर्दा वास्तविक राम नै प्रतीत हुँदछ। प्रेक्षकले नटद्वारा गरिएको वास्तविक राम आदिका अभिनयलाई सत्य मानेर आनन्दानुभव गर्दछ र यही आनन्दानुभव वा भावास्वादनलाई नै रस भनिन्छ।

आचार्य शङ्कुकले ज्ञानका चार स्तर देखाएका छन्- सम्यक् ज्ञान (रामलाई राम यही हो भन्नु), मिथ्या ज्ञान (श्यामलाई राम हो भन्नु), संशयात्मक ज्ञान (राम हो कि श्याम हो, सन्देह युक्त), सादृश्य (ऊ राम जस्तै छ भन्नु)। उनका विचारमा रसानुभव यी चारै ज्ञानभन्दा भिन्न हुन्छ। प्रेक्षक नटलाई राम नै हो भन्ने अनुमान गर्दछ। शङ्कुक यस्तो ज्ञान वा अनुमान वास्तविक नभएर भ्रम मात्र हो भन्ने मान्दछन् र चित्रतुरगादिन्यायको दृष्टान्त प्रस्तुत गर्दछन्।

शङ्कुकको रस निष्पत्तिसम्बन्धी अनुमितिवादमा दोषहरू पनि पाइन्छ। ती निम्न प्रकार छन्-

(क) यसमा वास्तविक राममा नै स्थायी भाव (रति) रहन्छ भनिएको छ। यस्तो स्थितिमा जसले रामलाई पूज्य मान्दछ उसले राम र सीताबीचको रतिभावलाई स्वयम् अनुभव गर्न सक्दैन।

(ख) यसमा स्थायी भाव र रस वास्तविक राममा अवस्थित रहन्छ भनिएको छ र यो तर्क पनि असङ्गत लाग्दछ। यदि वास्तविक राम अनि नटमा मात्र रस अवस्थित रहेमा प्रेक्षकले कसरी आनन्दानुभव गर्न सक्छ? रस अनुभवको विषय नभएर अनुभुतिको विषय हो।

(ग) यसमा रस निष्पत्ति प्रक्रियाका निम्ति अभिनयलाई मूल आधारमा मानिएको छ। नटको अभिनयकौशलले नै रसानुभव हुन्छ भनिएको छ। यदि अभिनय अकुशल भएमा रसानुभव कसरी हुन सक्छ? यो तर्क पनि असङ्गत लाग्छ।

**भट्टनायकको भुक्तिवाद -** भट्टनायकलाई भरतमुनिको रससूत्रका तेस्रो व्याख्याकार मानिन्छ। *हृदय दर्पण* उनको एउटा मौलिक ग्रन्थ भएको उल्लेख कतिपय समालोचकहरूले गरेको पाइन्छ।[29] अभिनव गुप्तले *अभिनवभारती* र *ध्वन्यालोकलोचन*मा रससम्बन्धी उनका मतलाई विस्तारसँग विवेचन गरेको पाइन्छ।[30] यसैका आधारमा भट्टनायकका रस निष्पत्तिसम्बन्धीको अवधाराणा स्पष्ट हुँदछ।

भट्टनायकको मतानुसार रस निष्पत्ति न त अनुकार्य राम आदिमा हुन्छ न त अनुकर्ता नटमा हुन्छ। उनका विचारमा वास्तविक रसानुभुति सामाजिक वा प्रेक्षकमा हुन्छ। उनले 'संयोग'-को अर्थ विभावादिको स्थायी भावसँग 'भोज्य-भोजक' सम्बन्ध र 'निष्पत्ति'-को अर्थ 'भुक्ति' बताएका छन्।

आचार्य भट्टनायकले रस निष्पत्तिका लागि अभिधा व्यापारका अतिरिक्त भावकत्व र भोजकत्व अन्य दुईवटा व्यापार मानेका छन्। वास्तवमा अभिधा शब्दले सोझो र सामान्य अर्थ बुझाउँदछ। भावकत्व व्यापारले शब्दार्थलाई अनुसन्धान वा परिष्कार गरेर प्रेक्षकलाई रसास्वादनमा योग्य बनाउँछ। पात्रहरूका भावलाई आफ्नो मानेर मनमा खेलाउने अन्तरक्रिया नै भावकत्व व्यापार हो।[31] उनले तटस्थ भावले रस निष्पत्ति हुँदैन भनेका छन् अर्थात् रस राम आदि वास्तविक पात्रमा अथवा नटमा अवस्थित हुन्छ भन्ने अनुमितिवादको विरोध गरेका छन्। नटले रामको हुबहु अनुकरण गर्न सम्भव भए पनि नटमा अवस्थित रस प्रेक्षकका लागि केवल अनुभवबाट सम्भव हुँदैन। उनले अनुकार्य (राम आदि)-मा रसको उत्पत्ति हुन्छ भन्ने उत्पत्तिवादको पनि विरोध गरेका छन्। वास्तविक राम आदिमा रसको उत्पत्ति हुँदैमा प्रेक्षकले आनन्दानुभव वा रसानुभव गर्न सक्दैन भन्ने उनको भनाइ रहेको पाइन्छ।

भट्टनायकको भुक्तिवादी मान्यता निकै महत्त्वपूर्ण रहे तापनि कतिपय समालोचकहरूले यसको आलोचना पनि गरेको पाइन्छ। ध्वनि वा व्यञ्जनावादीहरूले भावकत्व र भोजकत्व नामक दुई व्यापार अप्रामाणिक र दोषपूर्ण रहेको छ भन्ने मत प्रकट गरेको पाइन्छ।[32]

**अभिनव गुप्तको अभिव्यक्तिवाद-** अभिनव गुप्तलाई भरतमुनिको रससूत्रको चौथो र अन्तिम व्याख्याकार मानिन्छ। उनले पूर्ववर्ती आचार्यहरूका मतको खण्डन नगरी परीक्षण गर्दै त्यसलाई संशोधन

[29] ईश्वरकुमार श्रेष्ठ, सन् २०१०, उही, पृ १०३
[30] डा नगेन्द्र, सन् २०१६, उही, पृ १६१
[31] केशवप्रसाद उपाध्याय, सन् २०१०, उही, पृ ४२
[32] उही, पृ ४४

गरी आफ्नो मत राखेका छन्। रस निष्पत्तिसम्बन्धी उनको विचार *अभिनवभारती* र *ध्वन्यालोकलोचन* दुवै ग्रन्थमा पाइन्छ।

आचार्य अभिनव गुप्तका विचारमा रस उत्पत्ति, अनुमान र भुक्तिको विषय नभएर अभिव्यक्तिको विषय हो। यस वादअनुसार संयोगको अर्थ विभावादिको स्थायी भावसँग व्यङ्ग्य-व्यञ्जक सम्बन्ध हुन्छ र निष्पत्तिको अर्थ अभिव्यक्ति हुन्छ। भट्टनायकले झैँ अभिनव गुप्तले पनि रस निष्पत्ति प्रेक्षकमा हुन्छ भनेका छन्। अभिनव गुप्तका मतलाई प्रकाश पार्दै समालोचक केशवप्रसाद उपाध्याय लेख्छन्- "भावक स्वतन्त्र वा विशिष्ट व्यक्ति हो तर उसमा कसैको कुनै पनि भावलाई साधारणीकरण गरेर आत्मीय तुल्याउने विशिष्ट क्षमता हुन्छ। यसै क्षमताले गर्दा ऊ समस्त पाठक-दर्शकको प्रतीक वा प्रतिनिधि बन्छ। उसको रसानुभूति र रसास्वादन सबैको साझा सम्पत्ति बन्दछ।"[33] साधारणीकरण प्रक्रियाको चर्चा भट्टनायकले नै गरेका हुन् तर अभिनव गुप्तले यो भावकत्व व्यापारद्वारा नभएर व्यञ्जनावृत्तिद्वारा सम्पन्न हुन्छ भनेका छन्। अभिनव गुप्त रस निष्पत्तिका लागि अन्य कुनै नौला व्यापारको आवश्यक्ता मान्दैनन्। व्यञ्जनाशक्तिद्वारा नै रस व्यक्त हुन्छ भन्ने मतले उनी आनन्दवर्द्धनको ध्वनिवादी मान्यताबाट प्रभावित रहेको देखिन्छन्।

**साधारणीकरण-** भट्टनायकले सर्वप्रथम साधारणीकरण सिद्धान्तको प्रतिपादन गरेका हुन्। उनले भरतमुनिको रससूत्रको व्याख्या गर्ने क्रममा यस सिद्धान्त अघि सारेका हुन्। उनीपछिका आचार्यहरूले पनि साधारणीकरण सिद्धान्तबारे आफ्ना आफ्ना मान्यता राखेका छन्। विशेषतः साधारणीकरणबारे भट्टनायक र अभिनव गुप्तको दृष्टिकोण महत्त्वपूर्ण मानिन्छ।

विशिष्टलाई सामान्य बनाउनु साधारणीकरण हो। कुनै व्यक्तिविशेषसँग भएको भावलाई सार्वजनिक बनाउनु अथवा देश, काल र व्यक्तिसितको आफ्नो सिमित र विशिष्ट सम्बन्धलाई त्यागी सार्वभौम, सार्वकालिक र सार्वजनीन रूप ग्रहण गर्नु नै साधारणीकरण हो। आचार्य भट्टनायकले साधारणीकरणलाई अर्थ्याउँदै भनेका छन्- "साधारणीकरण भनेको सीता आदि विशेषको कामिनी आदि

[33] उही, पृ ४६

सामान्यमा रूपान्तरण हो।"[34] भट्टनायकले सबै भावहरू (विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भाव)-को साधारणीकरण हुन्छ भनेका छन्।

रामायणमा हनुमानद्वारा गरिएको समुद्र लङ्घन लौकिक परिस्थितिमा सामान्य मानिसका लागि असम्भव रहे तापनि यो दृश्य देखेर प्रेक्षक उत्साहित हुन्छन्। यही स्थिति नै साधारणीकरणको स्थिति हो। हनुमानको अलौकिक कार्य देखेर प्रेक्षक आफैलाई हनुमान सरह बलवान् सम्झिन पुग्दछ। यही पात्र र प्रेक्षक बिचको अभेद स्थितिलाई नै साधारणीकरण मानिन्छ। समालोचक हेमाङ्गराज अधिकारी लेख्छन्- "साहित्य पढ्दा वा नाटक हेर्दा पात्रहरूका सुखमा सुखी हुने र दुःखमा दुःखी हुने प्रक्रिया साधारणीकरण हो।"[35] रसास्वादनका लागि साधारणीकरण प्रक्रियाको महत्त्व बताउँदै समालोचक केशवप्रसाद उपाध्याय लेख्छन्- "निश्चित देश-कालसित सम्बन्धित व्यक्ति विशेषको भाव निर्वैयक्तिक भएर सार्वजनिक नबनेसम्म भावकको हुन नसक्ने र यसो नभएसम्म त्यो रसरूपमा परिणत हुन नसक्ने हुँदा रस निष्पत्तिमा जुन समस्या थियो साधारणीकरणबाट त्यसको समुचित समाधान प्राप्त भएकाले रसवादका लागि साधारणीकरणप्रक्रिया अत्यन्त-अत्यन्त महत्त्वपूर्ण रहेको छ।"[36] वास्तवमा जब प्रेक्षक हृदयले आफ्नो छुट्टै अस्तित्वलाई बिर्सन्छ, आफ्नो व्यक्तिगत भावनालाई त्याग्दछ र सम्पूर्ण मानवजातिको सुख-दुःखमा लीन हुँदछ तब साधारणीकरणको स्थितिमा पुग्दछ।

### २.५ रस सामग्री

मानिसले आफ्नो जीवनमा अनुकूल र प्रतिकूल दुवै थरी परिस्थितिको अनुभव गर्दछन्। काव्य वा नाटकमा लौकिक अनुभवहरूलाई नै अभिव्यक्त गरिन्छ तर यी लौकिक अनुभवहरू काव्य वा नाटकमा अभिव्यक्त हुँदा अलौकिक वा काल्पनिक हुन पुग्दछन्। काव्य वा नाटकका यी अनुभावहरू लौकिक जीवनको सुखात्मक र दुखात्मक स्तरभन्दा माथि उठेर आनन्दमय रस रूपमा परिणत हुन्छन्।

आचार्य मम्मट भन्छन्- "लौकिक जीवनमा रति, शोक, क्रोध आदि चित्तवृत्तिहरूको प्रकाशनका लागि जुन माध्यमको आश्रय लिइन्छ ती कारण, कार्य र सहकारी कहलाउँछन्; तिनै कारण, कार्य र सहकारीहरूलाई श्रव्य र दृश्य काव्यमा प्रस्तुत गर्दा तिनको नाम क्रमशः विभाव, अनुभाव र सञ्चारी

[34] उही, पृ ५५
[35] हेमाङ्गराज अधिकारी, सन् २०१०, *पूर्वीय समालोचना-सिद्धान्त,* ललितपुरः साझा प्रकाशन, पृ ३३
[36] केशवप्रसाद उपाध्याय, सन् २०१०, उही, पृ ५६

(व्यभिचारी) भाव हुन जान्छ। तिनै विभाव आदिबाट अभिव्यक्त हुने स्थायी भाव रस कहलाउँछन्।"[37] रससँग सम्बन्धित चारवटा भावहरूको परिचय निम्न प्रकार छन्-

**विभाव**- लौकिक जीवनमा नर-नारीमा रहने रति (प्रेम) क्रोध, घृणा, भय, उत्साह आदि चित्तवृत्तिहरूलाई प्रस्फुटित पार्नमा कारण बन्ने व्यक्तित्व र परिवेशलाई काव्यमा विभाव भनिन्छ। यसले दर्शक वा प्रेक्षकको अन्तस्करणमा वा संस्कार रूपमा अवस्थित चित्तवृत्तिलाई प्रफुटित पारेर आस्वादनयोग्य बनाउँदछ। विभावको परिचय दिँदै आचार्य विश्वनाथ भन्छन्- "जसले सामाजिक (दर्शक-पाठक)-का मनमा अवस्थित रति (प्रेम), शोक आदि भावहरूको आस्वादनरूपी अङ्कुरलाई उमार्ने काम गर्दछ त्यसलाई विभाव भनिन्छ।"[38] विभाव आलम्बन र उद्दीपन गरी दुई प्रकारका छन्-

**आलम्बन विभाव**- काव्यमा वर्णित जुन पात्रका कारण प्रेक्षकका अन्तस्करणमा वासना वा संस्कारका रूपमा अवस्थित स्थायी भाव रस रूपमा व्यक्त हुन्छ त्यसलाई आलम्बन विभाव भनिन्छ। विश्वनाथले आलम्बन विभावलाई यसरी परिभाषित गरेका छन्- "नायक आदि आलम्बन हुन्। किनभने तिनीहरूकै आश्रय लिएर रसको उत्पत्ति हुन्छ।"[39] आलम्बन विभाव पनि विषय आलम्बन र आश्रय आलम्बन गरी दुई प्रकारका छन्-

- विषय आलम्बन- जुन पात्रलाई देखेर स्थायी भाव जागृत हुन्छ त्यसलाई विषय आलम्बन भनिन्छ।
- आश्रय आलम्बन- जुन पात्रमा स्थायी भाव जागृत हुन्छ त्यसलाई आश्रय आलम्बन भनिन्छ।

**उद्दीपन विभाव**- काव्यमा वर्णित चन्द्रमा, नदीतट, बन-जङ्गल, पर्वत, बगैँचा आदिका साथै देश, काल र वातावरण अनि आलम्बनका रूप, गुण आदि नै उद्दीपन विभाव हुन्। आचार्य विश्वनाथअनुसार रसलाई आस्वादनीय रूपमा उद्दीप्त पार्ने तत्त्वलाई उद्दीपन विभाव भनिन्छ।

**अनुभव**- अङ्ग, विक्षेप, सत्त्वद्वारा सम्पादन गरिने विविध अर्थका सहायताले प्रेक्षकका मनमा अभिनयको अनुभावन गराउने तत्त्व नै अनुभव हो। विभावका कारण उत्पन्न भावलाई बाह्य रूपमा प्रकाशित गर्ने कार्यरूप चेष्टालाई नै अनुभव भनिन्छ। विश्वनाथको मतानुसार "जसले वास्तविक जीवनमा

[37] उही, पृ २७
[38] उही, पृ २८
[39] उही, पृ २९

सीता आदि र चन्द्र आदि आ-आफ्ना आलम्बन र उद्दीपनका कारणहरूद्वारा राम आदिका मनमा जागेको रति आदि स्थायी भावहरूलाई प्रकाशमा ल्याएर कार्यको संज्ञा पाउँछन् ती नै काव्य र नाटकमा अनुभव कहलाइन्छन्।"[40] अनुभव मूलतः चार प्रकारका छन्-

- वाचिक- बोलीद्वारा प्रकट गरिने।
- आङ्गिक- अङ्गहरूद्वारा प्रकट गरिने।
- आहार्य- भेषभूषाद्वारा प्रकट गरिने।
- सात्विक- मानसिक संवेगको बोध गराउने। सात्विक भाव आठ प्रकार बताइएको पाइन्छ। ती हुन्- स्तम्भ, स्वेद, रोमाञ्च, स्वरभङ्ग, कम्पन, विवर्णता, अश्रु र प्रलय।

**व्यभिचारी भाव-** अस्थायी स्वभाव भएको भावलाई व्यभिचारी भाव भनिन्छ। सहृदयको मनमा क्षण क्षणमा उदाउने र क्षण क्षणमा अस्ताउने अस्थिर किसिमको भावलाई नै व्यभिचारी भाव भनिन्छ। व्यभिचारी भावबारे विश्वनाथको भन्छन्- "स्थिर रूपले रहने रति आदि स्थायी भावमा कहिले प्रकट र कहिले अप्रकट हुने अनि सदैव चलायमान रहने हुनाले निर्वेद आदिलाई व्यभिचारी भाव भनिन्छ।"[41] रसशास्त्रीहरूले व्यभिचारी भावका तेत्तिस प्रकार बताएका छन्। ती हुन्- निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, विबोध, स्वप्न, अपस्मार, गर्व, मरण, आलस्य, अमर्ष, निद्रा, अवहित्था, उत्सुकता, उन्माद, शङ्खा, स्मृति, मति, व्याधि, सन्त्रास, लज्जा, हर्ष,असूया, विषाद, धृति, चपलता, ग्लानि, चिन्ता र वितर्क।

**स्थायी भाव-** स्थायी भाव अखण्डित हुन्छ। यो आन्तरिक भाव हो। यसको निर्माण गरिँदैन, यो प्रकृति प्रदत्त एवम् प्राकृतिक हुन्छ। प्रकृति प्रदत्त भए पनि यसको विकास सामाजिक रूपमा हुन्छ। बालक जस्तो समाजमा हुर्कन्छ उसले त्यस्तै संस्कार पाउँदछ। स्थायी भाव बालकको उत्पत्तिदेखि लिएर मृत्युपर्यन्त रहन्छ। भरतमुनिले स्थायी भावलाई यसरी चिनाएका छन्- "जसरी नरहरूका बिच नरेश र शिष्यहरूका बिच गुरु श्रेष्ट हुन्छन् उसै गरी सम्पूर्ण भावहरूको बिच स्थायी भाव श्रेष्ठ हुन्छ।"[42] स्थायी भाव नै रस रूपमा

[40] उही, पृ २९
[41] उही, पृ ३०
[42] उही, पृ ३१

परिणत हुनाले रसको सङ्ख्या जति हुन्छ स्थायी भावको पनि उत्ति नै सङ्ख्या हुन्छ। स्थायी भाव बहुमान्य रूपमा नौवटा छन्। स्थायी भाव र रसलाई निम्न तालिकामा देखाइन्छ-

| **स्थायी भाव** | **रस** |
|---|---|
| रति | शृङ्गार |
| हास | हास्य |
| शोक | करुण |
| क्रोध | रौद्र |
| उत्साह | वीर |
| भय | भयानक |
| जुगुप्सा (घृणा) | बीभत्स |
| विस्मय (आश्चर्य) | अद्भुत |
| निर्वेद (शम) | शान्त |

तालिका- ३

### २.६ रस सङ्ख्या

रस सिद्धान्तका जनक आचार्य भरतमुनिले रसको सङ्ख्या आठवटा मानेका छन्। उनले *नाट्यशास्त्र*मा शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स र अद्भुत गरी आठ प्रकारका रसको चर्चा गरेका छन्। भरतमुनिभन्दा अघि नै स्वयम् ब्रह्मा अथवा आचार्य द्रुहिणले यी आठ प्रकारका रसको सङ्ख्या निर्धारण गरिसकेको समालोचक डा नगेन्द्र मान्दछन्।[43] भरतमुनिपछि आचार्य दण्डीले पनि *काव्यादर्श*मा आठ रसलाई नै स्वीकार गरेका छन्। उद्भटले भने *काव्यालंकारसंग्रह*मा शान्त रस समावेश गर्दै नौवटा रसको चर्चा गरेको पाइन्छ।[44] शान्त रससँगै नौ रसको चर्चा गर्ने पहिलो आचार्य उद्भटलाई मानिन्छ।

आचार्य धनञ्जयले शान्त रसको प्रयोग नाटकमा नभएर केवल काव्यमा हुन सक्ने बताएका छन् भने यसका विपरीत अभिनव गुप्तले शान्त रसलाई नाटक र काव्य दुवैमा प्रतिष्ठान गरेका छन्।[45] आचार्य

[43] डा नगेन्द्र, सन् २०१६, उही, पृ २३७
[44] उही, पृ २३८
[45] उही, पृ २३९

भोजराजले *शृङ्गारप्रकाश*मा नौ रसका अतिरिक्त प्रेयान्, उदात्त र उद्धत रसको स्पष्ट चर्चा गरेको पाइन्छ। विश्वनाथले नौ रसका अतिरिक्त वात्सल्य रसको वर्णन गरेका छन्। पण्डितराज जगन्नाथले परम्पराको समर्थन गर्दै नौ रसका प्रतिष्ठान गरेका छन्।[46] अतः बहुमान्य रूपमा नौ रसलाई नै मान्यता दिइएको पाइन्छ। यी नौ रसको परिचय निम्नप्रकार छन्-

**शृङ्गार-** आचार्यहरूले नौवटा रसमध्ये शृङ्गार रसलाई अत्याधिक महत्त्व दिँदै रसराज मानेका छन्। शृङ्गार रसको प्रधानता भएको रचनामा नारी-पुरुषबिचको भौतिक-आध्यात्मिक, शारीरिक मानसिक प्रेम सम्बन्ध एवम् नैसर्गिक कामेच्छाको प्राप्ति-अप्राप्ति आदिको अभिव्यक्ति पाइन्छ। दर्शक वा पाठकको अन्तर्मनमा वासना वा संस्कारका रूपमा सुषुप्त अवस्थामा रहेको रति स्थायीभावलाई ब्युँझाएर सहृदयलाई अलौकिक आनन्द प्रदान गर्ने रचनालाई शृङ्गार रस प्रधान रचना मानिन्छ। शृङ्गार रसको स्थायी भाव रति हो। आचार्य भरतमुनिले सम्भोग र विप्रलम्भ गरी शृङ्गार रसका दुईवटा भेद देखाएका छन्-

- सम्भोग शृङ्गार- यसमा नायक-नायिकाको संयोगात्मक प्रेमको वर्णन हुन्छ। संयोग शृङ्गार प्रेम दर्शन, स्पर्श, आलिङ्गन, चुम्बन आदि अनेक प्रकारका हुन्छन्। यसैले यसको वर्गीकरण सम्भव छैन र यसलाई एकै प्रकारको मानिन्छ।
- विप्रलम्भ- यसमा नायक-नायिकाको वियोगात्मक प्रेमको वर्णन हुन्छ। विप्रलम्भ शृङगारका पूर्वराग, मान, प्रवास र करुण गरी चार भेद छन्।

**हास्य-** अनौठो र विकृत आकार भएका चिजहरूले वा अनौठो चरित्रका वर्णनहरूले मनमा एक किसिमको हाँसो भाव उत्पन्न हुन्छ, यही भाव साहित्यमा हास्य रसमा परिणत हुँदछ।[47] अस्वाभाविक वा अनौठो लाग्ने हास्यास्पद व्यक्ति वा वस्तु यस रसको आलम्बन हुँदछ भने त्यस्तो पात्रको अनौठो वा विकृत अनुहार, चेष्टा, वाणी, पहिरन, हावभाव आदि उद्दीपन हुँदछ। दाँत ङिच्चाउनु, हात-मुख चम्काउनु, आँखा खुम्च्याउनु आदि यसको अनुभाव र निद्रा, आलस्य आदि व्यभिचारी भाव हुँदछ। हास्य रसको स्थायी भाव हाँसो हो। भरतमुनिले हास्य रसको दुई प्रकार देखाएका छन्। ती हुन्-

- आत्मस्थ - जहाँ पात्र स्वयम् हाँस्दछ त्यसलाई आत्मस्थ भनिन्छ।

[46] उही, पृ २४३
[47] हेमाङ्ग राज अधिकारी, सन् २०१०, उही, पृ ३८

- परस्थ - जहाँ पात्रले अन्यलाई हसाउँदछ त्यसलाई परस्थ भनिन्छ।

**करुण**- प्रियजनसितको वियोग र तिनको विपत्ति, मरण देखेर वा सुनेर अथवा प्रिय वस्तुको वियोग वा विपत्ति देखेर वा सुनेर मनमा उत्पन्न हुने व्याकुलता वा शोक नै साहित्यमा करुण रसमा परिणत हुन्छ। करुण रस इष्टको नाश र अनिष्टको प्राप्तिबाट उत्पन्न हुँदछ। भरतमुनिले करुण रसका तिनवटा भेद देखाएका छन्। ती हुन्-

- धर्मोपघातक - धर्महानीबाट उत्पन्न करुण रसलाई धर्मोपघातक भनिन्छ।
- अर्थोपचयोद्भव - अर्थहानीबाट उत्पन्न करुण रसलाई अर्थोपचयोद्भव भनिन्छ।
- शोककृत - प्रियजनको वियोग वा मृत्युबाट उत्पन्न करुण रसलाई शोककृत भनिन्छ।

**रौद्र-** गुरुजन वा आत्मीयजनको अपमान, शत्रुहरूका आफूप्रति अपमानजनक एवम् अपराधपूर्ण क्रियाकलाप आदि अनिष्ट कार्य भएमा रौद्र रसको अभिव्यक्ति हुँदछ। अपराधी व्यक्ति यसको विषयालम्बन हुँदछ भने प्रतिशोध लिने व्यक्ति यसको आश्रयालम्बन हुँदछ। अपराधी व्यक्तिद्वारा गरिएको अनिष्ट कार्य, अपमान, हस्तक्षेप आदि यसको उद्दीपन हुँदछ। अनुहार रातो हुनु, पाखुरा सुर्कनु, आँखा रातो हुनु, गर्जनु आदिबाट यसको अनुभाव र गर्व, उन्माद, व्याधि, उग्रता आदि व्यभिचारी भाव हुँदछ। रौद्र रसको स्थायी भाव क्रोध हो। भरतमुनिले रोद्र रसका आङ्गिक वा क्रियात्मक, वेषात्मक र वचनात्मक गरी तिनवटा भेद देखाएका छन्।

**वीर-** शत्रुको हाँकलाई सामना गर्न अथवा कसैलाई दान दिएर कृतज्ञ तुल्याउनका निम्ति मनमा आउने उत्साह नै वीर रसमा परिणत हुँदछ। वीर रसबारे समालोचक केशवप्रसाद उपाध्याय लेख्छन्- "शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन इच्छा मनमा जाग्दछ त्यसैबाट वीर रसको उत्पत्ति हुन्छ।"[48] वीर रसको स्थायी भाव उत्साह हो। भरतमुनिले वीर रसको तिनवटा भेद देखाएका छन्- दानवीर, धर्मवीर, युद्धवीर। *साहित्य प्रदीप*मा चार प्रकारका वीर बताइएको पाइन्छ। ती हुन्- धर्मवीर, दयावीर, दानवीर, युद्धवीर। विशेषतः युद्धवीरको नै साहित्यिक महत्त्व बढी देखिन्छ। युद्धवीरको आलम्बन शत्रु हुँदछ भने शत्रुको पराक्रम वा क्रियाकलाप उद्दीपन हुँदछ। सजक भएर बस्नु आदि यस रसको अनुभव र स्मृति, गर्व आदि व्यभिचारी भाव हुँदछ।

[48] उही, पृ ६०

**भयानक-** कुनै डरलाग्दो चीज, जघन्य अपराध, भीषण युद्ध आदि देख्दा वा त्यसको कल्पना गर्दा मनमा एक किसिमको भय उत्पन्न हुँदछ र यही भय नै भयानक रसमा परिणत हुँदछ। समालोचक केशवप्रसाद उपाध्याय लेख्छन्- "भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा जुन भयात्मक भाव उत्पन्न हुँदछ, त्यसबाट भयानक रसको अभिव्यक्ति हुन्छ।"[49] भयानक व्यक्ति वा विषय यसको विषयालम्बन हुँदछ भने भयभीत हुने व्यक्ति आश्रयालम्बन हुँदछ। डरलाग्दो पात्र वा वस्तुको क्रियाकलाप, चेष्टा आदि यसको उद्दीपन हुँदछ। चिच्याउनु, रुनु, कहालिनु, काम्नु, आँखा फैलाउनु आदि यसको अनुभाव र आवेग, दैन्य, सन्त्रास, चिन्ता आदि व्यभिचारी भाव हुँदछ। भयानकको स्थायी भाव भय हो।

**बीभत्स-** घृणित वस्तु वा व्यक्तिलाई देखेर मनमा घृणा उत्पन्न हुँदछ र यही घृणा नै बीभत्स रसमा परिणत हुँदछ। बीभत्स रसको आलम्बन घृणास्पद वस्तु, पात्र आदि हुँदछ भने घृणास्पद वस्तु, पात्र आदिको विकृत रूपरङ्ग, दुर्गन्ध आदि उद्दीपन हुँदछ। नाक थुन्नु, नाक खुम्च्याउनु आदि यसको अनुभाव हुँदछ र ग्लानि, व्याधि आदि व्यभिचारी भाव हुँदछ। बीभत्स रसको स्थायी भाव घृणा वा जुगुप्सा हो।

**अद्भुत-** विचित्र वस्तु, व्यक्ति, घटना वा दृश्य देखेर मनमा उत्पन्न हुने विस्मयात्मक चित्तवृत्तिलाई नै अद्भुत रस भनिन्छ। अर्को शब्दमा भन्दा कुनै चमत्कारपूर्ण एवम् असामान्य किसिमका पात्र, वस्तु, दृश्य आदि देख्दा वा त्यस्ता घटनाबारे सुन्दा अथवा पढ्दा मनमा उत्पन्न हुने विस्मय नै अद्भुत रसमा परिणत हुँदछ। विस्मयजनक, अलौकिक वा विचित्र किसिमका वस्तु, पात्र आदि यसको आलम्बन हुँदछ भने विस्मयजनक वस्तु, पात्र आदिको विचित्र रूपरङ्ग आदि उद्दीपन हुँदछ। वाल्ल पर्नु, जिब्रो टोक्नु, आँखा फैलाउनु आदि यसको अनुभाव र हर्ष, शङ्का, आवेग, स्वप्न आदि व्यभिचारी भाव हुँदछ। अद्भुत रसको स्थायी भाव विस्मय वा आश्चर्य हो।

**शान्त रस-** भरतमनिले *नाट्यशास्त्र*मा शान्त रसलाई छोडेर केवल आठवटा रसको चर्चा पाइन्छ। *अभिनवभारती*को दोस्रो संस्करणका सम्पादक रामस्वामी शास्त्रीअनुसार शान्त रसको स्थापना सर्वप्रथम उद्भटले *काव्यालङ्कारसङ्ग्रह* नामक ग्रन्थमा गरेका हुन्।[50] *दशरूपक*का रचयिता धनञ्जयलाई शान्त रसको प्रबल विरोधी आचार्य मानिन्छ। उनले अभिनयप्रधान नाटकमा शान्त रस हुँदैन[51] भन्ने मत प्रकट

---

[49] उही, पृ ६१

[50] आचार्य विश्वेश्वर (व्याख्याकार), सन् २०२१, *काव्य प्रकाश,* वाराणसीः ज्ञानमण्डल लिमिटेड, पृ ११६

[51] उही, पृ ११६

गरेका छन्। अभिनव गुप्त र आनन्दवर्द्धनलाई शान्त रसको प्रबल समर्थक मानिन्छ। *अभिनवभारती*मा लगभग सय पृष्ठमा शान्त रसको चर्चा पाइन्छ भने *ध्वन्यालोक*मा *महाभारत*मा पाइने मुख्य रस नै शान्त रस हो[52] भनिएको पाइन्छ।

जुन काव्य वा रचनाले प्रेक्षकको मनमा निर्वेदको अनुभूति गराउँदछ त्यहीँ शान्त रसको उत्पत्ति हुँदछ। समालोचक केशवप्रसाद उपाध्याय लेख्छन्- "संसारको अनित्यता र निःसारताका बोधबाट उत्पन्न हुने वैराग्यात्मक चित्तवृत्ति शान्त रस हो।"[53] जब मानिसले वैराग्य धारण गरेर भगवान्को वास्तविक रूपको ज्ञान प्राप्त गर्दछ तब उसका मनमा आउने शान्तिलाई नै शान्त रस भनिन्छ। संसारप्रति वैराग्य भाव उत्पन्न भएको पात्र यसको आलम्बन हुँदछ भने तीर्थ यात्रा, देवदर्शण, सत्सङ्ग आदि उद्दीपन हुँदछ। विरक्तिनु, स्थिर चित्त बनाउनु आदि यसको अनुभाव हुँदछ र स्मृति, निद्रा, मरण आदि व्यभिचारी भाव हुँदछ। शान्त रसको स्थायी भाव निर्वेद हो।

नौ रसका अतिरिक्त कतिपय आचार्यहरूले अन्य रसहरूको पनि चर्चा गरेको पाइन्छ। रूपगोस्वामीकृत *भक्तिरसामृतसिन्धु*मा भक्ति रसको प्रतिपादन विस्तारपूर्वक गरिएको पाइन्छ।[54] यस ग्रन्थमा भगवान् वा देवताप्रतिको प्रेम, रति वा अनुरागलाई भक्ति रस मानिएको छ। भक्ति रसमा राम, कृष्ण आदि देवपात्रहरूलाई आलम्बन विभाव बनाइएको पाइन्छ भने भक्तहरूका समागम, तीर्थ यात्रा, नदी वा पवित्र स्थल आदिलाई उद्दीपन विभावका रूपमा चित्रण गरिएको पाइन्छ। भगवान्को नाम तथा लीला-क्रीडा देखेर लीन हुनु, स्तुति गर्नु, आँसु झार्नु, कहिले हाँस्नु र कहिल् नाच्नु आदि यसका अनुभाव तथा ईर्ष्या, वितर्क, मति आदि व्यभिचारी भाव मानिन्छ।

*साहित्यदर्पणकार* विश्वनाथले वात्सल्य नामक रसको स्थापना गरेको पाइन्छ।[55] वात्सल्य रसको आलम्बन पुत्र, बालक आदि हुँदछ भने बालकको तोते बाली, बाल क्रीडा आदि उद्दीपन हुँदछ। आलिङ्गन, चुम्बन आदि यसको अनुभाव हुँदछ र हर्ष, गर्व, मोह, चिन्ता आदि व्यभिचारी भाव हुँदछ। यति हुँदाहुँदै पनि बहुमान्य रूपमा रस सङ्ख्या नौवटा नै पाइन्छ। यसर्थ यस लघु शोध प्रबन्धमा नौ रसकै आधारमा भानुभक्तीय रामायणको अध्ययन गरिएको छ।

---

[52] उही, पृ ११८

[53] केशवप्रसाद उपाध्याय, सन् २०१०, उही, पृ ६२

[54] आचार्य विश्वेश्वर (सम्पा), सन् २०२१, उही, पृ ११८

[55] उही, पृ ११९

## २.७ करुण रसको आस्वाद

काव्य वा साहित्य संसारको नियमितताबाट मुक्त रहेर चमत्कारपूर्ण हुँदछ। लौकिक कार्य-कारण सम्बन्ध यसका निम्ति अनिवार्य हुँदैन। मानिस दुःखबाट दुःखी हुने र सुखबाट सुखी हुने लौकिक नियम हो तर काव्य वा साहित्यमा कविको अलौकिक प्रतिभा तथा अनुभूतिद्वारा दुःखबाट पनि सुख वा आनन्दकै अनुभव हुँदछ। रस आनन्दमय हुँदछ भनिन्छ तर करुण रसको प्रतीतिले कसरी आनन्दानुभव हुँदछ भन्ने प्रश्नको उत्तरमा भन्न सकिन्छ- काव्य वा साहित्यका सन्दर्भमा कविको अलौकिक प्रतिभा तथा अनुभूतिद्वारा करुण रस वा शोक स्थायी भावबाट पनि आनन्दानुभूति प्राप्त गर्न सकिन्छ। काव्य वा साहित्यमा वर्णित पात्रको शोक व्यक्तिगत नरहेर साधारणीकृत हुँदछ। भानुभक्तीय रामायणमा राम बनबास जानेबेलाको प्रसङ्ग करुणाजन्य रहेको पाइन्छ, यद्यपि पाठक, भावक, श्रोता, दर्शक सबै यस वर्णनलाई घरि घरि पढ्न, हेर्न र सुन्न रुचाउँछन्। यसर्थ भन्न सकिन्छ काव्य वा साहित्यमा दुःखान्त एवम् वियोगको वर्णनले दुःख मात्र सिर्जना नगरेर आनन्दानुभूति गराउँदछ। फलतः आनन्दानुभूति लौकिक नभएर अलौकिक हुँदछ भन्न सकिन्छ।

## २.८ अङ्गी रस

काव्य वा साहित्यमा विभिन्न रसको समावेश पाइन्छ तीमध्ये कुनै एउटा रस अङ्गी रसका रूपमा अवश्य पाइन्छ। काव्यमा वर्णित विभिन्न रसहरूमध्ये जुन रस प्रधान हुन्छ त्यही रसलाई अङ्गी रस भनिन्छ। कुनै पनि काव्यमा आद्योपान्त स्थायी रूपमा रहने रसलाई अङ्गी रस भनिन्छ।

## २.९ रसाभास

रसाभासको स्थिति त्यहाँ मानिन्छ जहाँ वास्तविक रसको अनुभूति नभएर त्यसको आभास मात्र हुँदछ। आलम्बन विभावको अनुचित वर्णन भएमा अर्थात् गुरुपत्नी, मान्य नारीजन अथवा अनेक नायकप्रति नायिकाको प्रेम देखाइएमा शृङ्गार रसको आभास हुँदछ। यसरी नै गुरु, पिता आदि मान्यजनप्रति क्रोध देखाइएमा रौद्र रसको आभास अनि अधम प्रवृत्ति भएका वस्तुको विनासबाट शोक देखाइएमा करुण रसको आभास हुँदछ। रसानुभूतिभन्दा रसाभासको स्वाद फिका हुन्छ।[56] अभिनव गुप्तको भनाइअनुसार औचित्यसँग प्रवृत्त स्थायी भावको आस्वाद रस हो अनि अनौचित्यसँग प्रवृत्त स्थायीदभावको आस्वाद

[56] सोमनाथ शर्मा, सन् २००१, *साहित्य प्रदीप,* काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, पृ १६०

रसाभास हो।[57] जगन्नाथका विचारमा जहाँ आलम्बन विभाव अनुचित हुन्छ त्यहाँ रसको आस्वादन नभएर रसाभास हुँदछ।[58] सोमनाथ शर्मा लेख्छन्- "रस वा भाव नसुहाउँदो गरी अनुचित रूपले वर्णन गरिएमा आभास वा झल्का मात्र दिने भई रसाभास वा भावाभास मानिन्छ।"[59] वास्तवमा प्रसङ्गअनुरूप सुहाउँदो वर्णन नभएमा अथवा जहाँ स्थायी भाव उत्पन्न मात्र भएर स्थिर रहँदैन त्यहाँ रसानुभूति नभएर रसाभास हुँदछ।

## २.१० रसहरूको परस्परमा विरोध

रसहरूको परस्पर विरोध अथवा अविरोधसम्बन्धी भरतमुनिले कहीँ व्याख्या गरेको पाइँदैन। विरोधी रससम्बन्धी प्रत्यक्ष वर्णन नभएर सामान्य उल्लेख आनन्दवर्द्धनकृत *ध्वन्यालोक*मा पाइन्छ।[60] मम्मटले विरोधी रसको विवेचना रस दोषको प्रसङ्गमा गरेको पाइन्छ भने विश्वनाथ र जगन्नाथले पनि यसैको अनुसरण गरेको पाइन्छ। डा नगेन्द्रले विरोधी रससम्बन्धी विश्वनाथ र जगन्नाथको विवेचना नै अधिक विस्तृत एवम् पूर्ण रहेको मानेका छन्।[61] विश्वनाथले रसहरूको परस्पर विरोधलाई निम्न प्रकारले देखाएका छन्-

| | |
|---|---|
| **शृङ्गार** - | करुण, बीभत्स, रौद्र, वीर, अनि भयानक। |
| **हास्य** - | भयानक अनि करुण। |
| **करुण** - | हास्य अनि शृङ्गार। |
| **रौद्र** - | हास्य, शृङ्गार अनि भयानक। |
| **वीर** - | भयानक अनि शान्त। |
| **भयानक** - | शृङ्गार, वीर, रौद्र, हास्य, अनि शान्त। |
| **बीभत्स** - | शृङ्गार। |
| **शान्त** - | वीर, शृङ्गार, रौद्र, हास्य भयानक। |

[57] डा नगेन्द्र, सन् २०१६, उही, पृ ३०५
[58] उही, पृ ३०५
[59] सोमनाथ शर्मा, सन् २००१, उही, पृ १६०
[60] डा नगेन्द्र, सन् २०१६, उही, पृ २७५
[61] उही, पृ २७६

जगन्नाथअनुसार शृङ्गार र बीभत्स, शृङ्गार र करुण, वीर र भयानक, शान्त र रौद्र अनि शान्त र शृङ्गार परस्पर विरोधी रसहरू हुन्।[62]

डा नगेन्द्रले रसहरूको परस्पर विरोधका आधार निम्न प्रकारले देखाएका छन्-

(क) एक आलम्बन भएर नरहने-

भयानक र वीर

वीर र शृङ्गार

हास्य, रौद्र, बीभत्ससँग सम्भोग शृङ्गार

शान्त र शृङ्गार

वीर, करुण, रौद्रसँग विप्रलम्भ शृङ्गार।

(ख) एक आश्रयमा नरहने-

भयानक र वीर।

(ग) नैरन्तर्य-

शान्त र शृङ्गार।

## २.११ निष्कर्ष

संस्कृत साहित्यमा रस सबैभन्दा जेठो साहित्यिक सिद्धान्त हो। भरतमुनिले सर्वप्रथम प्रतिपादन गरेका रस सिद्धान्त संस्कृत साहित्यमा सर्वाधिक चर्चाको विषय बनेको छ। रसको सङ्ख्या अधिकांश आचार्यहरूले नौवटा देखाएका छन्। यसर्थ प्रस्तुत लघु शोध प्रबन्धमा पनि नौवटै रसका आधारमा अध्ययन गरिएको छ।

[62] उही, पृ २७५

# तेस्रो अध्याय

---

# भानुभक्तका काव्यकृतिमा रस प्रयोग

# तेस्रो अध्याय

# भानुभक्तका काव्यकृतिमा रस प्रयोग

## ३.१ भानुभक्त आचार्यको सङ्क्षिप्त परिचय

भानुभक्त आचार्यको जन्म पश्चिम नेपाल, तनहुँ, चुँदी बेसीको रम्घा भन्ने गाउँमा भएको थियो। शोधकर्ताहरूमाझ भानुभक्त आचार्यका जन्ममितिबारे मतभेद रहेको देखिन्छ। भानुभक्तलाई पहिलोपल्ट नेपाली साहित्यमा परिचय गराउने मोतीराम भट्टले उनको जन्म सन् १८१२ मानेका छन्।[63] शम्भुप्रसाद ढुंग्यालले पनि भानुभक्तको जन्म सन् १८१२ मानेका छन्।[64] सूर्यविक्रम ज्ञवाली, बाबुराम आचार्य, राजनारायण प्रधान, कुमार प्रधान, केशवप्रसाद उपाध्याय, गोकुल सिन्हा आदिले भानुभक्तको जन्म सन् १८१४ मानेका छन्। यस लघु शोध प्रबन्धमा भानुभक्त आचार्यको जन्म सन् १८१४ लाई मानिएको छ।

भानुभक्त आचार्य एउटा सम्पन्न ब्राह्मण परिवारमा जन्मेका थिए। उनका पिताको नाम धनञ्जय आचार्य र माताको नाम धर्मवती देवी थियो। उनका पितामह श्रीकृष्ण आचार्य पण्डित थिए। श्रीकृष्ण आचार्यका दुईजना छोरी र छजना छोराहरू थिए। जेठा धनञ्जय आचार्य, माहिला काशीनाथ आचार्य, साहिँला पद्मनाभ आचार्य, काहिँला तुलसी आचार्य, ठाहिँला गङ्गादत्त आचार्य र कान्छा इन्द्रविलास आचार्य थिए। जेठी छोरीको नाम रुद्रप्रिया र कान्छी छोरीको नाम रमा थियो।

भानुभक्त आचार्यका पिता धनञ्जय आचार्य सरकारी जागिर गर्थे र उनी धेरैजसो घरदेखि बाहिर नै बस्थे। यसैले भानुभक्त आचार्यले पितामह श्रीकृष्ण आचार्यबाट शिक्षा लिएका थिए। श्रीकृष्ण आचार्यका संसर्गमा भानुभक्तले बाल्यकालमा नै चण्डी, रुद्री, अमरकोश आदि धार्मिक ग्रन्थहरू पढिसकेका थिए।

भानुभक्तका समयमा नेपालमा राणाहरूको शासन थियो। जङ्गबहादुर राणा र भानुभक्त आचार्य समकालीन थिए। यस सन्दर्भमा समालोचक राजनारायण प्रधान लेख्छन्- "एउटा थिए राष्ट्रका अधिनायक, अर्का थिए राष्ट्रका कवि। अधिनायकले राष्ट्रको धन बटुलेर आफ्नो व्यक्तिगत सम्पत्ति गराई

---

[63] मोतीराम भट्ट, सन् २०११, *कवि भानुभक्तको जीवनचरित्र,* ललितपुरः साझा प्रकाशन, पृ ४

[64] शम्भुप्रसाद ढुंग्याल, सन् १९९२, *आदिकवि भानुभक्ताचार्यको जीवनी-चरित्र,* काठमाडौँ: नीहार प्रकाशन, पृ १३

हिफाजतका निमित्त इनारमा गाडेका थिए। राष्ट्र कविले आफ्नो परिश्रमको फल *रामायण*, *वधूशिक्षा* र *प्रश्नोत्तरमाला* राष्ट्रलाई बाँडेर सर्वत्र फैलिओस् भन्ने कामना राखेका थिए।"[65] भानुभक्त आचार्य बाँचेको समाज राणाहरूका क्रूर शासनले युक्त थियो। राष्ट्रको राजनीतिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, धार्मिक स्थिति अव्यवस्थित हुनका साथै जनता शोषित र पीडित थिए। यस्तो अव्यवस्थित समाजमा हुर्केका भानुभक्त आचार्यले *रामायण, प्रश्नोत्तरमाला* जस्ता रचना दिएर नेपाली समाजलाई शिक्षित र विवेकशील बनाए। उनी दरबारिया कवि थिएनन्। उनले राणाहरूको प्रशंसा गरेर अर्थ प्राप्तिको इच्छा कहिल्यै गरेनन्। उनले गाउँ-घरको साधारण विषयलाई लिएर साहित्य लेखेका छन्। भानुभक्त आचार्य रम्घामा नजन्मेर राजधानीको कोलाहल, भिडभाड अथवा सहरी परिवेशमा जन्मेका भए उनीबाट यस्ता अमर कृतिहरू पाउन गाह्रै पर्थ्यो भन्ने बालचन्द्र शर्माको मान्यता पाइन्छ।[66]

सन् १८५० दखि १८५२ सम्म भानुभक्त आचार्यले सरकारी जागिर खाएका थिए।[67] सन् १८५२ मा सरकारी जागिरबाट निस्किएपछि उनले ग्रामीण जीवन, गृहस्थी जीवन र काव्य लेखनलाई नै आफ्नो कर्म क्षेत्र बनाएको देखिन्छ।

भानुभक्त आचार्यका मृत्यु सालबारे पनि विद्वान्हरूमा मतभेद रहेको देखिन्छ। सन् १८६८ मा भानुभक्त काठमाडौँबाट रम्घा फर्केपछि ज्वरोले गर्दा घरमा नै उनको मृत्यु भएको मोतीराम भट्टको भनाइ पाइन्छ।[68] गोकुल सिन्हाले आफ्नो शोधकार्यमा भानुभक्त आचार्यको मृत्यु सन् १८६८ मा मर्स्याङ्दी नदीको सतीघाटमा भएको मानेका छन्।[69] समालोचक वासुदेव त्रिपाठीले पनि गोकुल सिन्हाकै मतलाई स्वीकार गरको पाइन्छ।[70] बाबुराम आचार्यले *पुराना कवि र कविता*मा भानुभक्तको मृत्यु सन् १८६९ बताएका छन्।[71] कविता लामाले पनि आफ्ना शोधकार्यमा सन् १८६९ लाई भानुभक्तको मृत्यु साल मानेकी छन्।[72]

---

[65] राजनारायण प्रधान, सन् १९७३, *केही कृति केही स्मृति,* दार्जिलिङः श्याम ब्रदर्स, पृ १४

[66] बालचन्द्र शर्मा, सन् १८७४, *आदिकवि भानुभक्त,* काठमाडौँ: रत्नपुस्तक भण्डार, पृ ४३

[67] कविता लामा, सन् २००२, *भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन,* दार्जिलिङः साझा प्रकाशन, पृ ४

[68] मोतीराम भट्ट, सन् २०११, उही, पृ १९

[69] गोकुल सिन्हा, सन् १९९९, *नेपालीमा रामकथा परम्परा र प्रवृत्ति,* नेपाली विभागः उत्तर बङ्ग विश्वविद्यालय, पृ २६८

[70] वासुदेव त्रिपाठी, सन् २०१५, 'आदिकवि भानुभक्त आचार्यको जीवनी र कविताको सहसम्बन्ध तथा उनका कविताकलाको सौन्दर्यपरक मूल्याङ्कन', नरेन्द्रराज प्रसाई र महादेव अवस्थी (सम्पा), *भानु विमर्श,* काठमाडौँ: नइ प्रकाशन, पृ ३६०

[71] बाबुराम आचार्य, सन् २०१२, *पुराना कवि र कविता,* ललितपुरः साझा प्रकाशन, पृ ८९

[72] कविता लामा, सन् २००२, उही, पृ ४

## ३.२ भानुभक्त आचार्यका साहित्यिक कृतिहरूमा प्रयुक्त रस

*नेपालीमा रामकथा परम्परा र प्रवृत्ति* नामक गोकुल सिन्हाको शोधकार्यमा भानुभक्त आचार्यका रचनाहरूलाई निम्न प्रकारले विभाजन गरिएको पाइन्छ- (क) मौलिक र अनूदित, (ख) व्यक्ति वा भावना प्रधान र विषय वा वस्तु प्रधान, (ग) मुक्तक, प्रबन्धकाव्य र महाकाव्य। यस वर्गीकरणअनुसार मौलिक रचनाहरूमा *वधूशिक्षा, भक्तमाला* र फुटकर रचनाहरू पर्दछन् अनि अनूदित रचनाहरूमा *प्रश्नोत्तरमाला* र *रामायण* पर्दछन्। व्यक्ति वा भावना प्रधान रचनाहरूमा उनका फुटकर रचनाहरू पर्दछन्। विषय वा वस्तु प्रधान रचनाहरूमा *वधूशिक्षा, भक्तमाला, प्रश्नोत्तरमाला, रामायण* आदि पर्दछन्। उनका अन्य रचनाहरूलाई मुक्तकअन्तर्गत राखिएको छ। *वधूशिक्षा, भक्तमाला* र *प्रश्नोत्तरमाला* जस्ता ग्रन्थहरूलाई प्रबन्धकाव्यअन्तर्गत राखिएको छ भने *रामायण*लाई महाकाव्यअन्तर्गत राखिएको छ। यस अध्यायमा *रामायण*का अतिरिक्त भानुभक्त आचार्यका अन्य कृतिहरूमा पाइने रसको अध्ययन पनि गरिएको छ।

### ३.२.१ *भक्तमाला*मा प्रयुक्त रस

*भक्तमाला* भानुभक्त आचार्यको मौलिक कृति हो। शिखरिणी छन्दमा रचिएको यस कृतिको रचनाकाल सन् १८५३ हो।[73] भानुभक्त आचार्यले *भक्तमाला*मा आफू सांसारिक माया मोहदेखि मुक्त हुन नसकेर ईश्वरको भक्तिदेखि बञ्चित हुनपरेको गुनासो व्यक्त गरेका छन्। ईश्वरको भक्तिद्वारा नै मुक्ति पाइन्छ तर बाल्यावस्थादेखि यौवनावस्था हुँदै बृद्धावस्थासम्म पुग्दा पनि ईश्वरभक्तिमा मन लगाउन नसक्दा कविले ग्लानि र पश्चाताप अनुभव गरेका कुराहरूको उल्लेख *भक्तमाला*मा पाइन्छ।

उदाहरणार्थ-

*प्रतिज्ञा मैले यो यमसित गऱ्याँ जन्मि अब ता।*
*सिताराम् भजून्या छू विषयहरूमा छाडि ममता॥*
*प्रतिज्ञा सो बिर्सीकन जन धनै खोजी डुलियो।*
*सिताराम भजून्या हो शिव शिव उसै आज भुलियो॥१॥*

(*पुराना कवि र कविता*, 'भक्तमाला', पृ १०८ )

[73] विनेश प्रधान, सन् २०१५, 'कवि भानुभक्त आचार्य र उनको भक्तमालाको विश्लेषण', गोपीचन्द्र प्रधान (सम्पा), *भानुभक्त स्मारक ग्रन्थ,* दार्जिलिङः नेपाली साहित्य सम्मेलन, पृ ३१३

जन्मपछि मृत्यु अवश्यम्भावी छ र यो प्राकृतिक नियम मनुष्य जन्मलाई पनि उत्तिकै लागु हुँदछ। सनातन धर्ममा पूर्वजन्म र पुनर्जन्म दुवैको वर्णन पाइन्छ। चौरासी जुनी बिताएपछि मात्र मनुष्य चोला प्राप्त हुँदछ भनिएको छ। मानिसले आफ्नो जीवनकालमा गरेको कर्मको फल उसले अर्को जन्ममा पाउँछ भन्ने विश्वास छ। यसैले कर्म राम्रो गर्नु पर्छ र मात्र मुक्ति पाइन्छ भन्ने अध्यात्मवादी दर्शन भानुभक्तको यस कृतिमा पाइन्छ। उपर्युक्त श्लोकले पाठकका मनमा रहेको निर्वेद स्थायी भावलाई जागृत गराउँदछ। सीता, राम, शिव र यम विभाव हुन्। लौकिक माया-मोहमा नभुलेर सीता-रामको भजन गर्छु भनेर यमसित गरेको प्रतिज्ञाले चित्तमा अनुभूत हुने भाव नै अनुभाव हो। यद्यपि प्रस्तुत श्लोकमा करुण रसको अनुभूति पनि हुँदछ। यहाँ पाठकका मनमा चिन्ता, व्याधि, आवेग, ग्लानि आदि सञ्चारी भाव उत्पन्न हुँदछ। कविले यस कृतिमा पीडा, निराशा, वियोग र व्यथाका तीक्ष्ण अनुभूतिहरू अभिव्यक्त गरेका छन्।

उदाहरणार्थ-

*न कैल्हे भक्तीले गुरुचरणको ध्यान गरियो।*
*न ठाकुर्को पूजा गरि तुलसिको पत्र धरियो॥१४॥*

(*पुराना कवि र कविता*, 'भक्तमाला', पृ ११२ )

उपर्युक्त श्लोकले पाठकमा शोक स्थायी भाव उत्पन्न गराउँछ। गुरुचरणको ध्यान, ठाकुरको (ईश्वर) पूजा नगर्नाले कवि हृदयमा उत्पन्न भएको वैराग्य भाव साधारणीकृत भएर पाठकका चित्तमा अनुभूत हुने भाव अनुभाव हो। प्रस्तुत श्लोकबाट पाठकका मनमा उत्पन्न हुने चिन्ता, व्याधि, आवेग आदि सञ्चारी भाव हुन्। यस श्लोकमा प्रयुक्त शिखरिणी छन्दले प्रेक्षकको हृदयमा वैराग्य भाव जागृत गराउनमा अझ टेवा दिएको अगमसिंह गिरी मान्दछन्।[74]

उदाहरणार्थ-

*भजौंला भन्दैमा कति कति बित्यो जन्म जनको।*
*मरौंला भन्नाको अझ पनि विचार् छैन मनको॥१०॥*

(*पुराना कवि र कविता*, 'भक्तमाला', पृ १११ )

[74] अगमसिंह गिरी, सन् १९६८, 'भक्तमाला', इन्द्रबहादुर राई (सम्पा), *भानुभक्तका कृति,* दार्जिलिङः नेपाली साहित्य परिषद्, पृ ८७

मृत्यु शाश्वत छ भन्ने अपरिहार्य सत्य जान्दा जान्दै पनि मानिस लौकिक जीवनमा माया, मोह, लोभ आदिमा फसेपछि मरिन्छ भन्ने कटु यथार्थलाई बिर्सन्छ। उपर्युक्त श्लोकले पाठकमा आश्चार्य अनुभव गराउँछ। मृत्यु अकाट्य सत्य हो, महात्माहरूले जन्म र मृत्युका विषयमा ज्ञान बाँडिरहन्छन् तापनि मनुष्यले जन्म-मृत्युको अनिश्चित निश्चिततालाई आफ्नो जीवनकालमा स्मरण गर्दैनन्। उक्त विरोधाभास युक्त श्लोकले पाठकको अन्तस्करणमा अवस्थित आश्चार्य स्थायी भावलाई जागृत गराइ अद्भुत रस आभास गराउँछ।

नेपाल र भारतको सांस्कृतिक सम्बन्ध प्राचीनकालदेखि नै सुदृढ रहिआएको पाइन्छ त्यसैले राम, कृष्ण, बुद्ध आदि महात्माहरूले वास गरेका भूमिका रूपमा नेपाल-भारतलाईलाई पुण्य भूमि भनेर मानिन्छ। फलतः जीवनका अन्तिम क्षणमा नेपालबाट धेरै मानिसहरू काशी वास गर्ने उद्देश्यले आउँथे। देवता र महात्माहरूले वास गरेका पुण्य स्थल भारतवर्षमा जन्मनु अत्यन्तै दुर्लभ छ भन्ने धार्मिक भावना *भक्तमाला*मा पाइन्छ।

उदाहरणार्थ-

*बडो दुर्लभ् जानोस् भरतभुमिको जन्म जनले*
*सहज् मिल्छन् ठाकुर हरि भजि लिया शुद्ध मनले।।५।।*

(*पुराना कवि र कविता*, 'भक्तमाला', पृ ११०)

प्रस्तुत उद्धरणमा शान्त रसको प्रतीति हुँदछ। ईश्वरको दर्शन पाउनका लागि मन शुद्ध हुन आवश्यक हुँदछ। उक्त कवितांशको पठनले पाठकको निर्वेद स्थायी भावलाई पगाल्दछ।

चौधौँ शताब्दीमा रूपगोस्वामीले *भक्तिरसामृतसिन्धु*मा भक्ति रसको प्रतिपादन गरेका हुन्। भक्ति रस र शान्त रस दुवैको स्थायी भाव निर्वेद हुँदछ। यसर्थ भक्ति रसलाई पनि शान्त रसमा नै समावेश गरिएको पाइन्छ। *भक्तमाला*मा आद्योपान्त ईश्वर भक्तिको वर्णन गरिएको देखिन्छ। मूलतः शान्त वा भक्तिरस अङ्गी रसका रूपमा रहेको पाइन्छ। यस सन्दर्भमा अगमसिंह गिरी लेख्छन्- "भक्तमाला वैराग्य-रसले परिपूर्ण भक्तिवादको रचना हो। यसमा आद्योपान्त भक्तिरसको बाहुल्य र प्राधान्य छ।"[75] *भक्तमाला*मा स्थायी रूपमा शान्त रस रहे तापनि कतिपय ठाउँमा करुण र अद्भुत रस पनि रहेको अनुभूत

[75] उही, पृ ८७

हुँदछ। *भक्तमाला*मा *रामायण*को प्रभाव र प्रेरणा अधिकांश पदमा पाइन्छ भन्ने अगमसिंह गिरीको भनाइ छ। भानुभक्तले धार्मिक काव्य *रामायण*को रचनामा आफ्नो जीवनका अधिकांश भाग खर्चिएका हुनाले शृङ्गार र सौन्दर्यभन्दा ईश्वर-चिन्तन र भक्ति-भाव नै उनका रचनाहरूमा बढी मात्रमा पाइन्छ।[76]

### ३.२.२ *प्रश्नोत्तरमाला*मा प्रयुक्त रस

*प्रश्नोत्तरमाला* भानुभक्त आचार्यको अनूदित कृति हो। यस ग्रन्थ शंकराचार्यद्वारा रचित *मणिरत्नमाला*को भाषानुवाद हो। यस कृतिको रचनाकाल सन् १८५३ मानिएको छ।[77] प्रश्नोत्तर शैलीमा लखिएको यस कृतिमा के वर्ज्य अथवा त्याज्य छ अनि के ग्राह्य छ भन्ने उपदेश पाइन्छ। उनको यो कृति पनि *भक्तमाला* झैँ भक्ति रसपूर्ण रहेको पाइन्छ।

गुरु-शिष्यमाझको प्रश्नोत्तरी शैलीमा लेखिएको यस कृतिमा मूलतः शान्त रसको अनुभूति हुँदछ।

उदाहरणार्थ-

*कुन् सुन्न बेस् हुन्छ भनेर मान्नु?*
*वेदान्तका बात् गुरुदेखि सुन्नु॥*
*कुन् ब्रह्म जान्नाकन हेतु मान्नु?*
*सत्संग वेदान्त विचार जान्नु॥१५॥*

(*पुराना कवि र कविता*, 'प्रश्नोत्तरमाला', पृ १०१)

उपर्युक्त श्लोकमा गुरु, ब्रह्म आलम्बन विभाव हुन् भने वेदान्तका कुरा तथा सत्संग उद्दीपन विभाव हुन्। आलम्बन र उद्दीपनको संयोगबाट पाठकमा निर्वेद, गर्व, स्मुति आदि अस्थायी रूपमा उत्पन्न हुने सञ्चारी भाव हुन्। यी उपकरणहरूका संयोगबाट पाठकमा दमित अवस्थामा रहेको निर्वेद स्थायी भाव जागृत हुँदछ र पाठकले आनन्दानुभूति गर्दछ, यही आनन्दानुभूतिलाई शान्त रस मानिन्छ। वेदान्त अनि ज्ञानका कुराहरूले शान्तसँगै यहाँ अद्भुत रसको पनि आभास गराएको बोध हुँदछ।

[76] उही, पृ ८४
[77] कविता लामा, सन् २००२, उही, पृ १२

उदाहरणार्थ-

*कुन् काम हो मन् दिइ गर्नुपर्न्या?*

*श्री विष्णुको भक्ति छ दुख हर्न्या।।*

*कुन् आद्मि हो यस् नरमा जियाको?*

*निर्दोष भै मन् हरिमा दियाको।।१७।।*

(*पुराना कवि र कविता*, 'प्रश्नोत्तरमाला', पृ १०१)

प्रस्तुत श्लोकमा विष्णु, हरि आलम्बन विभाव हुन् भने विष्णु भक्ति, हरि कीर्तन उद्दीपन विभाव हुन्। यहाँ आलम्बन र उद्दीपनको संयोगबाट हुने विशिष्ट भाव नै शान्त रस हो।

*प्रश्नोत्तरीमाला*मा स्थायी रूपमा शान्त रस रहे तापनि एकाध स्थल (जस्तै श्लोक १९)-मा वीर रसको उत्पत्ति भएको पाइन्छ। यस कृतिमा कविले धर्मवीर र दानवीर दुवै गुणले विभूषित एकजना आदर्श मानिसको कल्पना गरेका छन्। भानुभक्तले *रामायण* लेखिसके पछि *प्रश्नोत्तरमाला* लेखेका हुन्। यसैले *प्रशेनोत्तरमाला*मा कविले पुरुषोत्तम राम झैँ सर्वगुणले विभूषित चरित्रको अपेक्षा गरेको देखिन्छ।

उदाहरणार्थ-

*सारा जगत् जित्छ अवश्य कस्ले?*

*अभ्यास गरी मन्कन जित्छ जस्ले।।*

*कस्ता बली वीर्कन वीर् कहन्छन्?*

*कंदर्प जस्का वशमा रहन्छन्।।१९।।*

(*पुराना कवि र कविता*, 'प्रश्नोत्तरमाला', पृ १०२)

*कुन् दान् ठहर्छ अति मुख्य यहाँ गर्‍याको?*

*जुन् दान् छ पात्रहरुका मुखमा पर्‍याको।।२०।।*

(*पुराना कवि र कविता*, 'प्रश्नोत्तरमाला', पृ १०२)

उक्त श्लोकमा जसले मनलाई एकाग्र गर्न सक्दछ, उसैले संसारलाई जित्न सक्दछ भनिएको छ। महात्माहरूले योग, तपस्याद्वारा आफ्ना मनलाई वशमा राख्दछन् भन्ने भनाइ यहाँ उत्तिकै उपयुक्त

देखिन्छ। मनरूपी आत्मालाई शस्त्र-अस्त्रले नाश गर्न सक्दैन, जो अजर, अमर र अविनाशी छ, जसको गतिलाई नाप्न असम्भव छ भन्ने सन्तहरूको भनाइअनुसार मनलाई एकाग्र गर्न सके मात्र तत्त्वज्ञान प्राप्त गर्न सकिन्छ। भानुभक्तअनुसार जसले मनलाई वंशमा राख्न सक्दछ वास्तवमा वीर उसैलाई भनिन्छ। जसले आवश्यक परेका मानिसलाई दान गर्दछ भानुभक्त उसैलाई दानवीर मान्दछन्। वास्तवमा दानको महत्त्व त्यति बेला रहन्छ जति बेला गरिएको दानले कसैको आपूर्ति गर्न सक्छ। यहाँ पाठकमा गर्व, मद, हर्ष आदि व्यभिचारी भाव उत्पन्न हुँदछ। यसरी यस श्लोकमा वीर रसको अनुभूति हुँदछ।

*प्रश्नोत्तरामाला*मा अङ्गी रसका रूपमा शान्त रस पाइन्छ। यसमा मोक्षको मैदानमा चुनौतीपूर्ण दौड लगाउने उत्प्रेरणा, निर्देश र हाँक परिलक्षित छ।[78] मूलतः यस संसारमा जन्म लिएपछि मुक्तिका लागि मानिसले गर्नु पर्ने कर्महरूको विवरण पनि पाइन्छ।

### ३.२.३ *वधूशिक्षा*मा प्रयुक्त रस

*वधूशिक्षा* भानुभक्त आचार्यको मौलिक कृति हो। यस कृतिको रचनाकाल सन् १८६२ हो भने सन् १८९१ मा मोतीराम भट्टले प्रकाशमा ल्याएका हुन्।[79] कविले यस कृतिमा पतिव्रता धर्म पालन गर्ने एकजना आदर्शवादी बुहारीको कल्पना गरेका छन्। यस कृतिले एकातिर नीतिपरक, उपदेशात्मक र प्रगतिशील विचारधारा अपनाएको छ भने अर्कोतिर रूढिवादी र पितृसत्तात्मक समाजलाई देखाएको छ।

उदाहरणार्थ-

*प्रातः कालमहाँ उठेर पहिले ध्यान् ईश्वरैको गरुन्।*
*यो ईश्वर् पति हुन् भनेर पछि त्यो भक्ती पतीमा धरुन्।।*
*भक्तिले पति ईश्वरै भनि बुझुन् पाऊ-तलैमा परुन्।*
*पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरुन्।।१।।*

(*पुराना कवि र कविता*, 'वधूशिक्षा', पृ ९२ )

यहाँ पत्नीका लागि पति ईश्वर हो र पतिको सेवा गर्नु नै ईश्वरको सेवा गर्नु हो भनिएको छ। तारापतिको घरमा पाहुना भएर बस्दा त्यहाँको घर झगडा देखेर त्यसको निवारणका लागि उपदेशस्वरूप लेखिएको

---

[78] पुष्प शर्मा, सन् २०१५, 'भारतमा भानुभक्तीय कृतिहरूको अध्ययन परम्परा र प्रभाव' नरेन्द्रराज प्रसाई र महादेव अवस्थी (सम्पा), *भानु विमर्श,* काठमाडौँ: नइ प्रकाशन, पृ २१५

[79] रजनी ढकाल, सन् २०१५, *वधूशिक्षा विश्लेषण र मूल्याङ्कन,* काठमाडौँ: नइ प्रकाशन, पृ ६२

यस रचनामा पुरुषप्रधान समाजको प्रतिबिम्ब पाइन्छ। यद्यपि परिवारमा शान्ति सन्तुलन कायम राख्नका निम्ति पत्नीको कस्तो भूमिका हुनुपर्छ भन्ने उपदेश *वधूशिक्षा*मा पाइन्छ। *वधूशिक्षा विश्लेषण र मूल्याङ्कन*मा रजनी ढकाल लेख्छिन्- "*वधूशिक्षा*मा कवि भानुभक्त आचार्यले छोरीबुहारीहरूले नैतिक आदर्शअनुरूप व्यवहार गरुन् भन्ने अपेक्षा गरेका छन्। हिन्दूवादी समाजको मूल्यमान्यताको अनुसरण गर्ने नारीले वरण गर्नुपर्ने नैतिकतालाई काव्यमा व्यक्त गरिएको छ।"[80]

उपर्युक्त श्लोकमा ईश्वर र पतिलाई समान रूपमा राखिएको छ। यसर्थ यहाँ पति आलम्बन विभाव हुन्। ईश्वर, प्रातः काल उठेर ईश्वरको ध्यान गर्नु, पतिलाई ईश्वर मान्नु, पतिको पाउमा पर्नु आदि उद्दीपन विभाव हुन्। पति भक्ति नै ईश्वर भक्ति हो भन्ने ज्ञानबाट प्रेक्षक वा पाठकमा बोध हुने भावको बाह्य प्रकाशन नै अनुभाव हो। यस श्लोकबाट प्रेक्षकका हृदयमा मद, गर्व, निर्वेद, वितर्क आदि सञ्चारी भाव उत्पन्न हुँदछ। यी उपकरणहरूका संयोगबाट प्रेक्षकमा निर्वेद स्थायी भाव जागृत भई शान्त रसको अनुभूति हुँदछ।

भानुभक्त बाँचेका कालखण्डलाई हेर्दा *वधूशिक्षा*को विषय-वस्तु समय सान्दर्भिक नै लाग्छ। यो कृति तत्कालीन समाजको संरचना र सामाजिक व्यवस्थाअनुरूप रहेको देखिन्छ। त्यस समय नारीले पढ्न पाउने वातावरण थिएन, पुरुषहरू पनि भारत आएर पढ्ने गर्दथे। भानुभक्तले पनि काशीमा बसी संस्कृत व्याकरण, साहित्य, ज्योतिष, गणित, दर्शनशास्त्र आदिको अध्ययन गरेका थिए।[81] *वधूशिक्षा*मा तत्कालीन नारीहरूले बाँचेको समाज र त्यसको प्रतिबिम्ब झल्किएको पाइन्छ। यद्यपि वर्तमान परिप्रेक्ष्यमा हेर्दा यस कृतिले रूढिवादी समाज र पुरुषसत्तालाई देखाएको छ। उत्तराधुनिक युगका नारीवादी पाठक *वधूशिक्षा*को आलोचना गर्छन् तर दुई शताब्दी अघि नेपाली समाजमा नारीको अवस्थालाई निरीक्षण गर्दा उक्त कृति समय सान्दर्भिक नै रहेको बुझिन्छ। यसैले *वधुशिक्षा*को रचना भएको समयलाई ध्यानमा राखेर अध्ययन गर्दा यसमा शान्त रसको अनुभूति हुँदछ। तत्कालीन समाजको यथार्थ चित्रणलाई हेर्दा नारी समुदायको वास्तविकता यसरी झल्किएको पाइन्छ-

*साँचो बोल्नु नबोल्नु बात कहिल्यै झूटो भन्याको रति।*
*आखिर् मर्नु छ पाउनू छ उति फल् याहाँ गऱ्याको जति॥*

[80] उही, पृ ११०
[81] कविता लामा, सन् २००२, उही, पृ २

*यस्तो ज्ञान् मनमा लिईकन रहुन् सासू ससूरा पति।*

*जे भन्छन् उहि गर्नु छैन अरु ता संसार तर्न्या गति।।१७।।*

(*पुराना कवि र कविता*, 'वधूशिक्षा', पृ ९५)

उपर्युक्त श्लोकमा सासू, ससुरा, पति आलम्बन विभाव हुन्। सासू, ससुरा र पतिको सेवा गर्नाले नै मुक्ति पाइन्छ। नारी जातिले आफ्ना मान्यजन तथा सासू, ससुरा र पतिसँग असत्य बोल्नु हुँदैन भन्ने भावले पाठकलाई अझ उद्दीप्त पार्दछ र यी उद्दीपन विभाव हुन्। आलम्बन र उद्दीपनको संयोगबाट पाठकमा निष्पन्न निर्वेद स्थायी भाव नै शान्त रसका रूपमा आस्वाद्य हुँदछ।

सनातन धर्ममा पितृकार्य अथवा श्राद्धमा बुहारीको महत्त्वपूर्ण भूमिका रहन्छ। बुहारीले ब्राह्मणका निम्ति सिधा तयार पार्छन्, खाना बनाउछन्। बुहारीले नै पितृका निम्ति पायस (पिण्ड) पकाउँछन्। बुहारीमा पितृलाई मुक्ति दिने सामर्थ्य हुन्छ भन्ने कुरामा कवि विश्वास गर्छन्।

उदाहरणार्थ-

*स्त्री धर्म पतिव्रता अति ठूलो जो गर्दछन् भक्तिले*

*आफ्ना कुल् सब तारी पितृहरूको कुल् तार्छन् शक्तिले।।३३।।*

(*पुराना कवि र कविता*, 'वधूशिक्षा', पृ ९८)

*हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन्* जस्ता *वधूशिक्षा*मा वर्णित श्लोकलाई नारीवादी चिन्तनका आधारमा हेर्दा पुरुषवादी काव्य भनेर आलोचना गर्न सकिन्छ र प्रत्यक्ष रूपमा पितृसत्ताको प्रभाव रहेको ठान्न सकिन्छ। यद्यपि *वधूशिक्षा*मा नारीको महत्त्व र शक्ति पनि उत्तिकै प्रस्ट रूपमा देखाइएको छ। उपर्युक्त श्लोकमा एउटी असल गृहिणीले सदाचार पालन गरे पिता र पतिको वंशलाई पार तार्न सजिलो हुने तत्कालीन धार्मिक वृत्तिले गहिरो प्रभाव पारेको सांस्कृतिक चेतनालाई अभिव्यक्त गरिएको छ। उपर्युक्त उद्धरणमा स्त्री अनि पितृ आलम्बन विभाव हुन् भने धर्म, भक्ति, पतिव्रता आदि उद्दीपन विभाव हुन्। यसर्थ उक्त श्लोकबाट उत्पन्न स्थायी भाव निर्वेद र आस्वाद्य रस शान्त मानिन्छ।

अतिथि देवो भवः अर्थात् घरमा आएका पाहुना देवता सरह हुन् भन्ने कथन लोक जीवनमा प्रचलित रहेको पाइन्छ। यसरी *वधूशिक्षा*मा पाहुनालाई मान-मनितो अर्थात् सत्कार गर्नु पर्ने निर्देश गरिएको पाइन्छ।

उदाहरणार्थ-

*दिनदिन घरमा जो पाहुना बस्न आया*

*तिनकन नखुवाई आफुले क्यै न खाया।।२५।।*

(*पुराना कवि र कविता*, 'वधूशिक्षा', पृ ९६)

विशेषतः *वधूशिक्षा*ले पारिवारिक जीवन व्यवस्थितसँग चलाउनका लागि बुहारीलाई गृहव्यवस्थापनका विविध आदर्श सिकाएको देखिन्छ। यस सन्दर्भमा रजनी ढकालको भनाइ उद्धृत गर्न सकिन्छ- "भानुभक्तकालीन समय र समाजका आम नारीहरू साक्षर थिएनन्। *वधूशिक्षा* सुनाएर घरका छोरी, बुहारी र पत्नीलाई तालिम गर्नू र सोही अनुसार चरित्रनिर्माण गर्न प्रेरित गर्नू भन्ने उपदेशात्मक आदेश भानुभक्तको छ।"[82] यस कृतिमा अङ्गी रसका रूपमा शान्त रस नै पाइन्छ।

### ३.२.४ फुटकर रचनाहरूमा प्रयुक्त रस

भानुभक्त आचार्यका कवि प्रतिभालाई जाँच्न उनका फुटकर रचनाहरूले विशेष सहयोग पुऱ्याउँदछ। रामायण लेखेर मात्र उनी लोकप्रिय बनेका होइनन्। आफ्नो आसुकवित्व प्रतिभाका कारण पनि उनको लोकप्रियता बढेको हो भन्न सकिन्छ। *रोज् रोज् दर्शन पाउँछु, बिन्ती डिट्ठा विचारी*सित जस्ता फुटकर रचनाहरूले कविलाई चर्चित तुल्याएका छन् भन्ने समालोचक ताना शर्माले भनाइ उपयुक्त पाइन्छ।[83] सामान्य रूपले हेर्दा भानुभक्त आचार्यले फुटकर रचनाहरू मूलतः क्षणिक आनन्द र उद्देश्यले सिर्जना गरेको देखिन्छ, यद्यपि उनका फुटकर रचनाहरूमा नेपाली जीवनको यथार्थता प्रतिबिम्बित रहेको पाइन्छ। उनका स्फुट रचनाहरूको वैशिष्ट्यलाई अर्थ्याउँदै समालोचक बालचन्द्र शर्मा लेख्छन्- "भानुभक्तका स्फुट रचनामा जुन भावना, विचार, प्रश्न र आकांक्षा छन्, ती मूलतः हाम्रा पारिवारिक जीवनभन्दा पृथक् छैनन्। निश्चय हो कि न आज गजाधर सोतीकी घर-बुढी छ, न गिरधारी भाट, न हामीहरूमध्ये धेरैलाई कुमारी चोक बुझाउने टंटाले थुनामा पर्नु परेको छ, तथापि त्यसै किसिमका अनेक घरेलु र व्यक्तिगत समस्याको बिच हामीले दुःख, क्लेश, खेद, विस्मय, आह्लाद र विनोदको परिधिभित्र निरन्तर दौडधूप गर्नु परिरहेको छ र यसरी हामी कवि भानुभक्तको साथै छौं, अथवा उनी भित्रै छौं।"[84]

---

[82] रजनी ढकाल, सन् २०१५, उही, पृ १२३

[83] ताना शर्मा, सन् १९७९, *भानुभक्तदेखि तेस्रो आयामसम्म,* काठमाडौँ: साझा प्रकाशन, पृ ८

[84] बालचन्द्र शर्मा, सन् १८७४, उही, पृ ७४

नरा गुरुङको भानुभक्त आचार्यका *स्फुट रचना* शीर्षक लेखको परिशिष्टमा भानुभक्तकृत उनन्तिसवटा फुटकर रचनाहरू राखिएको पाइन्छ भने साझा प्रकाशनबाट प्रकाशित *भानुभक्तको रामायण*को पछिल्लो भागमा उनन्चालिस वटा फुटकर रचनाहरू राखिएको पाइन्छ। यद्यपि उनीहरूले भानुभक्तका फुटकर रचनाहरू सङ्ख्यात्मक रूपमा कतिवटा छन् भनेर निश्चिर गरि भनेका छैनन्। तर गोकुल सिन्हाले आफ्नो शोध अध्ययनमा भानुभक्त आचार्यका फुटकर रचनाहरूको सङ्ख्या उनन्साठी देखाएका छन्।[85] *रामायण, प्रश्नोत्तरीमाला, भक्तमाला*जस्ता लामा कृतिहरूमा शान्त रस स्थायी रूपमा पाइन्छ अनि उनका फुटकर रचनाहरूमा अधिकतर शृङ्गार र हास्य रसको प्रतीति हुँदछ।

भानुभक्त आचार्यका केही फुटकर रचनाहरूमा प्रयुक्त रसको विवेचना यस प्रकार रहेका छन्- भानुभक्तले घाँसीबाट प्रेरणा पाएर कविता लेख्न थाले भन्ने मोतीराम भट्टको मान्यता रहेको पाइन्छ।[86] पहिलोपल्ट भट्टले *कवि भानुभक्तको जीवनचरित्र* पुस्तकमा उद्धृत गरेका दुई श्लोक संरचना स्वरूप यस्तो रहेको छ-

*भर्जन्म घाँसतिर मन्दिइ धन् कमायो*

*नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो*

*घाँसी दरिद्र घरको तर बुद्धी कस्तो*

*मो भानुभक्त धनि भैकन आज यस्तो।*

*मेरा इँनार नत सत्तल पाटि क्यै छन्*

*जे धन् र चीजहरु छन् घरभित्र नै छन्*

*तेस् घाँसिले कसरि आज दियेछ अर्ती*

*धिक्कार हो ! मकन बस्नु नराखि कीर्ति।*[87]

प्रस्तुत श्लोकबाट विशेषतः करुण रसको आभास हुँदछ। आफू धनले सम्पन्न भएर पनि पछिसम्म कीर्ति रहने कुनै कार्य गर्नु नसकेकामा भानुभक्त ग्लानि अनुभव गर्छन्। उपर्युक्त श्लोकमा मूलतः घाँसी विषय आलम्बन हुन् र कवि आश्रय आलम्बन हुन्। घाँसीको दरिद्रपना, घाँसीको अर्ती, कुवा आदि उद्दीपन विभाव हुन्। घाँसीको विचार सुनेर कविले गरेका पश्चात्तापबाट पाठकका मनमा चिन्ता, व्याधि, विषाद

[85] गोकुल सिन्हा, सन् १९९९, उही, पृ २६८

[86] मोतीराम भट्ट, सन् २०११, उही, पृ ७

[87] उही, पृ ७-८

जस्ता सञ्चारी भाव उत्पन्न हुँदछ। यी सबै उपकरणको संयोगबाट साधरणीकृत भई पाठकलाई हुने भावबाट नै करुण रसको आभास हुँदछ। घाँस काटेर जीवन जिउने साधारण घाँसी को दुरदर्शिता देखेर कवि आश्चर्यचकित भएका छन्। यहाँ घाँसी विषय आलम्बन हो र कवि आश्रय आलम्बन हुन्। यसरी हेर्दा उपर्युक्त श्लोकमा अद्भुत रसको पनि आभास भएको बुझिन्छ।

कान्तिपुरको मनोरम दृश्य देखेर प्रभावित बनेका कविले कान्तिपुरलाई अमरावती कान्तिपुरी नगरी भनेर एउटा दिव्य एवम् भव्य स्थलका रूपमा वर्णन गरेका छन्।

उदाहरणार्थ-

*चपला अबलाहरू एक् सुरमा*
*गुनकेसरिको फुल ली शिरमा*
*हिंड सखि लीकन ओरिपरी*
*अमरावति कान्तिपुरी नगरी।*[88]

भानुभक्त आचार्य काठमाडौँ जाँदा त्यहाँका सौन्दर्यबाट प्रभावित भई लेखेका यस रचनामा राष्ट्रप्रेमसँगै कान्तिपुरको मनोरम चित्रण पाइन्छ। मूलतः यस रचनामा शृङ्गार, वीर र शान्त रस पाइन्छ।

उपर्युक्त पङ्क्तिमा चपला, अबला अथवा कान्तिपुरका सुन्दरीहरू आलम्बन विभाव हुन्। त्यहाँका सुन्दरीहरूले शिरमा सिउरेका गुनकेसरीको फुल उद्दीपन विभाव हो। शिरमा गुनकेसरीको फुल सिउरेका चपला, अबलाहरूका पहिरन र हाउभाउबाट बोध हुने भाव अनुभाव हो। यी उपकरणहरूका संयोगले पाठकमा गर्व, हर्ष, चपलता आदि सञ्चारी भावको प्रकट भई रति स्थायी भाव जागृत हुँदछ। यसैले यहाँ शृङ्गार रसको अनुभूति हुँदछ। कविले कान्तिपुरको तुलना  भोट, चीन, लखनऊ, मद्रास जस्ता ठाउँहरूसँग गरेका छन्।

उदाहरणार्थ-

*कहिं भोट र लन्दन चीन सरी*
*कहिं काल् भरि गल्लि छ दिल्लि सरी*
*लखनौ पटना मदरास सरी*

---

[88] बाबुराम आचार्य, सन् २०१२, उही, पृ ८२

*अलकापुरी कान्तिपुरी नगरी।*[89]

कवि आफ्नो देशप्रति गर्व गर्छन्। उक्त कवितांशको पठनले कविमा भएको गर्व भाव साधारणीकृत भई पाठकमा पनि अनुभूत हुँदछ। उनका यस रचनामा वीर रस पनि पाइन्छ।

उदाहरणार्थ-

*तरबार, कटार, खुँडा, खुकुरी,*

*पिसलोत र बन्दुक सम्म भिरी*

*अतिशूर र वीर,  भरी नगरी*

*छ त कुन्, सरि कान्तिपुरी नगरी।*[90]

नेपालीहरूलाई विश्वमा युद्धवीर भनेर चिनिन्छ। तरबार, खुँडा, खुकुरी आदि हतियार भिरेर हिँड्ने कान्तिपुरका वीर नेपालीहरूको तुलना अन्यसँग गर्न नसकिने देखिन्छ। यस सन्दर्भमा नरा गुरुङको भनाइ यस प्रकार रहेको छ- “तरवार, कटार, खुँडा, खुकुरी, पिस्तोल र बन्दुक भिरेका आफ्नो देशका सिपाहीहरू देख्दा तिनको हृदय वीर रसले भरिन्छ। साँच्चै तिनले कहर सिंह बस्नेत, दामोदर पाँडे, अमरसिंह थापा, भक्ति थापा, बलभद्र कुँवर आदिका वीरगाथा र स्वार्थत्यागका कथा पहिले नै सुनिसकेका थिए।”[91]

यहाँ कान्तिपुरका वीर नेपालीहरू आलम्बन विभाव हुन् भने तरबार, कटार, खुँडो, खुकुरी, पिस्तोल आदि उद्दीपन विभाव हुन्। यी वीरहरूका वेषभूषा र क्रियाकलाप देखेर उत्पन्न हुने भाव अनुभाव हो। यस अवस्थामा गर्व, आवेग, अवहित्या, उग्रता आदि सञ्चारी भाव उत्पन्न भई  उत्साह स्थायी भाव जागृत हुँदछ र वीर रसको अनुभूति हुँदछ। कविताको अन्तिम पङ्क्तिमा शान्त रसको उद्बोधन पाइन्छ।

उदाहरणार्थ-

*रिस राग कपट् छलछैन जहाँ*

*तब धर्म कती छ कती यहाँ*

*पशुका पति छन् रखवारी गरी*

---

[89] उही, पृ ८२

[90] उही, पृ ८२

[91] नरा गुरुङ, सन् १९६८, ‘स्फुट रचना’, इन्द्रबहादुर राई (सम्पा), *भानुभक्तका कृति,* दार्जिलिङः नेपाली साहित्य परिषद्, पृ ३६

*शिवकी पुरि कान्तिपुरी नगरी।*[92]

माथिका पङ्क्तिहरूबाट पाठकका मनमा निर्वेद स्थायी भाव उत्पन्न हुँदछ। कान्तिपुरको रक्षा स्वयम् शिवले गर्छन् भनिएको छ। कान्तिपुरका मानिसहरूको धार्मिक आचरण र पशुपतिनाथ शिवको वर्णन गरिएको प्रस्तुत श्लोकको पठनले पाठकको चित्तलाई द्रवीभूत पार्दछ। यहाँ प्रेक्षकमा अस्थायी रूपमा रहने गर्व, निर्वेद, उग्रता आदि व्यभिचारी भाव देखा पर्दछ अनि शम स्थायी भाव जागृत हुँदछ। यस्ता भावहरूका संयोगले पाठकलाई अनुभूत गराउने हुँदा यस काँटका रसलाई शान्त रस मानिएको छ।

काठमाडौँ भ्रमणकालमा कवि भानुभक्त आचार्यले त्यहाँको स्थानीय सौन्दर्यको वर्णन गरेका छन्। काठमाडौँ पुग्न अगावै बालाजीको प्राकृतिक सुन्दरता देखेर भावविभोर बनेका कविद्वारा एउटा शृङ्गारिक कविता प्रस्फुटन भएको छ। बालाजीको अलौकिक सुन्दरताले आह्लादित बनेका कवि बालाजीलाई स्वर्गसँग तुलना गर्न पुगेका छन्।

उदाहरणार्थ-

*यति दिन पछि मैले आज बालाजि देख्याँ*
*पृथिवितल भरीमा स्वर्ग हो जानि लेख्याँ*
*वरि परि लहराका झूलि बस्न्या चरा छन्*
*मधुर वचन बोली मन् लिंदाक्या सुरा छन्।*[93]

यहाँ कवि आलम्बन विभाव हुन्। झुलेको लहरा, चराको मधुर बोली उद्दीपन विभाव हुन्। प्राकृतिक सौन्दर्यले भरिएको बालाजी स्वर्गसँग तुलनीय छ भनेर बोध हुने भाव अनुभाव हो। प्रस्तुत कविताको रचनाकालमा भानुभक्त आचार्यका हृदयमा ईश्वर चिन्तन र भक्तिभाव जन्मेकै थिएन भन्ने अगमसिंह गिरीको विचार पाइन्छ।[94] त्यसैले उनका रामायणभन्दा अघिका रचनाहरूमा अध्यात्मवादी चिन्तन थोरै मात्रामा पाइन्छ। बालाजीको रमणीय प्राकृतिक सुकुमारता देखेर विमुग्ध भएका कवि लेख्छन्-

*ज्हाँ बसेर कविता यदि गर्न पाऊँ*
*यस्‌देखि सोख अरु थोक म के चिताऊँ*

[92] बाबुराम आचार्य, सन् २०१२, उही, पृ ८२
[93] उही, पृ ८१
[94] अगमसिंह गिरी, सन् १९६८, 'भक्तमाला', इन्द्रबहादुर राई (सम्पा), उही, पृ ८३

*यस माथि झन् असल सुन्दरि एक् नचाऊँ*

*खैंचेर इन्द्रकन स्वर्ग यहीं बनाऊँ।*[95]

यस प्रकार *रामायण, प्रश्नोत्तरमाला* र *भक्तमाला*का भानुभक्तमा ईश्वर भक्ति, दर्शन, धार्मिक-आध्यात्मिक चिन्तनको गहिरो प्रभाव पाइन्छ। *बालाजी वर्णन, अमरावती कान्तिपुरी नगरी*का रचयिता भानुभक्तमा स्वच्छन्दतावादी प्रवृत्ति अर्थात् शृङ्गारिक भाव, प्रकृति चिन्तन आदि अभिव्यञ्जित भएको पाइन्छ। *गजाधर सोतीको घर बुढी, रोज रोज दर्शन पाउँछु* आदि रचनाका रचयिता भानुभक्तमा नीति उपदेशात्मकता, समाज-सुधार-संस्कारात्मक भाव एवम् व्यङ्ग्यात्मक कटाक्ष जस्ता काव्यात्मक गुण पाइने हुनाले भानुभक्तको कवित्वभित्र पनि परस्परमा ठुलो अन्तर पाइन्छ। शम्भुप्रसाद ढुंग्यालले *आदिकवि भानुभक्ताचार्यको जीवनी-चरित्र* पुस्तकमा भानुभक्तका शृङ्गारिक रचनाहरू सङ्ख्यात्मक रूपमा अन्य पुस्तकमा भन्दा धेर देखाएका छन्। उपर्युक्त श्लोकमा कवि आलम्बन विभाव हुन्। सुन्दरी नचाउने, स्वर्ग बनाउने, कविता लेख्ने इच्छा उद्दीपन विभाव हुन्। यहाँ आलम्बन र उद्दीपन विभावको संयोगले पाठकको चित्तलाई द्रवीभूत पार्दछ। यस कारण उपर्युक्त श्लोकको स्थायी भाव रति र रस शृङ्गार रहेको मान्न सकिन्छ।

उदाहरण-

*सर्सर्सर्गरि वायु मन्द गतिले चल्छन् यहाँ यो घरी*

*झर्झर्झर्गरि पानिको लहर खुब् झल्कन्छ मोती सरी*

*बर्बर्बर्गरि वृष्टि हुन्छ विजुली चम्कन्छ चम्चम् गरी*

*यो देखि मनले लहड् गरिलिन्या इच्छा पर्‍यो यस्घरी।*[96]

प्रस्तुत श्लोकका सम्बन्धमा शम्भुप्रसाद ढुंग्यालले लेखेका छन्- "बैक्रमीय सम्बत् १९०० का अषाढ मैन्हामा कविजी कहीं जाना लाग्दा बाटामा एक नदीको मनोहर छटा देखी, त्यसैका लहरमा आफू उल्झी एक कविता बनाये।"[97] उक्त श्लोक शम्भुप्रसाद ढुंग्यालका *आदि कवि भानुभक्ताचार्यको जीवनी-चरित्र* पुस्तकमा उपलब्ध पाइन्छ। भानुभक्तले उक्त श्लोकको रचना बालकाण्डको अनुवादपछि गरेका हुन् भन्ने

---

[95] बाबुराम आचार्य, सन् २०१२, उही, पृ ८१

[96] शम्भुप्रसाद ढुंग्याल, सन् १९९२, पृ १३

[97] उही, पृ २१

ढुंग्यालको मान्यता पाइन्छ।[98] यहाँ कविले प्रकृतिको सुन्दरतालाई कलात्मक रूप दिएका छन्। यस श्लोकमा कवि आलम्बन विभाव हुन् भने वायुको मन्द गति, पानीको लहर, बिजुलीको चमक आदि उद्दीपन विभाव हुन्। यसको संयोगबाट कविको मनमा कविता रचना गर्ने लहड चल्नु अनुभाव हो। उक्त श्लोकले मनमा उत्पन्न गराउने आवेग, हर्ष, चपलता आदि सञ्चारी भाव हुन्। जसरी यी सबै उपकरणहरूको संयोगले कविको हृदयमा रति स्थायी भाव जागृत भएको देखिन्छ, त्यसरी नै उक्त श्लोकको पठन गर्ने पाठकमा पनि रति भाव जागृत हुनु स्वाभाविक देखिन्छ। यसै प्रक्रियालाई काव्यमा साधारणीकरण भनिन्छ। यहाँ कविमा भएको रति भाव साधारणीकृत भई शृङ्गार रसको उत्पत्ति भएको बोध गर्न सकिन्छ। शम्भुप्रसाद ढुंग्यालअनुसार भानुभक्तमा शृङ्गारिक चेतनाको आधिक्य पनि रहेको कुरा निम्नलिखित भनाइले पुष्टि गरेको छ। "एकदिन कविजी इ मुखिया हरिप्रसादका साथ ठहिंटीतिर लागेका थिये। बीचबाटामा घरका झ्यालमा एक षोडसी सुन्दरी सडकको तमाशा हेर्न लागेको देखी कविजीले यो बखत श्लोक बनाए"[99] भन्ने उल्लेख निम्नलिखित पङ्क्तिद्वारा प्रस्ट हुँदछ।

उदाहरणार्थ-

*अहा षोडशी सुन्दरी क्या छ खाशा*
*संगैं बस्नमा गर्छ यो चित्त आशा*
*बस्याको छ यो झ्यालमा चित्त हर्छे*
*नजर्गर्नुहोस् अप्सारा मात गर्छे।*[100]

बालाजी वर्णनमा सुन्दरी नचाउने इच्छा गर्ने भानुभक्त यहाँ षोडशी गुण युक्त तरुणीसँग बस्ने इच्छा गर्छन्। माथिका श्लोकमा स्रोह्र वर्षकी तरुनी विषय आलम्बन हुन् भने कवि आश्रय आलम्बन हुन्। अप्सरा, मात आदि उद्दीपन विभाव हुन्। सुन्दरी र कविको भावभङ्गी, रोमाञ्च, स्वेद आदि अनुभाव हुन्। विभाव र अनुभावको मेलले पाठकमा अस्थायी रूपमा देखा पर्ने मद, आवेग, औत्सुक्य, हर्ष आदि सञ्चारी भाव हुन्। यी सबै भावको संयोग हुँदा प्रेक्षकमा अवस्थित रति स्थायी भाव जागृत भई शृङ्गार रसको आस्वादन हुँदछ। शम्भुप्रसाद ढुंग्यालले उद्धृत गरेका कविको अर्को शृङ्गारिक रचना यस प्रकार रहेको पाइन्छ-

---

[98] उही, पृ २०
[99] उही, पृ ३१
[100] उही, पृ ३१

उदाहरणार्थ-

*कमल दल सरीका नेत्र तिम्रा अजब्का*
*शरिर भरि सुशोभित् वस्त्र छन् झन् गजब्का*
*नवनि सरि मसीनो षोडशा छौ तयारी*
*शरम नगरी ऐले बोली द्यौ क्यै सह्यारी।*[101]

शम्भुप्रसाद ढुंग्यालअनुसार भानुभक्तले एउटी षोडशी सुन्दरीलाई देखेर उक्त श्लोक रचना गरेका हुन्।[102] रामायणको अनुवादसँगै कविमा अध्यात्म चिन्तन र भक्तिभाव मौलाएको देखिन्छ भन्ने अगमसिंह गिरीको मान्यता पाइन्छ। यसका आधारमा हेर्दा भानुभक्तले उपर्युक्त शृङ्गारिक प्रवृत्तिका रचनाहरू सन् १८४४ भन्दा अघि नै रचना गरेका हुन् भन्ने बुझिन्छ। उपर्युक्त श्लोकमा षोडशी विषय आलम्बन हुन् अनि कवि आश्रय आलम्बन हुन्। कमल दल, सुशोभित वस्त्र, नवनी आदि उद्दीपन विभाव हुन्। रामाञ्च, स्वेद आदि अनुभाव हुन्। आलम्बन र उद्दीपनको संयोगले पाठकको अन्तस्करणमा अवस्थित रति स्थायी भावलाई जगाउँदछ। षोडशीलाई देखेर कविमा उत्पन्न रति भाव साधारणीकृत भई पाठकका चित्तमा अनुभूत हुने रस नै शृङ्गार रस हो। अतः उक्त श्लोकलाई सम्भोग शृङ्गारको उदाहरण मान्न सकिन्छ। भानुभक्तको रचनाहरूमा पाइने विशेषताहरूमा प्रकृतिको चित्रण पनि एउटा महत्त्वपूर्ण विषय हो। बालाजी वर्णनमा झैँ प्राकृतिक सौन्दर्यको चित्रण गरिएको निम्नलिखित श्लोकमा शृङ्गार रसको अनुभूति हुँदछ-

उदाहरणार्थ-

*किसिम किसिमका छन् वृक्ष फल्ले भऱ्याका*
*रकम रकमका छन् पक्षिले वास् गऱ्याका*
*फुल छ फुलिरह्याको वासले गंकियाको१*
*भ्रमर भरि हुनाले क्या छ शोभा दियाको।*[103]

भानुभक्त आचार्यको शृङ्गारिक श्लोक भनेर शम्भुप्रसाद ढुंग्यालले *आदिकवि भानुभक्ताचार्यको जीवनी-चरित्र* (सन् १९९२) पुस्तकमा उद्धृत गरेका श्लोक यस प्रकार छन्-

---

[101] उही, पृ ३२
[102] उही, पृ ३२
[103] उही, पृ ३२

उदाहरणार्थ-

*रमणिय कदलीका थाम जस्ता उरू छन्*
*चपल नयन तिम्रा जो रतीका गुरु छन्*
*कमलिनी भइ खिच्छयो चित्तलाई समर्को*
*शशिवदन तिमी झैं सुन्दरी को छ अर्को।*[104]

प्रस्तुत कवितांशमा चित्रित सुन्दरी विषय आलम्बन हुन् अनि कवि आश्रय आलम्बन हुन्। रमणीय, चपल नयन, कमलिनी, शशिवदना आदि उद्दीपन विभाव हुन्। यहाँ चित्रित आलम्बन र उद्दीपन विभावको संयोगले पाठकमा रोमाञ्च, स्वेद आदि अनुभाव भावोद्रेक हुँदछ। कवितांशमा प्रतिबिम्बित प्रतीक, बिम्ब तथा भावबिम्बको संयोगले आवेग, मद, औत्सुक्य आदि व्यभिचारी भाव पनि उत्पन्न हुँदछ। उक्त पङ्क्तिको पठनले कविमा अवस्थित रति भाव पाठकका चित्तमा पनि प्रकट भई शृङ्गार रसको अनुभूति हुँदछ।

भानुभक्तले आफू कुमारीचोकमा थुनिएको बेलामा लेखेका निम्न रचनामा हास्य रसको आभास र करुण रसको अनुभूति हुँदछ।

उदाहरणार्थ-

*रोज् रोज् दर्शन पाउँछू चरणको ताप् छैन मन्मा कछू*
*रात्भर नाच् पनि हेर्छु खर्च नगरी ठूला चयन्मा म छू।*
*लाङ्खुट्ट्या उपिञा उडूस् इ सँगि छन् इन्कै लहड्मा बसी*
*लाङ्खुट्ट्याहरू गाउँछन् ति उपिञा नाच्छन् म हेर्छु बसी।*

साझा प्रकाशनद्वारा प्रकाशित *भानुभक्तको रामायण*मा उनका अन्य कृतिहरू पनि समावेश गरिएको पाइन्छ। यस पुस्तकमा 'रोज् रोज् दर्शन पाउँछू' भन्ने रचना एउटा श्लोकमा संरचित पाइन्छ।

उपर्युक्त पङ्क्तिमा अभिधा अर्थमा हास्य रसको आभास भए तापनि व्यङ्ग्यार्थमा करुण रस रहेको बुझिन्छ। कवि जसलाई भेट्न चाहदैनन् उसैको नित्य दर्शन पाउँछन्, खर्च नगरी उपियाँ र लामखुट्टेको नृत्य हेर्छन् यी कुराहरूले पाठकमा हास्य रसको आभास हुँदछ। साधारणतः लामखुट्टे र

---
[104] उही, पृ ३३

उपियाँ नाँच्नु अस्वाभाविक र अनौठो कुरा हो र यही अस्वाभाविकताले नै हाँसो स्थायी भाव जागृत गराउँदछ। यद्यपि उक्त कविताको व्यङ्ग्यार्थले भने करुण रसको अनुभूति गराउँछ। जेलखानमा थुनिनु, लामखुट्टे र उपियाँसँग बस्नु आदि कविका निम्ति पीडाजनक हुने हुनाले प्रेक्षकका हृदयमा पनि पीडा अनुभव गराउँदछ अर्थात् कविको यस दयनीय अवस्था साधारणीकृत भई पाठकसम्म पुग्दछ र करुण रसको उत्पत्ति हुँदछ। यहाँ कवि, लामखुट्टे, उपियाँ आदि आलम्बन विभाव हुन गएका छन्, यसरी लामखुट्टेको आवाज र उपियाँको फड्क्याई आदि उद्दीपन विभाव हुन्।

कविले आफू कुमारीचोकमा थुनिँदा रोगले ग्रस्त भएर दिन बिताउनु परिरहेको समयमा रचना गरेका मर्मस्पर्शी श्लोकलाई बाबुराम आचार्यले *पुराना कवि र कवितामा* दर्शाएका छन्-

*शरिर छ अति कच्चा अन्न- जल्ले रह्याको*

*विनति कति गरूँ यो देहमा जो भयाको*

*बहुत फजिति पाञा रोगले ग्रस्त पारी*

*शरिर हुन गयो ठिक् पूर्व झैं फेरी भारी।*[105]

बाबुराम आचार्यले भानुभक्त आचार्यलाई थुन्नु नै कुमारीचोकको हाकिमको हेलचेक्र्याइँ थियो भन्ने मान्यता राखेको छन्। उनका विचारमा भानुभक्त साँच्चै अपराधी भए बिमारी हुँदा तिनै हाकिमले छोड्ने थिएनन्। पाँच महिना थुनिएर निस्केपछि भानुभक्तले जागिरको नामै पनि लिएनन् अनि आफ्नो छोरालाई पनि जागिर खुवाएनन्।[106] बाबुराम आचार्यको उक्त भनाइबाट भानुभक्तलाई जागिरप्रति वितृष्णा जागेकाले कुमारीचोकको थुनाबाट उनी पूर्ण रूपले बिरक्तिएका थिए भन्ने बुझिन्छ। उपर्युक्त श्लोकमा रस निष्पत्तिका लागि कवि आलम्वन विभाव हुन्। शरीर भारी हुनु, अश्रु आदि अनुभाव हुन्। उक्त कवितांशमा चित्रित परिवेशले दैन्य, चिन्ता, विषाद, उन्माद आदि सञ्चारी भाव उत्पन्न हुँदछ। यहाँ विभाव, अनुभाव र सञ्चारी भावको संयोगबाट सहृदयमा जागृत हुने स्थायी भाव शोक र अनुभूति हुने रस करुण मान्न सकिन्छ।

[105] बाबुराम आचार्य, सन् २०१२, उही, पृ ८५

[106] उही, पृ ८५

एकदिन भानुभक्त आफ्ना मित्र कलाधरलाई भेट्ने उद्देश्य लिएर जान्छन्। संयोगवश बाटामै साँझ परेकाले उनी गजाधर ब्राह्मणका घरमा बास बस्ने विचार गर्छन्। साँझका बेलामा भानुभक्तले बास माग्दा गजाधरकी बुहारीले पिँढीमा बस्ने अनुमति दिन्छिन्। गजाधर ब्राह्मणको अनुपस्थितिमा गजाधरकी घर बुढी आएर भानुभक्तलाई त्यहाँ वास नबस्ने आदेश दिन्छिन्। सासू गएपछि बुहारीले भानुभक्तलाई ढिकीसारमा राखिएको छाप्रोमा बस्ने अनुमति दिन्छिन्। तर त्यहाँबाट पनि गजाधरकी स्वास्नीले भानुभक्तलाई लखेट्छिन्। वरिपरि कुनै घर नहुँदा भानुभक्तले एउटा रुखका फेदमा रात बिताउँछन्। भानुभक्तले कागतको चिर्कोटमा निम्नलिखित श्लोक लेखेर गजाधरकी घरबुढीलाई सुनाइदिनु भनेर एउटा केटोलाई पठाउँछन्।

उदाहरणार्थ-

*गजाधर् सोतीकी घर बुढि अलक्षिन्कि रहिछन्*
*नरक् जानालाई सब सित बिदाबादि भइछन्*
*पुग्यौं साँझमा तिन्का घर पिंढि महाँ बास गरियो*
*निकालिन् साँझमा अलिक पर गुल्जार गरियो।*[107]

भानुभक्तले गजाधरकी स्वास्नीबारे गरेका प्रस्तुत टिप्पणीले अभिधा अर्थमा हाँसो भाव जागृत गराए तापनि मूलमा भने क्रोध भाव नै जगाउँदछ। यहाँ गजाधरकी स्वास्नी आलम्बन विभाव हुन् भने उनको अलच्छिना स्वभाव, साँझको समय, घरको पिँढी आदि उद्दीपन विभाव हुन्। प्रस्तुत श्लोकले दैन्य, अमर्ष, विषाद, चिन्ता आदि सञ्चारी भाव उत्पन्न गराउँदछ। गजाधरकी स्वास्नीको कर्कशा वचन र निर्दयी व्यवहारले कविमा उत्पन्न क्रोध स्थायी भाव साधारणीकृत भई पाठकमा पनि जागृत हुँदछ। यसर्थ प्रस्तुत उद्धरणबाट रौद्र रसको आस्वादन हुँदछ।

उदाहरणार्थ-

*असल् मुङ्ग्रे केरा कि त महि हवस् बेस अमिलो*
*कि ता सेता मूला कि त बरु हवस् साग उसको।*
*असल हुन्थ्यो धूप्मा नतर यसरी खानु कसरी*

---

[107] उही, पृ ८९

*भुटि ल्यायौ थाल्मा मकइ तिमिले क्याँन यसरी।*

उपर्युक्त कवितांशले हास्य-व्यङ्ग्य भाव उत्पन्न गराएको छ। सामान्य रूपमा हास, परिहास, उपहास जस्ता प्रपवृत्तिले युक्त कवितामा हास्य-व्यङ्ग्य भाव  बोध गर्न सकिन्छ। प्रस्तुत उद्धरणमा चर्को घामका बेलामा सितनबिनाको भुटेको मकै देख्दा कवि असन्तुष्ट बनेका छन् अर्थात् मूल रूपमा कवितांशमा हास्य-व्यङ्ग्य भाव नै स्पष्ट देखिएको छ। फलतः कविमा हास्य-व्यङ्ग्य भावसँगै क्रोध भाव पनि उत्पन्न भएको देखिन्छ। कविमा उत्पन्न क्रोध भाव नै साधारणीकृत भई पाठकमा पनि जागृत हुँदछ। उक्त श्लोकमा क्रोध स्थायी भाव भएकाले कवि यहाँ आलम्बन विभावका रूपमा रहेको पाइन्छ। उक्त कवितांशमा प्रयुक्त मुङ्ग्रे केरा, टन्टलापुर घाम आदि उद्दीपन विभाव हुन्।

धर्मदत्त र भानुभक्त दुवैजनाको पाल्पाली मित्र सुब्बाले ज्योतिषी धर्मदत्तलाई आफ्नो आयु सोध्दै एउटा पत्र पठाउँछन्। यसको प्रत्युत्तरमा भानुभक्तले निम्न श्लोक लेखेर पठाइदिन्छन्-

*पैले दाङ् गइ एक् विवाह गरियो भन्न्या पनी लेखियो*

*फेर् तेसै चिठिमा म मर्छु कहिले भन्न्या पनी देखियो।*

*आयूको त विचार् विवाह नगरी पैल्हे उचित् हो लिन्या*

*उल्लू हौ तिमि उल्लुलाइ अहिले कुन् उत्तरै हो दिन्या।*[108]

प्रस्तुत श्लोक बाबुराम आचार्यले *पुराना कवि र कविता*मा उद्धृत गरेका छन्। उमेरको ख्याल नगरी विवाह गरेको र आफ्नो उमेर ढल्किँदैछ भन्ने चिन्ता भानुभक्तका मित्र सुब्बाले अनुभव गरेर ज्योतिषीलाई आयु सोध्न पाठएका रहेछन् भन्ने पूर्वप्रसङ्ग पनि उक्त श्लोकबाट ज्ञात हुँदछ। भानुभक्तले व्यङ्ग्य गरेर लेखेका प्रस्तुत श्लोकमा सामान्यतः हास स्थायी भाव उत्पन्न भए तापनि यसका मूलमा भने क्रोध नै प्रमुख स्थायी भावका रूपमा रहेको पाइन्छ। यस सन्दर्भमा हृदयचन्द्रसिंह प्रधानको भनाइ उल्लेखनीय छ- “यस चिट्ठीबाट पुरुषहरूको अत्यचारप्रति घोर आलोचना गरी नारीजीवनलाई उठाउने प्रगतिशील विचार र परम्पराप्रति विद्रोह प्रस्ट देखिन्छ।”[109] यहाँ मित्र सुब्बा आलम्बन विभाव हुन् भने उल्लु उद्दीपन विभाव

[108]उही, पृ ९१

[109]हृदयचन्द्रसिंह प्रधान, सन् २००३, *भानुभक्त : एक समीक्षा,* ललितपुरः साझा प्रकाशन, पृ ७६

हो। यस अवस्थामा प्रेक्षकका हृदयमा पनि क्रोध भाव उत्पन्न हुँदछ र रौद्र रसको प्रतीति हुँदछ। यही प्रक्रियालाई साधारणीकरण भनिन्छ।

मोतीराम भट्टले भानुभक्तको अपूर्ण शङ्गारिक कविता भनेर दुई पङ्क्तिको रचना प्रकाशमा ल्याएका छन्। उक्त रचना निम्न प्रकार छन्-

*बिन्ती एक म गर्दछू सुन प्रिये प्रीती निरन्तर् रहोस्*

*ताहाँका मन पिंजरा म मुनिञाँ यै चाल् सदा काल् रहोस्।*[110]

X x x

X x x

मोतीराम भट्ट लेख्छन्-"यस् श्लोकका २ अधारी आज्तक् पाइयेको छैनन्। अतएव पछिल्ला २ अधारीको जग्गा खाली नै राखेको छ। अहा ! आजतक् हाम्रा गोर्खा भाषामा कम् सें कमे शृंगारका ५००० श्लोक् बनेका छन् तर यो श्लोक्का बराबर् अर्थको चमत्कार भयाको श्लोक् मैले त देखेको छैन।"[111] शम्भुप्रसाद ढुंग्यालअनुसार भानुभक्तले २२ वर्षको उमेरमा *युवावस्था आयो, सर्सर्सर्गीर मन्द गति* जस्ता शृङ्गारिक श्लोकहरू रचना गरेका थिए। शम्भुप्रसाद ढुंग्यालको भनाइका आधारमा भानुभक्तले उपर्युक्त श्लोक पनि आफू युवावस्थामा हुँदा नै रचेका हुन् भन्न सकिन्छ। यस सन्दर्भमा अगमसिंह गिरीको भनाइ पनि उल्लेखनीय छ- "यस बेलाका भानुका हृदयमा ईश्वर-चिन्तन र भक्तिभाव जन्मेकै हुँदैन। उनमा युवा-सुलभ भावना र मधुर कल्पना फुल्न थालेको हुन्छ।"[112] मोतीराम भट्टले उद्धृत गरेका माथिका अधारीलाई पूर्ण श्लोकका रूपमा साझा प्रकाशनद्वारा प्रकाशित *भानुभक्तको रामायण*को पछिल्लो भागमा राखिएको पाइन्छ।

उदाहरणार्थ-

*तिम्रो त्यो मुखचन्द्र झल्कि मनमा तेस्ले उज्यालो गरी*

*शीतल् गर्नु उचीत हो अधिक ताप् गर्दो छ सुर्ये सरी।*

---

[110] मोतीराम भट्ट, सन् २०११, उही, पृ २३

[111] उही, पृ २३-२४

[112] अगमसिंह गिरी, सन् १९६८, 'भक्तमाला', इन्द्रबहादुर राई (सम्पा), उही, पृ ८४

उपर्युक्त श्लोकमा म अर्थात् कवि विषय आलम्बन हुन् भने प्रिये आश्रय आलम्बन हुन्। प्रीति, पिँजडा, मुखचन्द्र, मुनियाँ आदि उद्दीपन विभाव हुन्। आलम्बन र उद्दीपनको संयोग हुँदा पाठकमा देखिने रोमाञ्च, लज्जा आदि अनुभाव हन् अनि हर्ष, चपलता, आवेग आदि सञ्चारी भाव हुन्। यी उपकरणहरूको संयोगबाट पाठकका चित्तमा हुने विशिष्ट अनुभूति नै शृङ्गार रस हो।

साझा प्रकाशनद्वारा प्रकाशित *भानुभक्तको रामायण* पुस्तकमा भानुभक्त आचार्यका निम्न श्लोक उद्धृत गरिएको पाइन्छ-

*यत्ती छन् सब देवता भनि यहाँ गन्नै नसक्नू भई*
*याहीं छन् सब तीर्थ पाप् हरि दिन्या जानू नपर्न्या कहीं*
*ई नेपाल्-सरि पूण्य भूमि त अहो देखीन मैले कतै*
*आर्या-तीर्थ-मरण छ मुक्ति दिनमा तत्पर खडा छन् शिवै*
*माया ईश्वरकी जगत् कि जननी श्री गुह्यकाली पनी*
*आफ्ना भक्त उपर् कृपा गरु भनी ताहीं बस्याकी पनी।*[113]

यहाँ कविको देशप्रेम टट्कारो रूपमा झल्किएको देखिन्छ। देवताहरूले बास गरेका पुण्य भूमि नेपालप्रति कविको प्रगाढ प्रेम रहेको पाइन्छ। गुह्येश्वरी, पशुपति जस्ता पवित्र स्थलले नेपाल सुशोभित छ भनेर कवि गर्व गर्छन्। उपर्युक्त श्लोकमा देशप्रेमसँगै ईश्वर भक्ति पनि उत्तिकै टट्कारोसँग झल्किएको देखिन्छ। प्रस्तुत श्लोकको पठनले पाठकको अन्तस्करणमा अवस्थित निर्वेद स्थायी भाव उद्बोधन गराउँदछ। यसर्थ प्रस्तुत श्लोकबाट अनुभूत हुने स्थायी भाव निर्वेद र रस शान्त मानिन्छ। उक्त श्लोकको पठनले पाठकका मनमा अस्थायी रूपमा प्रकट हुने गर्व, निर्वेद, हर्ष आदि व्यभिचारी भाव हुन्।

शम्भुप्रसाद ढुंग्याल लेख्छन्- "सम्बत् १९०३ मा एक दिन कविजी बालकाण्डलाई संशोधन गर्न लागेका थिए। सोही अवसरमा कविजीका दिलमा कविता गरूँ भन्ने इच्छा भयो र यो कविता गरे।"[114]

---

[113] सूर्यविक्रम ज्ञवाली (सम्पा), सन् २०१९, *भानुभक्तको रामायण,* ललितपुरः साझा प्रकाशन, पृ ३
[114] शम्भुप्रसाद ढुंग्याल, सन् १९९२, उही, पृ २४

उदाहरणार्थ-

*मालीक् हुन् राम सब्का बुझिकन जनले रामको भक्ति गर्नू*
*भक्तीले रामलाई खुशिगारि यमको यातनालाई हर्नू।*
*मानिस् झैं ज्ञान पाई प्रभू खुशि नगरी नर्कमा क्यान पर्नु*
*भक्ती सीतापतिको गरि बरू बढिया हुन्छ संसार तर्नू।*[115]

प्रस्तुत श्लोकमा राम आलम्बन विभाव हुन्। मालिक, प्रभु, यम, सीतापति, भक्ति आदि उद्दीपन विभाव हुन्। राम नै सर्वेसर्वा हुन् र रामको भक्ति गर्नाले मात्र स्वर्गमा वास पाइन्छ भन्ने भावले प्रेक्षकमा हुने विशिष्ट भावानुभूति शान्त रस हो।

भानुभक्तले सन् १८४४ तिर लेखेका हुन् भनी शम्भुप्रसाद ढुंग्यालले उद्धृत गरेका निम्न श्लोकमा प्रकृतिको माध्यमबाट जीवनको नियमिततालाई देखाइएको पाइन्छ।

उदाहरणार्थ-

*बादल्का दल घुंदछन् गगनमा चम्कन्छ विद्युत् तहाँ*
*छिन् छिन्मा जल वृष्टि हुन्छ धन खुब् गर्जी गगन् मर्महा*
*उघ्री फेरि हटी सबै घन गगन् देखिन्छ सफ्फा तहाँ*
*यस्तै हो सुख दुख एक् छिनमहाँ फिर्छन् बराबर्यहाँ।*[116]

जसरी प्रकृति गतिशील एवम्  चलायमान छ त्यसरी नै जीवन पनि अस्थिर छ। मानिसका जीवनमा आउने सुख-दुःख, संयोग-वियोग, हाँसो -आँसुसधैँ स्थिर भएर रहँदैन। कविले यहाँ जसरी वर्षापछि बादल हटेर स्वच्छ गगन देखिन्छ भन्दै एकातिर जीवनका सकारात्मकतालाई देखाएका छन् भने अर्कातिर जीवनको क्षणभङ्गुरतालाई देखाएका छन्। उपर्युक्त श्लोकको पठनले पाठकका मनमा अस्थायी रूपमा प्रकट हुने गर्व, निर्वेद, धृति आदि सञ्चारी भाव हुन्। जीवनको यथार्थतालाई बोध गराउने उक्त कवितांशबाट आस्वाद्य रस शान्त मानिन्छ।

[115] उही, पृ २४
[116] उही, पृ २१

भानुभक्तले मानुङ गाउँको प्राकृतिक सौन्दर्यबारे लेखेका निम्न कवितांशको रचनाकाल सन् १८२७ तिर मानिएको छ।[117] मानुङको स्थानीय विशेषतालाई लिएर रचिएको यस श्लोकले शान्त रसको अनुभूति गराउँछ।

उदाहरणार्थ-

*मानुङको सरी गाउँ उत्तम ठूलो लागेन काहीँ पनी*
*बस्नामा छ रमाइलो अति चिसो आउँछ हावा पनी*
*घरमा नै बसी फेर हिमालजिको बाराहिजीको पनी*
*शुक्ला दक्षिणतर्फ उत्तर दिशा माहेन्द्री दर्शन पनी।*[118]

प्रस्तुत श्लोकमा प्रकृतिको मनोरम वर्णनले प्रेक्षक हृदयमा शान्त रसको प्रतीति गराउँदछ। यहाँ कवि हृदय आलम्बन र चिसो हावा, हिमालय, महेन्द्र पर्वत, शुक्ल आदि उद्दीपन विभाव हुन्। यी प्राकृतिक सौन्दर्यको वर्णनले पाठकमा देखिने रोमाञ्च, नेत्रविकास आदि अनुभाव हुन् र हर्ष, निर्वेद, चपलता आदि व्यभिचारी भाव हुन्। कविमा निहित शम वा निर्वेद स्थायी भाव साधारणीकृत भई पाठकमा पनि जागृत हुँदछ। अतः पाठकमा शान्त रसको अनुभूति हुँदछ।

### ३.३ निष्कर्ष

कवि भानुभक्त आचार्यका केही फुटकर रचनाहरूलाई छोडेर अन्य सबै कृतिहरूमा शान्त रसको प्रधानता पाइन्छ। उनले अधिकांश स्फुट रचनाहरू आफू युवा अवस्था हुँदा रचेका हुन्। यसैले उनका स्फुट रचनाहरूमा शृङ्गार रस अधिक पाइन्छ भने *भक्तमाला, प्रश्नोत्तरमाला, वधूशिक्षा*मा शान्त रस अधिक पाइन्छ।

[117] रूद्रराज मास्के, सन् २०१५, 'आशुकवि भानुभक्त आचार्य र उनका मुक्तकहरू, गोपीचन्द्र प्रधान (सम्पा), *भानुभक्त स्मारक ग्रन्थ,* दार्जिलिङः नेपाली साहित्य सम्मेलन, पृ १६३

[118] उही, पृ १६३

# चौथो अध्याय

# भानुभक्तीय रामायणमा प्रयुक्त रस

# चौथो अध्याय

# भानुभक्तीय रामायणमा प्रयुक्त रस

## ४.१ भानुभक्तीय रामायणको परिचय

भानुभक्तीय रामायण संस्कृत *अध्यात्म रामायण*को भावानुवाद हो। यसको अनुवाद भानुभक्तले सन् १८४१ मा थालेर सन् १८५३ मा समाप्त गरेका हुन्। सन् १८४१ मा प्रथमतः उनले बालकाण्ड लेखे। त्यसपछि सन् १८५२ मा कुमारीचोकमा थुनिएका बेला भानुभक्तले अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड र सुन्दरकाण्ड गरी जम्मा चारवटा काण्डहरू लेखेर सिद्धाए। काठमाडौँ आएपछि धर्मदत्त र अन्य मित्रहरूका आग्रहले सन् १८५३ मा युद्धकाण्ड र उत्तरकाण्डको पनि रचना गरेको जानकारी पाइन्छ।[119]

भानुभक्तीय रामायणका विभिन्न प्रकाशन र संस्करणहरू पाइन्छन्। सन् १८८४ मा सर्वप्रथम प्रेमलाल काफ्लेको सम्पादनमा भारत जीवन प्रेस, बनारसबाट सातकाण्ड रामायणमध्ये *बालकाण्ड* प्रकाशित भएको पाइन्छ। मदन पुरस्कार पुस्तकालयमा फेला परेको *भानुभक्तीय रामायण*को प्रकाशन वि सं १९४२ हो भन्ने कमल दीक्षितको विचारलाई कविता लामाले *भानुभक्तको काव्यकृतिको भाषिक अध्ययन*मा उल्लेख गरेकी छन्।[120] भानुभक्त आचार्यको *सम्पूर्ण रामायण* चाहिँ सन् १८८७ मा मोतीराम भट्टद्वारा प्रकाशनमा ल्याएको देखिन्छ भने सन् १८९४ मा नेपाल पशुपत प्रेसबाट प्रकाशित भएको पाइन्छ। यसरी नै हरिहर आचार्य दीक्षितको सम्पादनमा सन् १९१० मा मुम्बइको नेपाली ग्रन्थ प्रचारक मण्डलीले निर्णय सागर प्रेसबाट *भानुभक्तीय रामायण* प्रकाशित गरेको पाइन्छ। होमनाथ केदारनाथको सम्पादनमा सन् १९१४ मा *भानुभक्ताचार्यकृत रामायण* प्रकाशित भएको पाइन्छ। सूर्यविक्रम ज्ञवालीद्वारा सम्पादित *भानुभक्तको रामायण* सन् १९२४ मा कलकत्ताबाट प्रकाशित भएको देखिन्छ भने यसैलाई नेपाली साहित्य सम्मेलन, दार्जिलिङले सन् १९५४ मा पुनः प्रकाशमा ल्याएको पाइन्छ। त्यसपछि यसै ग्रन्थको दोस्रो संस्करण सन् १९८२ मा साझा प्रकाशन, काठमाडौँबाट र सन् २०१२ मा साहित्य अकादमीद्वारा प्रकाशित गरिएको पाइन्छ। श्री दुर्गा साहित्य भण्डार, नेपाली खपडा, वाराणसीद्वारा सन् २००१ मा *असली आठ काण्ड रामायण* पनि प्रकाशित भएको पाइन्छ।

---

[119] कविता लामा, सन् २००२, उही, पृ १५

[120] उही, पृ १५

भानुभक्तीय रामायणको प्रमुख उद्देश्य नेपाली समाजमा रामकथाको प्रचार-प्रसार गर्नु रहेको देखिन्छ। अयोध्याका राजा दशरथ र कौशल्याका जेठा छोराका रूपमा जन्मिएका रामको कथा नै रामायणको मुख्य कथावस्तु हो। भानुभक्तीय रामायणको कथावस्तुअनुसार सम्पूर्ण रामायण शिव-पार्वतीका संवादका रूपमा प्रस्तुत गरिएको पाइन्छ। यसलाई सुरुमा भगवान् शिवले पार्वतीलाई र त्यसपछि ब्रह्मालाई सुनाएका थिए। शिवले मात्र रामको कथा पूर्ण जान्दछन्, पार्वती आधा जान्दछिन् अनि म त आधाको पनि आधा जान्दछु भनी ब्रह्माले नारदलाई बताएका छन्।[121] नारदले कलियुगका मानिसहरूका कल्याणको उपायका बारेमा सोधेका प्रश्नको उत्तरमा ब्रह्माले नारदलाई रामकथा सुनाउँदा प्रश्नोत्तर वा संवादात्मक शैलीमा यसको कथावस्तु आरम्भ भएको पाइन्छ। त्यसपछि ब्रह्माले क्रमशः बालकाण्ड, अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड र उत्तरकाण्डका विभिन्न प्रसङ्गहरूको वर्णन गरेका छन्। नारदले ब्रह्मासँग गरेको बिन्तीबाट रामयणको बालकाण्ड आरम्भ भएको पाइन्छ। प्रौढ भइसक्दा पनि राजा दशरथको भाग्यमा कुनै सन्तानको जन्म नहुँदा वशिष्ठ ऋषि र ऋष्यशृङ्ग ऋषिले यज्ञ गरेर सन्तान प्राप्त गर्न सकिने उपाय बताएको जानकारी पाइन्छ। अयोध्यायका तिन रानी कौशल्या, कैकेयी र सुमित्राले यज्ञ गरेको खिर खाएपछि क्रमशः कौशल्याबाट राम, कैकेयीबाट भरत अनि सुमित्राबाट लक्ष्मण र शत्रुघ्नको जन्म हुँदछ। रामले जन्म लिनुको मुख्य उद्देश्य राक्षस जातिको विनाश र मानव जातिको कल्याण गर्नु रहेको थियो। वशिष्ठ ऋषिले यी चारजना राजकुमारहरूलाई शिक्षा दिन्छन्। मारिच र सुबाहुले ऋषिहरूलाई घरि घरि सताउने गरेकाले ती राक्षसहरूका नाशका लागि विश्वमित्रले राम र लक्ष्मणलाई आफ्नै आश्रममा लाने बिन्ती राजा दशरथसँग गर्छन्। आफ्नो आश्रम लगेपछि विश्वमित्रले सर्वप्रथम राम-लक्ष्मणलाई शिक्षा दिन्छन्। यसै गरी बालकाण्डमा राम-लक्ष्मणद्वारा राक्षसहरूको नाश, जनकपुरमा सीताको जन्म, रामचन्द्रद्वारा अहल्याको मुक्ति, विश्वमित्र अनि राम-लक्ष्मणको जनकपुर प्रस्थान, सीता-रामको बिहे, परशुरामको क्रोध, राम अनि परशुरामको संवाद, रामको अयोध्या प्रत्यागमन, हर्षोल्लासको वातावरण जस्ता घटनाहरूको वर्णन पाइन्छन्।

अयोध्याकाण्डमा बह्माको आज्ञा लिएर नारद अयोध्या आउँछन् र रामलाई राज्य सुखभोगमा नभुलेर धरतीमा जन्म लिनुको उद्देश्यको स्मरण गराउँछन्। अयोध्यामा रामको राज्याभिषेकको तयारी

[121] सूर्यविक्रम ज्ञवाली (सम्पा), सन् २०१९, उही, पृ ३

हुँदछ। रामको राज्याभिषेकमा बाधा गराउनका लागि देवताहरूले वाणीलाई मन्थरा र कैकेयीको मति हरण गर्न पठाउँछन्। यहाँ पूर्व घटनाको प्रसङ्ग जोडिएर कथाले गति पाएको देखिन्छ। देवासुर सङ्ग्राममा राजा दशरथको सारथी बनेकी कैकेयीले धुर् भाँचिएर धराशाही बनेको रथमा आफ्नो पाखुरी घुसारेर ठुलो सहासको काम गरेकी थिइन्। फलतः दशरथ विजयी बनेका थिए। यस्तो साहसिलो कार्यबाट प्रसन्न भई दशरथले कैकेयीलाई दुईवटा वरदान दिने वचन दिएका थिए। कैकैयीले उक्त वरदान यथासमयमा माग्ने छु भनेकी थिइन्। जब रामको राज्यअभिषेकको समय आउँछ कैकेयीले आफूले थाँतीमा राखेको दुईवटा वरदान पूरा गर्ने उपयुक्त समय यही हो भन्ने ठानेर त्यस मौकाको लाभ उठाउने निधो गर्छिन्-

(क) रामलाई चौध वर्षको वनबास र

(ख) भरतलाई राज्याभिषेक।

आफूले दिएको वचन पुरा गर्न राजा दशरथ बाध्य बन्छन् र रामलाई चौध वर्षको वनवास र भरतलाई राज्यअभिषेक गर्ने उद्घोषणा गर्छन्। पितृआज्ञा शिरोधार्य गरेर राम वनबास जान तयार भएपछि उनीसँग सीता र लक्ष्मण पनि वनगमन गर्छन्। मावलबाट भरत अयोध्या फर्केपछि आफ्नो अनुपस्थितमा भएको वृतान्त घटना बुझेर क्रोधित हुन्छन्। अप्रत्यासित पुत्रवियोगको वज्रपात सहन नसकी राजा दशरथको तत्काल मृत्यु हुँदछ। रामलाई पुनः अयोध्या फर्काउनका लागि भरत राज्याभिषेक अस्वीकार गरी रामलाई खोज्न जान्छन्। रामले घर फर्किन अस्वीकार गर्छन् र उल्टो भरतलाई अयोध्या फर्काउँछन्। भातृत्वको सम्मानमा रामको खराउ लिएर उनी दरवार फर्कन विवश हुन्छन्। राम, लक्ष्मण र सीता अत्रिमुनिका आश्रममा बास बस्छन्। यतिमा नै अयोध्याकाण्ड समाप्त भएको पाइन्छ।

अरण्यकाण्डमा राम, लक्ष्मण र सीता अत्रिमुनिको आश्रमबाट बिदा लिएर घोर जङ्गलतिर प्रस्थान गर्छन्। त्यहाँ रामको एकजना राक्षससँग घमासान युद्ध हुन्छ। श्रापित बनेर राक्षस बनेको विद्याधर गण रामद्वारा मुक्ति प्राप्त गर्न सफल बन्दछ। रामले शरभङ्ग र सुतीक्ष्णलाई दर्शन दिएपछि सुतीक्ष्णलाई लिएर राम, सीता र लक्ष्मण अगस्ति ऋषिको आश्रममा जान्छन्। त्यसपछि राम र जटायुको भेट हुँदछ। तिनैजना फेरि पञ्चवटीतिर प्रस्थान गर्छन्। त्यहीँ लक्ष्मणलाई रामले ज्ञान र अज्ञानका बारेमा बताउँछन्। यसैबिच रावणकी बहिनी शूर्पणखाले राम-लक्ष्मणको ओज, सौर्य र सुन्दरतामा मोहित बनेर विवाहको प्रस्ताव राख्छिन् र दुवै भाइले उनको प्रस्ताव अस्वीकार गरेपछि अपमानबोधले पागल बन्छिन् र

सीतालाई जिउँदै निल्न खोज्छिन्। लक्ष्मण निक्कै सन्की स्वभावका हुनाले राक्षसनीको प्रेम प्रस्ताव अस्वीकार गर्दै शूर्पणखाको नाक र कान काटिदिन्छन्। शूर्पणखाले यो खबर दाजु खर, त्रिशिर र दूषणलाई सुनाउँछिन्। खर, त्रिशिर र दूषण लस्कर लिएर राम र लक्ष्मणसँग युद्ध गर्न आउँछन्। युद्धमा रामले तिनैजना दाजुहरूको वध गरेर विजय प्राप्त गर्दछन्। यो दृश्य देखेर शूर्पणखा त्यहाँबाट भागेर रावणलाई खबर दिन जान्छिन्। रावणले बहिनीको अपमान देखेर प्रतिशोधका निम्ति सीता हरण गर्छु भनेर मारिचसँग सहयोग माग्न जान्छन्। मारिचले पहिले अस्वीकार गरे पनि उल्टै मारिने डरले रावणको वचन स्वीकार गर्छन्। मायावी शक्ति भएको मारिचले मृग रूप धारण गरेर सीतालाई लोभ्याउँछन्। सीताले रामसँग त्यही मृग ल्याइदिने हठ गर्छिन्। लक्ष्मणलाई सीताको सुरक्षा गर्न खटाएर राम मृगका पछि लाग्छन्। धेरै पर पुगेपछि मृगलाई रामको वान लाग्छ। घाइते मृगले मायावी जाल रचेर रामको स्वरको अनुकरण गरेर “हे! भाइ लक्ष्मण…!” भनेर कराएको सुन्छन्। सीता भ्रममा पर्दछिन् र हो न हो रामलाई आपद् आई पऱ्यो भनेर सीताले रामको सहयोग गर्न लक्ष्मणलाई आवाज आएतर्फ पठाउँछिन्। लक्ष्मणले वनदेवीलाई सीताको रक्षा गर्न अनुरोध गरी आफू दाजु भएतिर जान्छन्। त्यही अवसरको लाभ उठाएर रावणले भिक्षुवेश गरी वनमा एक्ली परेकी सीतालाई हरण गर्छन्। सीतालाई अपहरण गर्ने पापी रावणको बाटो छेक्न जटायु अघि आउँछन् तर रावणले जटायुको पखेटा काटेर घाइते बनाइदिन्छन्। सीताले गहनाको पोको बनाएर ऋष्यमूक पर्वतमा खसाल्छिन् र त्यो गहनाको पोको सुग्रीवले भेटाउँछन्। रावणले सीतालाई लङ्काको अशोक वाटिकामा राख्छन्। उता राम र लक्ष्मण आश्रममा आउँदा सीता हुँदिनन्। सीतालाई खोज्दै जाँदा बाटामा घाइते जटायुले रावणले सीता हरण गरेको बताउँछन्। यसै क्रममा शबरीसँग रामको भेट हुँदछ। शबरीले रामलाई रावणले सीता हरण गरेर लङ्का लगेको बताउँछिन। राम र लक्ष्मणले ऋष्यमूक पर्वतमा बालीको डरले लुकेर बसेका सुग्रीवलाई भेटेर मित लगाउँछन्। यतिमा अरण्यकाण्डको समाप्ति भएको पाइन्छ।

किष्किन्धाकाण्डमा रामले सुग्रीव र हनुमानसँग भेट गरेर सुग्रीवसँग मित्रता गर्छन्। यस प्रसङ्गमा सुग्रीवका दाजु बालीको पराक्रम, बाली र सुग्रीवको युद्ध, रामले लुकेर बालीको वध गरेको वर्णन पाइन्छ। बालीकी पत्नी ताराले बिलौना गर्दा रामले जीवन जगत् क्षणिक छ भन्दै तारालाई तत्त्व ज्ञान बताएका छन्। सुग्रीव राजा भएपछि वानरहरूलाई चारैतिर सीताको खोजी गर्न पठाउँछन्। दक्षिण दिशामा रामको औँठी लिएर हनुमान, अङ्गद, जाम्बवान्, नल, सुषेष आदि वीरहरू जान्छन्। जटायुको दाजु सम्पातिले

हनुमानलाई सीता लङ्काको अशोक बाटिकामा छिन् भन्ने खबर दिँदछ। हनुमानले सीताको खबर लिनका निम्ति चार सयकोस लामो क्षार समुद्र तर्ने निश्चय गर्छन्।

हनुमानद्वारा गरिएको समुद्र लङ्घनको वर्णनबाट सुन्दरकाण्ड आरम्भ भएको छ। हनुमानको परीक्षा लिनका लागि देवताहरूले सुरसालाई खटाउँछन् र यस परीक्षामा सफल भएर हनुमान अघि बढ्छन्। मैनाक पर्वतको स्वागत र सिंहिका राक्षसीको वध गरी हनुमान लङ्का पुग्छन्। यस काण्डमा लङ्काको प्राकृतिक चित्रण अपूर्व सुन्दरताको वर्णन गरिएको पाइन्छ। रावणले रामको दूत अशोक वाटिकामा आएको स्वप्न देखेर सीतालाई दुर्वाच्य बोल्छन्। सीता आफ्नै कपालको पासो बनाएर झुन्डिन खोज्छिन् र त्यही बेला हनुमानले सीतालाई आफू रामको सेवक हुँ भनेर परिचय दिन्छन्। सीताले विश्वास नगर्दा रामले पठाइएको औँठी साक्षी राखेर हनुमानले आफ्नो परिचय दिन्छन्। सीताले पनि चूडामणि झिकेर हनुमानलाई दिन्छिन्। हनुमानले अशोक वाटिकाको विनाश गर्छन्। इन्द्रजितले ब्रह्मपासको प्रयोग गरी हनुमानलाई बाँधेर लङ्कामा पुऱ्याउँछन्। हनुमानले लङ्कामा आफ्नो परिचय दिँदै रावणलाई रामको सरणमा जाने सुझाउ दिन्छन्। रावणले हनुमानको पुच्छरमा आगो लगाउँदा हनुमानले विभीषणको घर छोडेर सम्पूर्ण लङ्का भष्मीभूत बनाउँछन्। त्यसपछि हनुमान पुच्छरको आगो निभाइ सीतालाई भेटेर फर्किन्छन्। हनुमानले रामलाई सीतासँग भेट भएको बताउँछन् र चूडामणि दिन्छन्। रामले हनुमानलाई आलिङ्गन गरी प्रियभक्त मान्दछन्। यतिमा सुन्दरकाण्ड समाप्त भएको छ।

रामले हनुमानको वीरताको प्रशंसा गरेको प्रसङ्गबाट युद्धकाण्ड आरम्भ भएको छ। सुग्रीवले रामलाई समुद्र तर्ने उपाय भएमा वानर सेनाले रावणलाई जित्न सक्ने आश्वासन दिन्छन्। हनुमानले लङ्का जलाएर फर्किएको खबर सुनेर रावण आत्तिन्छन्। रावण पुत्र इन्द्रजितले पृथ्वीका बानर सखाप पार्ने कुरा गर्छन्। रावणका भाइ विभीषण दाजु रावणलाई परित्याग गरी रामका शरणमा आउँछन्। वानर सैन्य लिएर राम लङ्का प्रवेश गर्छन् अनि यो खबर रावणकहाँ पुग्छ। कुम्भकर्णले रामलाई नारायण र सीतालाई योगमाया भनेर स्वीकार गर्छन्। यसै गरी यस काण्डमा राम र रावणमाझको युद्ध, हनुमानले लक्ष्मणका लागि द्रोणाचल पर्वतबाट औषधी ल्याएको वर्णन, कुम्भकर्ण वध, इन्दजितले निकुम्भिलामा अस्त्र शस्त्र प्राप्त गर्नका लागि अग्निदेवद्वारा बल प्राप्त गर्न हवन गरेको वर्णन, इन्दजित वध, रावण र मन्दोदरीको संवाद, रामद्वारा रावणको वध, सीता-रामको भेट, विभीषणको राज्यारोहण, वनवासकाल समाप्त गरेर

सीता-राम र लक्ष्मणको अयोध्या आगमन, त्यसपछि अयोध्यामा भएको हर्षोल्लास जस्ता प्रसङ्गहरूको वर्णन पाइन्छ।

उत्तरकाण्डको आरम्भ शिव र पार्वतीको संवादबाट भएको छ। अगस्तिले रावण, कुम्भकर्ण, विभीषण, बाली र सुग्रीवको जन्म प्रसङ्गको वर्णन गरेका छन्। रामले लक्ष्मणलाई आफ्नी पत्नी सीतालाई वनमा लगेर छोडिदिनु भन्ने आज्ञा दिन्छन् र लक्ष्मणलाई उक्त आज्ञा उचित नलागे तापनि दाजुको आज्ञालाई उलङ्गन गर्न सक्दैनन्। लक्ष्मणले सीतालाई वनमा छोडेर आउँछन्। वाल्मीकिले सीतालाई भेटेर आश्रम ल्याउँछन्। सीताको गर्भबाट कुश-लव दुई छोराको जन्म हुन्छ। कुश र लवलाई वाल्मीकिले नै शिक्षा दिन्छन्। एकदिन रामले कुश र लवलाई आफ्ना जुम्ल्याहा छोराहरू भनेर चिनेपछि अयोध्या बोलाउँछन्। सीता, राम अनि दुई पुत्र कुश र लव भेट भएपछि सीता भूमिमा समाहित हुन्छिन्। कौशल्या, कैकयी र सुमित्रा तिनैजना रानी र लक्ष्मण, सुग्रीव आदिको पनि स्वर्गवास हुंदछ। कालसँग रामको संवाद भएपछि राम पनि अयोध्या छोडेर बैकुण्ठ प्रस्थान गर्छन्। अन्तमा शिव र पार्वतीका संवादबाट नै यस काण्डको समाप्ति भएको पाइन्छ।

आयम र संरचनाका आधारमा भानभक्तीय रामायणको अध्ययन गर्दा यसमा जम्मा १३१९ वटा श्लोकहरू छन्। यसमा आठवटा छन्दको प्रयोग गरिएको पाइन्छ। शार्दूलविक्रीडित छन्दमा १०३९ श्लोक रचिएको पाइन्छ भने वसन्ततिलका छन्दमा १३९ श्लोक रचिएको पाइन्छ। यसै गरी स्रग्धरा छन्दमा ४१ श्लोक, मालिनी छन्दमा ३७ श्लोक, इन्द्रवज्रा छन्दमा ३३ श्लोक, शिखरिणी छन्दमा २९ श्लोक, स्वागता र द्रुतविलम्बित छन्दमा एउटा एउटा श्लोक रचिएको पाइन्छ। बालकाण्डमा १३९ श्लोक, अयोध्याकाण्डमा १२३ श्लोक, अरण्यकाण्डमा १२२ श्लोक, किष्किन्धाकाण्डमा १४३ श्लोक, सुन्दरकाण्डमा १५४ श्लोक, युद्धकाण्डमा ३८१ श्लोक र उत्तरकाण्डमा २४७ श्लोक छन्।

भानुभक्तीय रामायणको लोकप्रियता र विशेषतालाई हेर्दा यसले साउँ अक्षर नचिनेका सर्वसाधारणलाई रसानुभूति गराएको देखिन्छ। यस सन्दर्भमा पुष्प शर्मा लेख्छिन्- “तिहारमा देउसी भट्याउने नेता होस्, वालनमा सिलोक हाँकेर कम्मर मर्काउँदै नाच्ने बालने, बिहेबटुलोमा सिलोक हाँक्ने सिलोके होस् या त सुन्तला बोक्ने ढाक्रे होस्, काव्य सिद्धान्तको कसीमा घोट्ने समालोचक होस् या त

परीक्षा उत्तीर्ण गर्न पाठ घोक्ने विद्यार्थी होस्- रामायण सबै पढ्छन्, सुन्छन्, गाउँछन्।"[122] *भानुभक्तको रामायण*ले नेपाली जनसाधारणलाई जति प्रभाव पार्न सकेको छ त्यतिको प्रभावकारी कृति दुर्लभ रहेको भाइचन्द प्रधानको मान्यता पाइन्छ।[123]

रामायणको मूल कथालाई केवल एउटा श्लोकमा समेटिएको पनि पाइन्छ, जसलाई 'एक श्लोके रामायण' भनिएको पाइन्छ।

उदारणार्थ-

*आदौ राम तपोवानादिगमनं, हत्वा मृग काञ्चनम्*
*वैदेही हरणं जटायु मरणं सुग्रीव संभाषणम्*
*बालि निर्दलम समुद्र तरणं लङ्कापुरी दाहानम्*
*पश्चाद् रावण कुम्भकर्ण हननं एतद्धि रामायणम्*

राम वनवास गए, त्यहाँ उनले सुनको मृग मारे। त्यही समय उनकी पत्नीलाई रावणले हरण गरे, रावणद्वारा जटायु मारियो, रामले सुग्रीवसँग मित लगाए अनि बाली मारे। समुद्र पार गरेर लङ्का जलाइयो, रावण र कुम्भकर्ण मारियो। यही रामायणको सङ्क्षिप्त सार हो। यसरी एउटा श्लोकमा सम्पूर्ण रामायणको मूल कथावस्तु समेटिएको देखिन्छ।

## ४.२ नौ रसका आधारमा भानुभक्तीय रामायणको विश्लेषणात्मक अध्ययन

यस अध्यायमा *भानुभक्तको रामायण*मा प्राप्य रसको अध्ययन गरिएको छ। प्रस्तुत अध्याय भानुभक्तको रामायणमा केन्द्रित रहेको छ। भानुभक्तका अन्य कविता एवम् काव्यकृतिमा पाइने विविध रसहरूको चर्चा तेस्रो अध्यायमा गरिएका हुनाले यस अध्यायमा तिनको चर्चा नगरी नितान्त सन् २०१९ मा साझा प्रकाशनद्वारा प्रकाशित *भानुभक्तको रामायण*मा प्राप्य रसको विश्लेषणात्मक अध्ययन गरिएको छ।

[122] पुष्प शर्मा, सन् २०१५, 'भारतमा भानुभक्तीय कृतिहरूको अध्ययन परम्परा र प्रभाव' नरेन्द्रराज प्रसाई र महादेव अवस्थी (सम्पा), उही, पृ २१२
[123] भाइचन्द प्रधान, सन् १९५२, *आदिकवि भानुभक्त आचार्य,* कलकत्ताः रत्नकुमार प्रधान, पृ ७२

### ४.२.१ शृङ्गार रस

**सम्भोग शृङ्गार**

भानुभक्तीय रामायणमा सम्भोग शृङ्गार उद्बोधन गराउने किसिमका प्रसङ्गहरू नगण्य रूपमा रहेको पाइन्छ। आलम्बनमा रति भाव उत्पन्न भए तापनि यसले पाठकलाई सम्भोग शृङ्गारको अनुभूति गराएको बोध हुँदैन।

उदाहरणार्थ-

*बिन्ती गरी म कन पत्नि बनाइ लेऊ*

*कन्दर्पको कठिन ताप छुडाइ देऊ॥३१॥*

(*भानुभक्तको रामायण*, 'अरण्यकाण्ड', पृ ५१)

यहाँ शुर्पणखामा उत्पन्न भएको रति भाव साधारणीकृत हुन सकेको छैन। रति भाव आलम्बनमा मात्र सीमित रहेकै कारण उपर्युक्त श्लोकबाट सम्भोग शृङ्गारको अनुभूति नभएर केवल आभास हुँदछ।

भानुभक्तीय रामायणमा *अध्यात्म रामायण*का कतिपय प्रसङ्ग र श्लोकहरूको परिवर्जन अथवा परिवर्तन गरिएको छ। *अध्यात्म रामायण*मा लक्ष्मण सुग्रीवलाई भेट्न जाँदा सुग्रीव रूमालाई अँगालोमा बाँधेर ओछ्यानमा पल्टिरहेको वर्णनलाई भानुभक्तले परिहार गरेका छन्। भानुभक्तले मूलमा भएका अशिष्टता र अस्वाभाविकतालाई शिष्ट र स्वाभाविक रूपमा प्रस्तुत गरेका छन्।

उदाहरणार्थ-

*सीताजी पनि रामका सिर उपर् माला कनक्को धरी*

*छम् छम् पाउ गरी फिरिन् घर महाँ मङ्गल् भयो तेस् घरी॥१०७॥*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ १८)

उपर्युक्त श्लोकको प्रसङ्गमा *अध्यात्म रामायण*मा किञ्चित् मात्रामा अश्लीलता बोध हुँदछ। मूलमा लेखिएको छ- "दुकूल परिसंवीता वस्त्रान्तर व्यञ्जितस्तनी"[124] (साडीमा सजिएकी, वस्त्रभित्रबाट पनि पयोधर अर्थात् ठुल्ठुला स्तनहरू झल्किएका।) यस प्रसङ्गमा भानुभक्तले केवल उक्त श्लोक लेखेका छन्।

[124] गोकुल सिन्हा, सन् २०१५, 'अध्यात्म रामायण र भानुभक्तीय रामायण', गोपीचन्द्र प्रधान (सम्पा), उही, पृ ८५

यही शिष्टताले गर्दा पनि भानुभक्तीय रामायणका प्रकरणहरू प्रभावकारी रूपमा साधारणीकरण हुँदछ। वास्तवमा भानुभक्तले रामायण लोकहितका निम्ति लेखेका हुन् यसर्थ उनले नैतिकतालाई उल्लङ्घन गरेका छैनन्। समग्रमा भानुभक्तीय रामायणमा सम्भोग शृङ्गारको अनुभूति हुँदैन भन्न सकिन्छ।

### विप्रलम्भ शृङ्गार

भानुभक्तीय रामायणका अधिक प्रसङ्गहरूमा प्रेमी-प्रेमिकाको वियोगात्मक प्रेमको वर्णन पाइन्छ, जस्तै सीता-रामका सन्दर्भमा (अरण्यकाण्ड ९६. ९७, किष्किन्धाकाण्ड ८८, ८९, ९०, सुन्दरकाण्ड ३१, ६६, युद्धकाण्ड २०, उत्तरकाण्ड ११५, ११७, १९१, १९३ आदि), बाली र ताराका सन्दर्भमा (किकिन्धाकाण्ड ४१, ५८, ५९), रावण र मन्दोदरीका सन्दर्भमा (युद्धकाण्ड २३०, २३६, २३९) भएका वियोगात्मक वर्णनले विप्रलम्भ शृङ्गारको अनुभूति गराउँदछ। भानुभक्तीय रामायणमा पाइएका विप्रलम्भ शृङ्गारका केही उद्धरणहरू निम्न प्रकार छन्-

*औंठी दी कन फेर् प्रणाम् पनि गरी जस्सै हनूमान् बस्या*
*देखिन् औंठि जसै तसै बखतमा हर्षाश्रुधारा खस्या*
*बर् बर् आँसु खसाउँदै प्रभुजिको औंठी सिरोपर् धरिन्*
*साह्रै खुस् हनुमान् उपर् भइ तहाँ प्राण् झैं पियारो गरिन्॥६६॥*

(*भानुभक्तको रामायण*, 'सुन्दरकाण्ड', पृ १०२)

वियोगात्मक प्रेमको वर्णन भएमा विप्रलम्भ शृङ्गार मानिन्छ। यहाँ रामसँगको वियोगमा सीताको अवस्थाले पाठकमा करुण रसको अनुभूति गराउँदछ, यद्यपि कथावस्तुको अवस्थाले भने उक्त प्रसङ्गबाट विप्रलम्भ शृङ्गारको प्रतीति हुँदछ। उपर्युक्त श्लोकमा राम र सीताको अस्थायी वियोगको वर्णन गरिएको पाइन्छ। आचार्य विश्वेश्वरअनुसार मृत्युपश्चात् वियोग हुनुलाई करुण रस मानिन्छ भने मृत्युअघि वियोग हुनुलाई विप्रलम्भ शृङ्गार मानिन्छ[125] अर्थात् विभावको अस्थायी वियोगबाट विप्रलम्भ शृङ्गार र स्थायी वियोगबाट करुण रसको अनुभूति हुँदछ भनिएको पाइन्छ। यसका आधारमा प्रस्तुत श्लोकलाई विप्रलम्भ शृङ्गारको उदाहरणका रूपमा लिन सकिन्छ तर पाठकको चित्तमा अनुभूत हुने रस करुण नै मानिन्छ। यहाँ राम विषय आलम्बन हुन् र सीता आश्रय आलम्बन हुन्। औँठी, अशोक

[125] विश्वेश्वर (व्याख्याकार), सन् २०२१, उही, पृ १२८

वनको परिवेश, सीताको दयनीय अवस्था आदि उद्दीपन विभाव हुन्। बर बर आँसु झार्नु, स्वर कम्पन आदि अनुभाव हुन् अनि हर्ष, आवेग, शङ्का, औत्सुक्य, उन्माद, चिन्ता आदि सञ्चारी भाव हुन्। यसर्थ उक्त श्लोकको पठनले पाठकमा शोक स्थायी भाव जागृत गर्ने हुनाले करुण रसकै अनुभूति हुँदछ।

लङ्का प्रवेश गर्नका लागि सागर तर्ने कुनै उपाय नपाउँदा सम्पूर्ण वानर सेना सन्तापमा परेका छन्। सीताको वियोगमा राम अनेक विलाप गर्न लाग्छन्।

उदाहरणार्थ-

*सीताजी कन संझि संझि रघुनाथ् ज्ञानस्वरूपी पनी।*

*लाग्या गर्न विलाप् अनेक् तरहले सीते ! कहाँ छौ भनी॥२०॥*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ १२०)

प्रस्तुत श्लोकमा सीता विषय आलम्बन हुन् भने राम आश्रय आलम्बन हुन्। रामको विलाप, व्याकुलता आदि उद्दीपन विभाव हो। रामको विलापले पाठकका आँखा रसाउनु, स्वर कम्पन हुनु आदि अनुभाव हो र चिन्ता, मोह, विषाद, चपलता आदि सञ्चारी भाव हुन्। यहाँ नायक-नायिका एवम् आलम्बनका अस्थायी वियोगात्मक प्रेमको वर्णन गरिएका हुनाले प्रस्तुत श्लोकलाई विप्रलम्भ शृङ्गारको उद्धरणका रूपमा लिन सकिन्छ। उक्त प्रसङ्गमा कथावस्तुको अवस्था विप्रलम्भ शृङ्गारमा पाइन्छ, तर पाठकमा शोक भाव नै जागृत हुँदछ। रामको विलाप र व्यकुलताले पाठक हृदयलाई द्रवीभूत गर्ने हुनाले यहाँ पनि करुण रसको अनुभूति हुँदछ। यही रामको व्याकुलतामा पाठक वा प्रेक्षक पनि व्याकुल हुने प्रक्रियालाई नै साधाणीकरण भनिन्छ।

रावण र मन्दोदरीको माध्यमबाट पनि विप्रलम्भ शृङ्गारको प्रतीति हुँदछ। उनीहरूको अन्तिम संवादमा रावण भन्छन्-

*संसारका सकल ताप्हरूलाइ तोडी*

*जान्याछु पारि तिमिलाइ त वारि छोडी॥२४२॥*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ १५७)

रावणले पनि मोक्ष प्राप्तिकै लागि रामसँग युद्ध गर्न चाहेका थिए। रामको हातबाट मर्न पाए मुक्ति पाइन्छ भन्ने रावणको विश्वास थियो। यी कुराहरू यस पङ्क्तिबाट स्पष्ट हुँदछ, *राम्का हात परी मरूँ भनि त हेर् सीताजिलाई हऱ्याँ।*[126]

माथि दिइएका युद्धकाण्डको २४२ श्लोकमा मन्दोदरी विषय आलम्बन हुन् भने रावण आश्रय आलम्बन हुन्। यहाँ अश्रु, आलिङ्गन आदि अनुभाव हुन् अनि विषाद, चिन्ता, स्मृति, त्रास आदि व्यभिचारी भाव हुन्। यहाँ रावण र मन्दोदरीको वियोग भएका हुनाले उक्त श्लोकलाई विप्रलम्भ शृङ्गारको उदाहरण मान्न सकिन्छ।

### ४.२.२ हास्य रस

भानुभक्त आचार्यकृत रामायणका कतिपय प्रसङ्गमा हास्य रसको प्रयोग पाइन्छ। प्रस्तुत कृतिमा भेटाइएका हास्य रसका उदाहरणलाई निम्न प्रकारले देखाउन सकिन्छ-

*ख्वामित्! ई दुइ पाउको अति असल् धूलो जसै ता पऱ्यो*
*पत्थर् हो त पनी मनुष्य सरिको सुन्दर् स्वरूपै धऱ्यो*
*तस्तै पाठ यहाँ भयो पनि भन्या डुङ्गा स्वरूप धर्दछन्*
*डुङ्गाले पनि रुप् धऱ्या यदि भन्या हाम्रा जहान् मर्दछन्॥९७॥*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ १७)

गौतम ऋषिको श्राप पाएर ढुङ्गा भएर बस्नु परेकी अहल्याले रामको पाउको स्पर्शले मुक्ति पाएकी छन्। यसपछि राम गङ्गा पार गर्नका लागि डुङ्गामा चढ्न लाग्दा माझीले भनेका उक्त कथनले हाँसो भाव जगाउँदछ। रामको पाउले कुल्चिँदा जसरी शिला सुन्दरी अहल्याका रूपमा परिणत भयो, त्यसरी नै डुङ्गामा कुल्चिँदा डुङ्गाको पनि रूप परिणत हुन्छ भन्ने आशङ्का माझीमा उत्पन्न भएको छ। यहाँ माझीमा उत्पन्न भाव शोक नै मानिन्छ, यद्यपि पाठकमा भने हाँसो भाव नै जागृत हुँदछ।  यसर्थ प्रस्तुत उद्धरणबाट प्रेक्षकले हास्य रस आस्वादन गर्दछन्।

[126] सूर्यविक्रम ज्ञवाली (सम्पा), सन् २०१९, उही, पृ १५७

मेघनाथको पराक्रमले सम्पूर्ण वानर सेनामा हाहाकार मच्चियो। उनले रामलाई पनि ब्रह्मपाशमा बन्धी बनाए। केही क्षण ब्रह्मपाशमा बाँधिएपछि राम क्रोधित भएर युद्ध गर्न अघि आउँछन्। यस प्रसङ्गमा भानुभक्तले मेघनाथको लाछीपनलाई निम्न प्रकारले वर्णन गरेका छन्-

*माग्नु भो धनु देउ लक्ष्मण भनी श्रीरामजीले जसै*
*मार्छन् की भनि मेघनाथ डरले फर्केर भाग्यो तसै*
*भाग्दामा प्रभुजी मुसुक्क मनले हाँसेर भन्छन् अनी*
*यो बच्चा पनि जोरि खोज्न म कनै चाहन्छ कच्चा भनी॥१०६॥*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ १३४)

रामले लक्ष्मणका हातमा रहेको धनु मागेको देख्ने बित्तिकै युद्धमा सेनालाई नेतृत्व गर्न आएका मेघनाथ प्राण बचाएर भाग्छन्। एकजना राजकुमारको यस्तो काँतर स्वभावले पाठकमा आश्चर्य भावसँगै हाँसो भाव उत्पन्न गराउँदछ। मेघनाथ र राम आलम्बन विभाव हुन् अनि युद्धभूमिबाट मेघनाथ भाग्नु, मेघनाथ भागेको देखेर राम हाँस्नु  आदि उद्दीपन विभाव हुन्। यस प्रसङ्गले पाठकमा गर्व, हर्ष, तर्क, धृति आदि व्यभिचारी भाव उत्पन्न हुँदछ। यी भावहरूको योगले प्रेक्षकको अन्तस्करणमा अवस्थित हाँसो स्थायी भाव जागृत गराइ हास्य रसानुभूति गराउँदछ।

### ४.२.३ करुण रस

भानुभक्तीय रामायणका अधिक प्रसङ्गहरूले करुण रसको अनुभूति गराउँदछ। यस कृतिमा करुण रसलाई अङ्गी रसका रूपमा मान्न सकिन्छ। प्रस्तुत कृतिमा भेटाइएका केही करुण रस प्रधान श्लोकहरूलाई निम्न प्रकारले देखाउन सकिन्छ-

*गयो खान्या वेला म कन त मिल्यो राज्य वनको।*
*भरत्ले राज् पाया यहिं बसि गरुन् राज्य जनको॥*
*बिदा बक्स्या जावस् खुसि सित म जान्याछु वनमा।*
*म चाँडै फिन्याँछु विरह न हवस् कत्ति मनमा॥२५॥*

(*भानुभक्तको* रामायण, 'अयोध्याकाण्ड' पृ ,२९)

वनवास जान लाग्दा रामले माता कौशल्यासँग भनेका उक्त श्लोकले पाठकमा करुण रसको अनुभूति गराउँदछ। राम यहाँ आलम्बन विभाव हुन्। कौशल्याले रामलाई काखमा राखेर खान खुवाउन लाग्दा रामले भनेका उक्त श्लोक मर्मस्पर्शी पाइन्छ। राम र कौशल्याको संवाद कौशल्याको पूजा गर्ने कोठामा भएको छ अर्थात् शान्तिमय परिवेशमा भएको पाइन्छ। करुण रसको उद्बोधनका निम्ति उक्त परिवेश नै उद्दीपन विभाव भएको देखिन्छ। राम अनि कौशल्या आलम्बन विभाव हुन्। रामले आफ्नो माता कौशल्यासँग भनेका उक्त पङ्क्तिहरूको पठनले पाठकको आँखा रसाउनु, ओठ र स्वर कम्पन हुनु आदि अनुभाव हुन् यसले पाठकमा चिन्ता, उन्माद, त्रास आदि सञ्चारी भाव पनि उत्पन्न गराउँदछ। यी सबै भावहरूको संयोगले पाठकको अन्तस्करणमा अवस्थित शोक स्थायी भाव जागृत गराउँदछ।

उदाहरणार्थ-

*भोकी मैलि निन्याउरी न त कपाल् कोर्‍याकि सब् केश उसै।*
*लट्टा मात्र गर्‍याकि खालि भुमिमा रूँदै बस्याकी यसै।।*
*राम् राम् राम् यति मात्र बोलि रहँदी देख्या र साना भइ।*
*पात्‌का अन्तरमा लुक्या ति हनुमान् रुखका उपर्‌मा भइ।।३१।।*

(*भानुभक्तको* रामायण, 'सुन्दरकाण्ड' पृ ,९६)

सीता राज परिवारमा हुर्केकी एकजना आदर्श नारी हुन्। सीताले बाल्यकालमा राज-विलास उपभोग गरे तापनि रामसँग बिहे भएपछि धरतीमा समाहित नभएसम्म त्याग मात्र गरिन्। बिहेपछि सीताको जीवन करुणाजन्य रहेको देखिन्छ। प्रस्तुत उद्धरणले पाठकमा करुण रसको उद्बोधन गराउँदछ, यद्यपि कथानकको प्रसङ्ग भने विप्रलम्भ शृङ्गारमा रहेको पाइन्छ। यहाँ सीता आलम्बन विभाव हुन् भने भोकी, मैली, निन्याउरी आदि उद्दीपन विभाव हुन्। सीताका यस्तो अवस्थाको चित्रणले पाठकका आँखा रसाउँदछ र आँखा रसाउनु अनुभाव हो। उक्त श्लोकका पठनल प्रेक्षकका मनका अस्थायी रूपमा उत्पन्न हुने चिन्ता, विषाद, उन्माद आदि सञ्चारी भाव हुन्। विभाव, अनुभाव र व्यभिचारीको संयोगले पाठक हृदयमा अवस्थित शोक स्थायी भावलाई जगाएर करुण रसको आस्वादन गराउँदछ।

उदाहरणार्थ-

*कैकेयी यति बात् सुनी खुसि भइ बस्तर् पुराना दिइन्।*

*लाया श्री रघुनाथले ति कपडा सीताजिले ता लिइन्॥४६॥*

(*भानुभक्तको रामायण*, 'अयोध्याकाण्ड', पृ ३२)

वनवास जानेबेलाको उक्त प्रसङ्ग मर्मस्पर्शी रहेको पाइन्छ। एकजना राज परिवारमा हुर्केकी नारी, जसले राजमहलको सुखद परिवेशमा आफ्नो बाल्यकाल बिताइन्। जसले जहिल्यै सुकिलो लुगा लाएर परिवारको  सामीप्यमा बाल्यकाल बिताइन्, उनलाई वनमा जानका निम्ति पुराना लुगा दिइएको उक्त प्रसङ्गले पाठकको हृदय द्रवीभूत पार्दछ। निर्दयी कैकेयीप्रति पाठकमा क्रोध भाव जाग्दछ, यद्यपि उक्त प्रसङ्गमा पाठकले रौद्र रसको अनुभूति नगरेर करुण रसकै अनुभूति गर्दछ।

उदाहरणार्थ-

*यस्ता वस्त्र म लाउँ आज कसरी भन्न्या मनैमा धरी।*
*लज्जाले रघुनाथका मुख विषे हेरिन् कटाक्षै गरी॥*
*श्री रामले मुटुरा गरी ति कपडा हात्मा जसै ता लिया।*
*त्यो देखी कन राजपत्निहरु सब् रोया तहाँ जो थिया॥४७॥*

(*भानुभक्तको रामायण*, 'अयोध्याकाण्ड', पृ ३२)

सीताको यस्तो अवस्था देखेर सम्पूर्ण राजपत्निहरूका आँखा रसाउँछन्। सीताका पीडामा सबै राजपत्निहरूले आँसु झारे भनिएको छ। नारीको पीडा जति नारीले बुझ्न सक्छन् त्यति पुरुषले बुझ्न सक्दैनन्[127] भन्ने नारीवादी आलोचकहरूको मान्यता यहाँ उपयुक्त देखिन्छ। यस अवधारणाका आधारमा हेर्दा सीताको पीडा राजपत्निहरूले आफ्नै पीडा सम्झेर अनुभूति गरेको बुझिन्छ। उपर्युक्त श्लोकमा करुण रसको उत्पत्तिका निम्ति सीता आलम्बन विभाव हुन्। पुराना लुगाको मुटुरा (गुन्टा), राजमहलको मार्मिक परिवेश आदि उद्दीपन विभाव हुन्। यहाँ विभावका कारण पाठकमा बोध भएको भाव बाह्य रूपमा प्रकाशित हुने अश्रु, स्वरकम्पन, स्तम्भ आदि अनुभाव हुन् भने अस्थायी रूपमा प्रकट हुने चिन्ता, मोह आदि सञ्चारी भाव हुन्।

[127] कविता लामा, सन् २०१६, 'पितृसत्ता र नारीवाद : सन्दर्भ नेपाली साहित्य', घनश्याम नेपाल र अन्य (सम्पा), *अभिज्ञान* (वर्ष : ५, अङ्क : ५), नेपाली विभागः उत्तर बङ्ग विश्वविद्यालय   पृ ७२

रामायणको उत्तरकाण्डमा रामले लोकको अपवाद मेटाउन र राजधर्म पालन गर्नका लागि सीतालाई वनमा छोड्ने आज्ञा दिएको प्रसङ्ग पाइन्छ। घनघोर जङ्गलमा असहाय सीताको विलापले पाठकको हृदयलाई द्रवीभूत पार्दछ।

उदाहरणार्थ-

*लागिन् गर्न विलाप् सिताजि वनमा छोड्या मलाई भनी।।११७।।*

(*भानुभक्तको रामायण*, 'उत्तरकाण्ड', पृ २००)

यहाँ सीता आलम्बन विभाव हुन् र जङ्गल, सीताको विलाप आदि उद्दीपन विभाव हुन्। वनमा एक्ली सीताको विलापले पाठकका आँखा रसाउनु, ओठ काम्नु आदि अनुभाव हुन् भने अस्थायी रूपमा उत्पन्न हुने मोह, ग्लानि, चिन्ता, उन्माद, त्रास आदि व्यभिचारी भाव हुन्। यी सबै उपकरणहरूको संयोगबाट पाठक वा प्रेक्षकका मनमा सुषुप्त अवस्थामा अवस्थित शोक स्थायी भाव जागृत भई करुण रसको अनुभूति हुँदछ।

### ४.२.४ रौद्र रस

भानुभक्तीय रामायणमा विविध युद्धको वर्णन पाइन्छ। योद्धाहरूमा उत्पन्न क्रोध भाव नै रौद्र रस रूपमा आस्वाद्य हुँदछ। विशेषतः रौद्र रसको अनुभूति गराउने विभावहरू परशुराम, मेघनाथ (इन्द्रजित), बाली, लक्ष्मण, राम, हनुमान आदि हुन्। यी विभावहरूमा उत्पन्न क्रोध भाव साधारणीकृत भई पाठकमा पनि उत्पन्न हुँदछ। रौद्र रसको अनुभूति गराउने केही श्लोकहरू निम्न प्रकारले देखाउन सकिन्छ-

*सागर्शोषण गर्नलाइ धनु ली बाण् खैंचनू भो जसै।*
*कामिन् भूमि पनी भयङ्कर स्वरूप राम्लाई देख्ती तसै।।*
*चार् कोस् तक् त समुद्रको जल पुग्यो दस् दिक् अँध्यारा भया।*
*जो जन्तू जलमा थिया ति पनि ता सब् खल्बलाई गया।।७२।।*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ १२९)

भानुभक्तले रामलाई विष्णुको अवतार माने पनि नरका रूपमा देखाएका छन्। राम सामान्य मनुष्यले झैँ कार्यहरू गर्छन्। माथिका श्लोकमा समुद्र पार गर्नका निम्ति सागरबाट कुनै सहयोग नपाउँदा राममा क्रोध

स्थायी भाव जागृत भएको पाइन्छ। सम्पूर्ण वानरसँगै समुद्र पार गरेर लङ्का पुग्नु पर्ने हुँदा रामले क्रोधमा आएर समुद्र सोस्नका निम्ति धनुमा बाण खैँचेका छन्। यहाँ सागर विषय आलम्बन हुन् भने राम आश्रय आलम्बन हुन्। रामको भयङ्कर स्वरूप, सर्वत्र अँध्यारो हुनु आदि उद्दीपन विभाव हुन्। रामले धनु खैँचेपछि पानीमा बस्ने जन्तुहरू खलबलाउनु, भूमि कम्प हुनु आदि अनुभाव हुन्। पाठकमा अस्थायी रूपमा उत्पन्न हुने उग्रता, आवेग, त्रास आदि व्यभिचारी भाव हुन्। यी सबै उपकरणहरूको संयोगबाट पाठकमा हुने विशिष्ट भावानुभूतिबाट आस्वाद्य रसलाई रौद्र रस मानिन्छ।

उदाहरणार्थ-

*कस्को पुत्र तँ होस् बता म कन रे जाबो पुरानू धनू।*
*भाँच्दैमा अति गर्व भो तँ कन ता धेरै कुरा क्या भनू।।*
*यो त हो हरिको धनू विर भया ताँदो यसैमा चढा।*
*भन्दै खुप् रिसले रह्या परशुराम् राम् कै अगाडी खडा।।१२६।।*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ २२)

प्रस्तुत श्लोकमा राम विषय आलम्बन हुन् अनि परशुराम आश्रय आलम्बन हुन्। परशुरामको क्रुद्ध वचन, ताँदो चडाउने हाँक आदि उद्दीपन विभाव हो भने गर्जन, आँखा रातो हुनु आदि अनुभाव हुन्। यस प्रसङ्गमा पाठकमा आवेग, उग्रता, अवहित्था, चिन्ता आदि सञ्चारी भाव उपन्न हुँदछ। प्रस्तुत श्लोकको पठनले पाठकका अन्तस्करणमा सुषुप्त अवस्थामा अवस्थित क्रोध स्थायी भावलाई जागृत गराएर रौद्र रसको अनुभूति गराउँदछ।

उदाहरणार्थ-

*ताँदो आज चढाउँछस् त यसमा सङ्ग्राम् तँ त्यैं गर्दछु।*
*सक्तैनस् तब हेर् म राख्दिन सबैको प्राण सहज् हर्दछु।।*
*यस्ता क्रूर वचन् गरी परशुराम् कालाग्नि झैं रुप् धऱ्या।*
*पृथ्वी कम्प गराइ लोकहरुको सम्पूर्ण सातो हऱ्या।।१२७।।*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ २२)

उपर्युक्त श्लोकमा राम विषय आलम्बन हुन् भने परशुराम आश्रय आलम्बन हुन्। सङ्ग्राम, ताँदो चढाउने चुनौती आदि उद्दीपन विभाव हुन्। पृथ्वी काम्नु, परशुरामको कालाग्नि झैँ रूप देखिनु आदि अनुभाव हुन्। पाठकमा अस्थायी रूपमा आविर्भूत आवेग, उग्रता, त्रास आदि सञ्चारी भाव हुन्। परशुराममा अवस्थित क्रोध स्थायी भाव साधारणीकृत भई पाठकमा पनि जागृत हुँदछ र पाठकले रौद्र रसको आस्वादन गर्दछन्।

उदाहरणार्थ-

*घाऊ श्रीहनुमानका शरिरमा देख्नू भयेथ्यो जसै*
*साह्रै रिस् उठि काल रुद्र सरिका ठाकुर् हुन् भो तसै*
*घौडा रथ् ध्वज सूत शस्त्र धनु सब् छत्रै पताकै पनी*
*काटी रावणलाई हान्नु पनि भो मूर्छा परोस् यो भनी॥१२२॥*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ १३७)

हनुमान रामका सर्वप्रिय सेवक मानिन्छन्। क्षार समुद्र पार गरी सीताको हाल-खबर राम समक्ष ल्याउने स्वामीभक्त पनि हनुमान नै थिए। यस्ता सर्वप्रिय सेवक हनुमानलाई रावणको प्रहारले चोट लागेपछि राममा उत्पन्न क्रोध भाव साधारणीकृत भई पाठकमा पनि जागृत हुँदछ। यहाँ राम आलम्बन विभाव हुन् र चोट, काल, रुद्र रूप आदि उद्दीपन विभाव हुन्। आँखा रातो हुनु, दाँत किट्नु आदि अनुभाव हुन्। यस भावद्वारा उत्पन्न त्रास, आवेग, उग्रता आदि व्यभिचारी भाव हुन्। यहाँ विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट प्रेक्षकलाई रौद्र रसको अनुभूति हुँदछ।

### ४.२.५ वीर रस

भानुभक्तीय रामायणमा वीर रसलाई अङ्गी रस मान्न सकिन्छ। यसका अधिकांश पात्रहरू युद्धवीर देखिन्छन्। राम, परशुराम, रावण, लक्ष्मण, मेघनाथ, कुम्भकर्ण, हनुमान, बाली, सुग्रीव, अङ्गद आदि आलम्बन विभाव हुन्। यसमा पाइने वीर रसप्रधान श्लोकहरू यस प्रकार रहेका छन्-

*मारिच्लाइ त बाणले जलधिका तिर्मा पुऱ्याई दिया*
*अग्नीबाण धरी सुबाहु कन त भस्मै गराइ दिया।*
*तिन्को फौज् पनि ताहिं लक्ष्मणजिले मारी सक्याथ्या जसै*

*खूसी भै कन पुष्पवृष्टि गरियो सब् देवताले तसै॥८५॥*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ १५)

विश्वामित्रको आश्रममा यज्ञ नष्ट गर्न आएका मारिच र सुबाहुलाई राम र लक्ष्मणद्वारा मारिएको उपर्युक्त प्रसङ्गले पाठकको अन्तस्करणमा रहेको उत्साह स्थायी भावलाई जगाउँदछ। राम र लक्ष्मणले राक्षसको फौजको वध गर्दा पाठक पनि उत्साहित बन्छन्। राम, लक्ष्मण, मारिच र सुबाहु आलम्बन विभाव हुन् र अग्निबाण, पुष्पवृष्टि आदि उद्दीपन विभाव हुन्। प्रस्तुत श्लोकबाट पाठकमा अस्थायी रूपमा उत्पन्न हुने गर्व, आवेग, त्रास आदि सञ्चारी भाव हुन्। राम-लक्ष्णमको सौर्य अनि ओज देखेर पाठकमा उत्साह स्थायी भाव जागृत भई वीर रसको अनुभूति हुँदछ। राम-लक्ष्मणको यस कार्यबाट प्रसन्न भएर देवताहरूले पुष्पवृष्टि गराएका छन्। यसबाट पाठकमा शम स्थायी भाव जागृत हुँदछ। यहाँ शान्त रसका उद्बोधनका लागि देवता आलम्बनका विषय हुन् भने राम-लक्ष्मण आलम्बनका आश्रय हुन्।

उदाहरणार्थ-

*रावण्लाइ कुलै समेत क्षय गरी ल्याइन्छ सीता पनि।*
*वानर्को जति फौज् छ सब् अब चलोस् लियेर लङ्का भनी॥*
*लक्ष्मण् अङ्गदमा चढुन् दुइ जना हामी हनुमान् महाँ।*
*सुग्रिव्लाई यती हुकुम् पनि गऱ्या प्रस्थान् प्रभूले तहाँ॥१६॥*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ ११९)

ब्रह्माद्वारा रावणले प्राप्त गरेको वरदानमा मानिसद्वारा मात्र रावणको वध हुने प्रसङ्ग पाइन्छ। यसैले ब्रह्मा अनि इन्द्रादि देवताहरूले रावणलाई मार्नका निम्ति विष्णुसँग नररूप धारण गर्ने याचना गर्छन्। विष्णुले रावणलाई मार्नका निम्ति दशरथको जेठो छोरा राम भएर जन्म लिनेछु भन्ने आस्वासन दिएपछि ब्रह्माले इन्द्रादि देवताहरूलाई वानर अवतार लिएर रामका सहायता गर्न आज्ञा दिएका छन्। भानुभक्तीय रामायणको कथावस्तुअनुसार इन्द्रादि देवताका अवतार वानरहरू हुन्।

उपर्युक्त श्लोकमा राम, सुग्रीव, वानर फौज आदि आलम्बन विभाव हुन्। रावणको कुलै नाश गर्ने वानर सैन्यको प्रतिबद्धता, हनुमान र अङ्गदका काँधमा चढेर चाँडो लङ्का प्रस्थान गर्ने रामको उत्साह आदि उद्दीपन विभाव हुन्। पाठकमा अस्थायी रूपमा उत्पन्न हुने गर्व, आवेग, हर्ष आदि व्यभिचारी भाव

हुन्। यहाँ राममा निहित उत्साह स्थायी भाव साधारणीकृत भई पाठकमा पनि सोही भाव जागृत हुँदछ। यी सबै भावहरूको संयोगबाट पाठकमा अनुभूत हुने रस वीर रस हो।

उदाहरणार्थ-

*दर्बार् भित्र पसी हुकुम् पनि दियो लौ लड्न जाऊ भनी।*
*निस्क्या लड्न भनी प्रहस्तहरु विर् छोपेर भूमी पनी।।*
*राँगा उँट् गदहा र सिंसरुमा विर् विर् सवारी भया।*
*नाना शस्त्र र अस्त्र ली कन अनेक् विर् लड्न जल्दी गया।।१०१।।*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ १३३)

यहाँ प्रहस्त अनि भूमि छोपेर लड्न आएका वीरहरू आलम्बन विभाव हुन् भने शस्त्र-अस्त्र, राँगा, सिंह, आदि उद्दीपन विभाव हुन्। प्रहस्त आदि वीरहरूका आङ्गिक हाउभाउ अनुभाव हो। यस अवस्थामा पाठकमा आवेग, गर्व, उग्रता आदि सञ्चारी भाव उत्पन्न हुँदछ। यी भावहरूको संयोगबाट पाठकमा उत्साह स्थायी भाव जागृत भई वीर रसको अनुभूति हुँदछ।

### ४.३.६ भयानक रस

भानुभक्तीय रामायणमा मूलतः युद्धको प्रसङ्गहरूमा भयानक रसको प्रतीति हुँदछ। अधिकतर विभावहरूका चेष्टा, आवेश आदिबाट नै भय भाव जागृत हुँदछ। भयानक रसको अनुभूति गराउने केही उद्धरणहरू निम्न प्रकार छन्-

*यस् पृथ्वीतलका ति क्षत्रिहरूको ठूलो विनाशैगरी।*
*आया तेस् बिचमा तहीं परशुराम उल्का भयो जुन् घरी।।*
*पृथ्वी कम्प भइन् त्यसै बखतमा हाहा सबैमा परी।*
*राजाका मनमा विचार् यहि पऱ्यो छोरा बचुन् क्या गरी।।१२४।।*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ २२)

परशुरामलाई विष्णुको छैँटौँ अवतार मानिन्छ। उनी एकजना ब्राह्मण पुत्र भएर पनि उनले एक्काइस पल्ट पृथ्वीलाई क्षत्रीय विहीन बनाएका थिए। पूर्वजन्ममा कार्तवीर्यलाई मार्नका लागि भगवान् विष्णुले परशुराम

अवतार लिएका थिए। त्रेता युगमा फेरि मनुष्यका रूपमा अवतार लिएर भेट गर्ने छु भनी भगवान् विष्णुले परशुरामलाई वचन दिएका थिए। *श्रीमद्भागवत*को नवम स्कन्धअन्तर्गत सोह्रौँ अध्यायमा 'परशुरामद्वारा क्षत्रीहरूको संहार र विश्वामित्रको वंस' शीर्षकमा लेखिएअनुसार सहस्त्रबाहु अर्जुनका छोराहरू परशुरामका डरले भागेर गए तापनि आफ्ना बाबुलाई मारेको कुरा सही नसक्नु भएर प्रतिशोध लिनका लागि परशुराम र उनका दाजुहरू पनि नभएको मौका पारी परशुरामको पिता महर्षि जमदग्निका आश्रममा गए। उनीहरूले जमदग्नि अग्निशालामा बसेर भगवान्को चिन्तन गरिरहेका बेलामा टाउको काटी लिएर गए। यो घटना सुनेर परशुरामले क्षत्रीहरूको संहार गर्ने निश्चय गरी माहिष्मती नगरमा गइ सहस्त्रबाहु अर्जुनका छोराहरूको टाउको काटेर थुप्रो लगाइदिए। परशुरामले हैकमवादी र ब्रह्मघाती क्षत्रीहरूको अत्याचार बुझेर एक्काइसपल्ट पृथ्वीलाई क्षत्रीय विहीन बनाइदिए।[128]

उपर्युक्त श्लोकमा परशुराम आलम्बन विभाव हुन् र उनका क्रोधले पृथ्वी कम्प हुनु, हाहाकार र उल्का हुनु उद्दीपन विभाव हुन्। परशुरामको आगमनले यहाँ भयावह परिवेश सिर्जना भएको छ। उनको क्रोधले गर्दा पृथ्वी नै कम्प भएको छ र यस्तो परिदृश्य देखेर राजा दशरथ आफ्नो पुत्रको प्राण सङ्कटमा रहेको अनुभव गर्छन्। राजा दशरथमा रहेको भय स्थायी भाव साधारणीकृत भई पाठकले पनि बोध गर्छन्। अतः पाठकमा पनि भय स्थायी भाव जागृत भई भयानक रसको अनुभूति हुँदछ।

जब रावणले रामको सारथी मातली अनि घोडालाई समेत प्रहार गर्छन् तब राम क्रोधित हुन्छन्। रिसले चुर भएका रामको स्वरूप कालाग्नी झैँ देखिन्छ। राममा उत्पन्न क्रोध भावले प्रेक्षकमा भयानक रसको प्रतीति गराउँदछ।

उदाहरणार्थ-

*कालाग्नी सरिका भयङ्कर स्वरुप् राम्को बनेथ्यो जसै*
*कामि पृथ्वि पनी भयङ्कर स्वरुप् देखिन् र राम्को तसै॥२५८॥*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ १६०)

प्रस्तुत श्लोकमा राम आलम्बन विभाव हुन् र कालाग्नी उद्दीपन विभाव हुन्। पृथ्वी काम्नु, रामको भयङ्कर स्वरूप आदि अनुभाव हुन्। यसबाट पाठकमा उत्पन्न हुने त्रास, चिन्ता, आवेग आदि सञ्चारी भाव हुन्।

---

[128] उदयचन्द्र वसिष्ठ, सन् २००१, *नेपाली श्रीमद्भागवत महापुराण,* सिक्किमः निर्माण प्रकाशन, पृ २९३

यी उपकरणहरूको संयोगबाट सहृदय प्रेक्षकमा भय स्थायी भाव जागृत भई भयानक रसको अनुभूति हुँदछ। यसका साथै उपर्युक्त श्लोकबाट रौद्र रसको पनि अनुभूति हुँदछ। राममा निहित क्रोध स्थायी भाव साधारणीकृत भई पाठकमा पनि जागृत हुँदछ।

### ४.२.७ अद्भुत रस

भानुभक्तीय रामायणका कतिपय प्रसङ्गमा अलौकिक र अस्वाभाविक वर्णनहरू पाइन्छ। यस्ता प्रसङ्गहरूले पाठकमा अदभूत रसको अनुभूति गराउँदछ। अद्भुत रसको आस्वादन गराउने केही श्लोकहरूलाई निम्न प्रकारले देखाउन सकिन्छ-

*लक्ष्मण्लाइ उठाउना कन तहाँ दौडेर रावण् गयो।*

*सक्थ्यो रावणले उठाउन कहाँ आश्चार्य मान्दो भयो॥११८॥*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ १३६)

लोकका लागि अपराजेय ठानिने रावण आफूलाई सर्वश्रेष्ठ योद्धा ठान्दथे। तर मुर्च्छित लक्ष्मणलाई पनि उठाउन असमर्थ बनेका रावण लक्ष्मणको ऊर्जा, शक्ति र बल देखेर आश्चर्यचकित बनेका छन्। यहाँ रावणमा उद्घाटित आश्चर्य भाव प्रेक्षकले पनि अनुभव गर्दछन्। उपर्युक्त श्लोकमा रावण अनि लक्ष्मण आलम्बन विभाव हुन् भने पाठकमा अस्थायी रूपमा जागृत हुने ग्लानि, आवेग, विषाद आदि सञ्चारी भाव हुन्। रावणमा निहित आश्चर्य भाव साधारणीकृत भई पाठकले अद्भुत रसको अनुभूति गर्दछ।

देवताहरूमध्ये सर्वश्रेष्ठ कसलाई मानिन्छ र कसको भक्ति गर्नाले मुक्ति पाइन्छ? भनेर रावणले गरेका प्रश्नको उत्तरमा सनत्कुमार ऋषिले भनेका निम्न श्लोकले अद्भुत रसको प्रतीति गराउँछ।

उदाहरणार्थ-

*जसले नाभि कमल् विषे त भग्वान् ब्रह्माजि पैदा गरी*

*ती द्वारा जगतै बनाउनु भयो ठूलो तिनै हुन् हरी॥८५॥*

(*भानुभक्तको रामायण*, 'उत्तरकाण्ड', पृ १९५)

हरिले नाभीमा कमल उमारेर त्यहाँबाट ब्रह्माको सिर्जना गरे भनिएको छ। यहाँ सनत्कुमार ऋषिले हरि भनेर विष्णुलाई भनिएको बुझिन्छ। हरि आलम्बन विभाव हुन् र नाभिबाट कमल उमार्नु, कमलबाट ब्रह्मा

उत्पन्न गराउनु आदि आश्चर्यमय कुराहरू अद्भुत रसको उद्बोधनका लागि उद्दीपन विभाव भएको देखिन्छ। यहाँ स्वेद, रोमाञ्च, भृकुटी विकास आदि अनुभाव हुन्। यस्तो अवस्थामा पाठकमा आवेग, हर्ष, तर्क आदि सञ्चारी भाव अनि आश्चर्य स्थायी भाव जागृत हुँदछ।

सीताको जन्म कथासम्बन्धी विभिन्न मिथकहरू पाइन्छ। भानुभक्तीय रामायणमा वर्णित सीताको जन्मकथा पनि अनौठो लाग्दो पाइन्छ।

उदाहरणार्थ-

*जान्थ्यौं भूमि पवित्र गर्न भनि एक् क्वै यज्ञ गर्दा महाँ*
*जोत्तामा त सिताजि निस्कन गइन् आश्चर्य मान्याँ तहाँ।।११४।।*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ २०)

सीताको जन्मसम्बन्धी पनि विभिन्न किंवदन्ती प्रचलित पाइन्छ। *वाल्मीकि रामायण*अनुसार राजा जनकले यज्ञ गर्ने उद्देश्यले ठाउँ तयार पार्नका लागि भूमि जोत्दै गर्दा हलोको फालीबाट निर्मित माटोको सियोमा एउटी बालिका भेटाएको प्रसङ्ग पाइन्छ।[129] *वाल्मीकि रामायण*को उत्तरकाण्डमा सीताको पूर्वजन्मको वर्णन पाइन्छ। ऋषि कुशध्वजकी पुत्री वेदवतीलाई रावणले कपालमा समाएर बलपूर्वक अपमान गर्न खोज्दा वेदवतीले आफ्नो कपाल नै काटेर आफूलाई मुक्त गराएकी थिइन्। अपमानबोधले पागल भएर उनले रावणलाई "तेरो मृत्युका लागि अयोनिजाका रूपमा जन्म लिनेछु" भनेर श्राप दिएकी थिइन्। यसपछि वेदवतीले अग्निमा प्रवेश गरी देह त्याग गरेकी थिइन् र पछि जनकका यज्ञ भूमिमा उत्पन्न भइन्।[130] प्रस्तुत कथाअनुसार सीताको जन्म भूमिबाट अर्थात् अयोनिजाका रूपमा भएको देखिन्छ। *अद्भुत रामायण*अनुसार रावण र मन्दोदरीकी छोरी सीता हुन्।[131] कृतिवासको *रामायण*अनुसार रावणबाट अपमानित भएर अग्नि प्रवेश गरकी वेदवती नै सीताका रूपमा प्रकट भएकी हुन्।[132] *प्रयोगात्मक नेपाली शब्दकोश*मा सीता शब्दको अर्थ "हलो जोत्दाको सियो वा हलाको डोब" भनिएको छ।[133] भानुभक्तीय रामायणअनुसार राजा जनकले भूमि जोत्दा त्यहाँबाट सीताको उत्पत्ति भएको छ। हलोको सियोबाट

[129] कामिल बुल्के, सन् २०१२, *रामकथा,* इलाहाबादः हिन्दी परिषद् प्रकाशन, पृ २९२
[130] उही, पृ २९३
[131] उही, पृ १३३
[132] उही, पृ २९४
[133] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, सन् २०१७, उही, पृ १४६६

निस्किएका हुनाले उनको सीता नाम राखिएको बुझिन्छ। सामान्यतः भूमिबाट बालिका उत्पन्न हुनु असम्भव र अस्वाभाविक कुरा हो भन्न सकिन्छ तर यही अस्वाभाविकताले नै पाठकलाई अद्भुत रसको अनुभूति गराउँदछ।

वनवास कालमा कुटीमा एक्ली भएको मौका छोपी मायावी रावण सन्न्यासीको रूप धारण गरेर भीक्षा माग्न पुग्छन्। पछि रावणले आफ्नो वास्तविक रूप धारण गर्दा सीता आश्चर्यचकित बन्छिन्।

उदाहरणार्थ-

*यस्ता वचन् सुनि रिसायर जल्दि ऊठ्यो*

*धाऱ्यो स्वरूप् र अब हर्छु भनेर छुट्यो*

*बिस् बाहु दस् मुख शरिर् पनि शुद्ध कालो*

*देखाइ खुब् कन तरास् मन भीत्र हाल्यो॥८६॥*

(*भानुभक्तको रामायण*, 'अरण्यकाण्ड', पृ ६०)

प्रस्तुत श्लोकबाट अद्भुतसँगै भयानक रसको पनि प्रतीति हुँदछ। रावण विषय आलम्बन हुन् भने सीता आश्रय आलम्बन हुन्। बिस बाहु, दस मुख, निक्खर कालो शरीर आदि उद्दीपन र आँखीभुइँ उचालिनु, स्वेद आदि अनुभाव हुन्। पाठकमा अस्थायी रूपमा उत्पन्न हुने त्रास, आवेग, चिन्ता आदि सञ्चारी भाव हुन्। रावणको मायावी स्वरूप देखेर सीतामा उत्पन्न भएको आश्चर्य स्थायी भाव नै साधारणीकृत भई पाठकमा पनि जागृत हुँदछ।

राम-सुग्रीवले मित लगाएपछि रामले सुग्रीवलाई आश्वस्थ गर्दै बालीलाई मारी तिमीलाई राजा बनाउँछु भनी वचन दिन्छन्। सुग्रीवले बालीको पराक्रमको अघि राम विजयी हुन्छन् के? भनेर विश्वास नगरी रामको वीरत्व जान्ने इच्छा गर्छन्। तर जब रामको धनुर्विद्या, युद्धकौशल, प्रताप र पराक्रम एकैचोटी प्रत्यक्ष रूपमा देख्दा आश्चर्यचकित बन्छन्।

उदाहरणार्थ-

*बाण् फ्याँक्या प्रभुले र वेग् सित गयो सात्ताल भेदन् गरी*

*पर्वत् भूमि समेत् विरादि पर गो साम्ने त सब् साफ् गरी*

*ठोक्रैमा फिरि आइ बाण् जब पऱ्यो सुग्रीवजी छक् पऱ्या*

*साक्षात् श्रीपति हुन् भनी चिह्नि तहाँ राम्को स्तुती खूप् गऱ्या॥२७॥*

(*भानुभक्तको रामायण*, 'किष्किन्धाकाण्ड', पृ ७१)

एउटा बाणले सातवटा वृक्षलाई छेदन गरी फेरी सोही बाण ठोक्रेमा आएर पस्नु अलौकिक कार्य हो। यस अलौकिकताले पाठकमा अद्भुत रसको अनुभूति गराउँदछ। राम आलम्बन विभाव हुन् र बाणले सातवटा वृक्ष छेदन गर्नु, बाण फर्केर ठोक्रेमा पस्नु आदि उद्दीपन विभाव हुन्। यहाँ रामको अलौकिक कार्यले पाठकको आँखीभुइँ उचालिनु, विस्फारित नेत्रले हेरेको हेरै हुनु, वक्रओठ बनाउनु र अवाक् आदि अनुभाव हुन् अनि अस्थायी रूपमा उत्पन्न हुने शङ्का, आवेग, उग्रता, हर्ष आदि व्यभिचारी भाव हुन्। असम्भव कुरालाई पनि सम्भव गराउन सक्ने रामको अलौकिक कार्यबाट आश्चर्यचकित बनेका सुग्रीवमा उत्पन्न आश्चर्य स्थायी भाव साधारणीकृत भई पाठकमा पनि उत्पन्न हुँदछ।

सीताका खोजीमा निस्केका हनुमानले एक सय अस्सी कोस समुद्र पार गरेको वर्णन आश्चर्यचकित लाग्दो पाइन्छ।

उदाहरणार्थ-

*दक्षिण् तरफ् मुख गरी कन कुद्न बस्ता*

*ऊपर् नजर दि अघिका दुइ पाउ धस्ता*

*सोझो गराइ कन घाँटी कुद्या जसै ता*

*वायू सरी हुन गया हनुमान् तसै ता॥३॥*

(*भानुभक्तको रामायण*, 'सुन्दरकाण्ड', पृ ९१)

हनुमानले गरेका उक्त आश्चर्यजनक कार्यबाट पाठकले अद्भुत रसको अनुभूति गर्छन्। यहाँ हनुमान आलम्बन विभाव हुन् र हनुमानको अलौकिक कार्य, वायु सरीको तीव्रवेग आदि उद्दीपन विभाव हुन्। आलम्बन र उद्दीपनको संयोगबाट पाठकमा बोध भएको भाव बाह्य रूपमा प्रकाशित हुनु अनुभाव हो। यहाँ आँखीभुइँ उचालिनु, रोमाञ्च, अक्क न बक्क पर्नु आदि अनुभाव हुन्। हनुमानको सौर्य, वीरत्व एवम् अलौकिक कार्यबाट पाठकमा उग्रता, आवेग, गर्व, हर्ष आदि सञ्चारी भाव उत्पन्न हुँदछ। आलम्बनको विलक्षण कार्यले पाठकका चित्तलाई द्रवीभूत पारी आश्चर्य स्थायी भाव जागृत गराउँदछ। यी भावहरूका संयोगबाट पाठकमा अनुभूत हुने रसलाई अद्भुत रस मानिन्छ।

### ४.२.८ शान्त रस

शान्त रसलाई भानुभक्तीय रामायणको अङ्गी रस मान्न सकिन्छ। यसमा आद्योपान्त ईश्वर भक्तिको वर्णन पाइन्छ। भानुभक्तीय रामायणको प्रमुख उद्देश्य नेपाली जन-जीवनमा रामकथाको प्रचार गर्नु रहेको देखिन्छ, त्यसैले यस कृतिमा धर्म, नीति, आदर्श, प्रेम, मानवता आदि सदाचारको पाठ पढाइएको पाइन्छ। यहाँ नायक-नायिकालाई परमात्माको अवतार मानिएको छ। अतः उनीहरूको स्तुति मानवले मात्र नभएर देउताले पनि गरेको पाइन्छ। यसर्थ प्रस्तुत कृतिले पाठकलाई स्थायी रूपमा शान्त रसको अनुभूति गराउँदछ। शान्त रसप्रधान केही श्लोकहरू निम्न प्रकारले देखाउन सकिन्छ-

*नरदले दुनियाँउपर् गरि दया बिन्ती गऱ्या जसै।*
*ब्रह्माजी पनि खुप् प्रसन्न हुनुभो मर्जी भयो यो तसै।।*
*हे नारद् ! सब पाप हर्न कन ता रामायणैले सरी।*
*अर्को मुख्य उपाय छैन सबको हित् यै छ अमृत सरी।।७।।*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ २)

उपर्युक्त उदाहरणमा नारद र ब्रह्मा आलम्बन विभाव हुन्। यी दुईजनाका संवादबाट व्यक्त गरिएको रामायणको प्रसंशा, दया, बिन्ती, अमृत आदि उद्दीपन विभाव हुन्। सम्पूर्ण पाप पखाल्ने र मोक्ष पाउने मार्ग केवल रामायण हो भन्ने भावले मानव मनमा रहेको निर्वेद स्थायी भावलाई जगाउँदछ र पाठकलाई शान्त रसको आस्वादन गराउँदछ।

उदाहरणार्थ-

*राम्गीता उपवास् गरी कन बहुत् आदर गरी पढ्छ जो।*
*तेस्लाई त न भन्नु मानिस भनी रामै सरीको छ त्यो।।*
*दान् ध्यान् तीर्थ कदापि केही न गरी नै रामगीता पढी।*
*बस्छन् जो त अनन्तको पदविमा जान्छन् सहज् पार् तरी।।२१।।*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ ४)

रामको स्तुति गर्नाले मात्र मुक्ति पाइन्छ भन्ने सार बोकेको उपर्युक्त श्लोकले शान्त रसको अनुभूति गराउँदछ। प्रस्तुत श्लोक पढ्दा पाठक, भावक र श्रोता सबै राम भक्तिमा लीन हुन पुग्दछन्। पाठक केही

क्षणका लागि भए पनि नकारात्मक विचारहरूदेखि मुक्त हुन्छन्। सांसारिक मोहदेखि माथि उठ्छन् र आत्मा र परमात्माको कल्पना गर्छन्। यसर्थ उक्त श्लोकबाट उच्च उदात्त भाव अनुभूत हुनाले यस रसलाई शान्त रस मानिन्छ।

उपर्युक्त श्लोकमा राम आलम्बन विभाव हुन्। उपवास, अनन्तको पदवी, दान, तीर्थ आदि उद्दीपन विभाव हुन्। यहाँ पाठकमा अस्थायी रूपमा प्रफुरण हुने निर्वेद, औत्सुक्य, धृति, चिन्ता आदि सञ्चारी भाव हुन्। यसले सुषुप्त अवस्थामा रहेको शम वा निर्वेद स्थायी भाव जागृत गराउँदछ। यी सबै उपकरणहरूको संयोगबाट अनुभूत हुने रस नै शान्त रस हो।

उदाहरणार्थ-

*राम् हुन् परात्मा ति कहाँ विकारी।*
*यस लोकमा छन् नररूपधारी।।*
*काम् गर्न लाग्या ति नरै सरीका।*
*लीला अपार छन् भगवान् हरिका।।*६६।।

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ १२)

सनातन धर्ममा विष्णुका २४ वटा अवतारहरूको वर्णन पाइन्छ। त्यसमध्ये पनि १० वटा अवतार चाहिँ मुख्य छन्। ती १० वटा अवतारहरूमध्ये रामलाई विष्णुको सातौँ अवतारका रूपमा चिनिन्छ। त्यस्तै प्रकारले रामलाई १२ कला अवतार मानिन्छ। राम भगवान् विष्णुकै अवतार मानिए तापनि रामले मर्त्यलोकमा जन्म लिँदा मनुष्यको नर रूपमा जन्म लिए। उनले दशरथ अनि कौशल्याको जेठो पुत्रका रूपमा जन्म लिएका हुन्। तर सनातन धर्मले उनलाई परमात्मा अथवा अविकारी भनेर मान्दै आएको पाइन्छ। यसैअनुरूप भानुभक्तले आफ्नो काव्यमा पनि रामलाई परमात्मा रूपमा नै स्वीकार गरेका छन्। रामले आफ्ना जीवनभरि नै मनुष्यले गर्नु पर्ने धर्म पालन गर्दै आएको पाइन्छ। यस कारण उनलाई सबैले पुरुषोत्तमका रूपमा जान्दछन्। तर राम आफू स्वयम् दैवी गुण युक्त भएर पनि मनुष्य रूपमा कार्य गर्नु उनको लीला नै हो भन्ने भानुभक्तको विश्वास रहेको उपर्युक्त श्लोकबाट थाहा पाइन्छ। तसर्थ मानिसले ईश्वरलाई आफ्नो सर्वस्व ठान्ने हुँदा अथवा ईश्वरको लीलामा आनन्दित हुने हुँदा यस श्लोकले पाठकको चित्तलाई द्रविभूत पार्दछ। यस कारण उपर्युक्त श्लोकको स्थायी भाव निर्वेद र रस शान्त रहेको मान्न सकिन्छ। यद्यपि

रूप गोस्वामीले भक्ति रसको चर्चा पनि गरेको हुँदा यहाँ भक्ति रसको पनि सङ्केत रहेको बुझिन्छ। रामायणमा यस प्रकारका प्रसङ्गहरू यत्रतत्र पाइन्छ। उदाहरण स्वरूप रामायणका विभिन्न काण्डहरूमा रहेका प्रसङ्गहरूमध्ये- भगवान् रामप्रति हनुमानको अनुराग र भक्तिभाव, रामले सबरीप्रति देखाएको दयाभाव, माझीप्रति देखाएको प्रेम, अहल्याको मुक्ति, सुग्रीवप्रतिको मित्रता तथा आफ्ना अनन्य भक्तहरूप्रति राम स्वयम्को भक्ति आदि प्रसङ्गहरूद्वारा पुष्टि गर्न सकिन्छ।

उपर्युक्त श्लोकमा राम मूलतः आलम्बन विभाव हुन् भने परात्मा, नररूप, हरि आदि उद्दीपन विभाव हुन्। आलम्बन र उद्दीपनको संयोगबाट हुने बोध वा अनुभूति अर्थात् निर्वेद, गर्व आदि सञ्चारी भाव हुन्। साथै राम नररूप भए तापनि उनी वास्तवमा ईश्वर वा परमात्मा हुन् भनेर चित्तमा अनुभूत हुने भाव नै अनुभाव हो। यस पङ्क्तिमा निहित यी सबै उपकरणको संयोगबाट साधरणीकृत भई पाठकलाई हुने विशिष्ट भावबोध नै शान्त रस हो।

उदाहरणार्थ-

*मानिस्ले त बखान् कहाँ तक गरौं सब् देवताले पनी।*
*राम्को कीर्तन खूप् गऱ्या र सुनियो मीठो मधूरध्वनी।।*
*भेरी शङ्ख मृदङ्ग आदि नगडा खुप् बज्न लाग्या पनी।*
*श्रीराम्को पनि कुच् भयो रथ चढी जाऊँ अयोध्या भनी।।३४९।।*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ १७५)

रामको प्रशंसा पृथ्वीका मानिसहरू मात्र होइन अपितु समस्त देवताले पनि गरेका छन्। उपर्युक्त श्लोकमा राम आलम्बन विभाव हुन् अनि मधुर ध्वनि, शङ्ख, मृदङ्ग आदि उद्दीपन विभाव हुन्। आलम्बन र उद्दीपनको संयोगले प्रेक्षकमा भक्तिभाव उद्बोधन गराउँदछ। रामको स्तुतिले पाठकमा निर्वेद, गर्व, मति आदि सञ्चारी भावको बोध हुँदछ। यी सबै भावहरूको संयोगबाट पाठकका अन्तस्करणमा सुषुप्त अवस्थामा अवस्थित शम वा निर्वेद स्थायी भाव जागृत गराइ शान्त रसको अनुभूति गराउँदछ।

उदाहरणार्थ-

*ख्वामित्ले अब विष्णुको रुप लिने वेला भयेथ्यो भनी*
*पाऱ्या बिन्ति र होइ बक्सनु भयो श्रीराम् चतुर्भुज् पनी*

*जो शत्रुघ्न भरत् थिया दुइ जना ती शङ्ख चक्रै बनी*

*ख्वामित्का तहिं बाहुमा बसि गया बस्न्या यहीं हो भनी॥२५२॥*

(*भानुभक्तको रामायण*, 'उत्तरकाण्ड', पृ २२३)

संसारको ताप हरण गर्न सर्वदा तत्पर रहने राम पुनः विष्णुको रूप धारण गरी पृथ्वीबाट बिदा लिन्छन्। उक्त श्लोकबाट शान्त रसको अनुभूति हुँदछ। राम आलम्बन विभाव हुन् र विष्णु, चतुर्भुज रूप, शङ्ख, चक्र आदि उद्दीपन विभाव हुन्। भानुभक्तीय रामायणमा रामका दुईजना पुत्र लव-कुशको सामान्य वर्णन भए तापनि त्यसपछिका वंशको वर्णन भने उपलब्ध पाइँदैन। लव-कुशपछिका राजाहरूको वर्णन एवम् इक्ष्वाकु वंशका उत्तरवर्ती राजाहरूको वर्णन श्रीमद्भागवतमा नवम स्कन्धको बाह्रौँ अध्यायमा पाइन्छ। भागवतअनुसार- "लव कुशमध्ये कुशका छोरा अतिथि भए। अतिथिका निषध, निषधका नभ, नभका पुण्डरीक, पुण्डरीकका क्षेमधन्वा र यिनीबाट देवानीक, देवानीकबाट अनीह र अनीहबाट पारीयात्र र यिनीबाट बलस्थल र बलस्थलबाट सूर्यका अंश वज्रनाभ जन्मे। वज्रनाभबाट खगण र यिनीबाट विधृति, विधृतिबाट योगाचार्य हरिण्यनाभको उत्पत्ति भयो। कोशल देश बस्ने याज्ञवल्क्य ऋषिले यिनै हरिण्यनाभको शिष्य भएर आत्मयोगको शिक्षा पाए। हिरण्यनाभका छोरा पुष्य र यिनीबाट ध्रुवसन्धि, ध्रुवसन्धिका सुदर्शन र यिनीबाट अग्निवर्ण, अग्निवर्णबाट शीघ्र र शीघ्रका छोरा मरु भए। मरुका प्रसुश्रुत, यिनीबाट सन्धि, सन्धिबाट अमर्षण, यिनीबाट महस्वान्, महस्वान्बाट विश्वसाह्व, यिनीबाट प्रसेनजित्, प्रसेनजित्बाट तक्षक र तक्षकबाट वृहद्बल नामका छोरा भए। यिनैलाई अभिमन्युले लडाइँमा मारे।"[134] यसरी भागवत गीतामा इक्ष्वाकु वंशका राजाहरूको वर्णन पाइन्छ।

प्रस्तुत लघु शोध प्रबन्धमा भानुभक्तीय रामायणमा पाइने नौ रसहरूमध्ये बीभत्स रसलाई छोडेर जम्मा आठवटा प्रमुख रसहरूको अध्ययन गरिएको छ। यसका अतिरिक्त भानुभक्तीय रामायणका कतिपय प्रसङ्गहरूबाट पाठकमा एकैचोटी अनेक रसहरूको पनि आस्वादन हुँदछ। एउटै श्लोकबाट विविध रसको अनुभूति हुने केही उदाहरणलाई निम्न प्रकारले देखाउन सकिन्छ।

उदाहरणार्थ-

*काखीमा मिचि चार् समुद्र घुमि फेर् छोडी दियाथ्या जसै।*

[134] उदयचन्द्र वसिष्ठ, सन् २००१, पृ २८८

*मैत्री गर्छु भनी मित्यारि गरि खुप् लाज् मानि फर्क्या तसै।।५८।।*

(*भानुभक्तको रामायण*, 'उत्तरकाण्ड', पृ १९०)

बाली एकजना पराक्रमी योद्धा थिए। रावण बालीसँग युद्ध गर्न जान्छन्। बालीले रावणलाई एउटा हातले काखीमा चेपेर चारवटा समुद्र घुमाउँछन्। बालीको पराक्रम देखेर रावण युद्ध नगरेर मित लगाउँछन्। बालीको यस कार्यले उत्साह, क्रोधसँगै हास स्थायी भावलाई पनि जगाउँदछ। अहङ्कारी रावणको सेखी झार्नका लागि बालीले गरेका यस विचित्र कार्यबाट हास्य रसको प्रतीति हुँदछ। हास्य रसको उद्धोधनका निम्ति रावण विषय आलम्बन हुन् भने बाली आश्रय आलम्बन हुन्। रावणको हाँकलाई समान गर्दै बालीले क्रोधित भएर नै यो कार्य गरेको बुझिन्छ। यस दृष्टिकोणबाट हेर्दा माथिका उदाहरणमा रौद्र रसको अनुभूति हुँदछ। बालीमा रहेको क्रोध र उत्साह भाव साधारणीकरणको प्रक्रियाद्वारा पाठकले पनि अनुभव गर्छन्। यहाँ बालीको बहादुरीले पाठकमा वीर रसको पनि अनुभूति हुँदछ।

उदाहरणार्थ-

*साँचा वाणि सुन्या र सोही रितको बात्‌चित् गऱ्याथ्या जसै।*
*पाँच हज्जार् विरले उचालि बलले ल्याया धनूषै तसै।।*
*ताहाँ श्री रघुनाथ् उठेर नजिकै सोही धनू थ्यैं गया।*
*वाम् हात्‌मा सहजै उचालि धनू त्यो रामले त लींदा भया।।१०५।।*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ १८)

पाँच हजारजनाले उठाउँन कठिन परेको धनु रामले एकै हालले उठाएका छन्। यस प्रसङ्गले पाठकका मनमा आश्चर्य भाव जाग्दछ। रामको यस अलोकिक कार्यबाट प्रेक्षकमा उत्साह भाव पनि जागृत हुँदछ। राम आलम्बन विभाव हुन् अनि पाँच हजार वीर, रामको वीरत्व आदि उद्दीपन विभाव हुन्। उक्त प्रसङ्गले पाठकमा उत्पन्न हुने उग्रता, गर्व, आवेग, शङ्का आदि सञ्चारी भाव हुन्। यस्तो अवस्थामा पाठकले वीर रस र अद्भुत रसको अनुभूति एकैचोटि गरिरहेका हुन्छन्।

उदाहरणार्थ-

*गौतम् कार्य निमित्त दुर् जब गया रुप् गोतमैको सरी।*

*धारी गौतमपत्निका नजिकमा इन्द्रै अगाडी सरी॥१०॥*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ १६)

*आई भोग विलास् गरेर खुसि भै फर्की गयाथ्या जसै।*

*देख्या गौलमलाइ गौतमजिले आश्चर्य मान्या तसै॥*

*आफ्नू रूप दुरुस्त देखि कन खुप् गौतम रिसाया पनी।*

*सोध्या होस् तँ कउन् बता नतर ता हेर् भस्म गर्छु भनी॥११॥*

(*भानुभक्तको रामायण*, 'बालकाण्ड', पृ १६)

इन्द्रले गौतम ऋषिको भेष धारण गरेर गौतम ऋषिकी स्वास्नीसँग शारीरिक सम्बन्ध बनाएका छन्। इन्द्रको यस कार्यले पाठकमा घृणा स्थायी भाव जाग्रित गराउँदछ। यहाँ इन्द्र अनि गौतमकी पत्नि आलम्बन विभाव हुन्। इन्द्रको उक्त निन्दनीय कार्यबाट प्रेक्षकका मनमा सुषुप्त अवस्थामा रहेको व्याधि, आवेग आदि व्यभिचारी भाव प्रफुरित हुँदछ। यसैले माथिका श्लोकबाट पाठकमा बीभत्स रसको आभास भए तापनि अनुभूति हुँदैन।

इन्द्रको कामेच्छा र गौतमकी पत्निसँग भएको शारीरिक सम्बन्धले रति स्थायी भाव पनि जगाउँदछ। यद्यपि यहाँ शृङ्गार रसको अनुभूति हुँदैन। इन्द्रको वासनात्मक चरित्रले शृङ्गार रसको आस्वादन गराउन सक्दैन। शृङ्गार रसको उद्बोधनका निम्ति नायक-नायिका अथवा प्रेमी-प्रेमिकाबिच माधुर्य सम्बन्ध हुन आवश्यक मानिन्छ। प्रस्तुत प्रसङ्गबाट केवल शृङ्गार रसको आभास हुँदछ, अनुभूति हुँदैन। गौतम ऋषिको क्रोध भाव उनमा मात्र सिमित नरहेर प्रेक्षक हृदयमा पनि जागृत हुँदछ र पाठकले रौद्र रसको पनि आभास गर्दछन्। यस श्लोकमा गौतम ऋषिमा उत्पन्न भाव साधरणीकृत भई प्रेक्षकले पनि अनुभव गर्छन्।

हनुमान लक्ष्मणलाई बचाउँनका लागि द्रोणाचलमा औषधी लिन गएको थाहा पाएपछि रावणले कालनेमीलाई हनुमानका कार्यमा बाधा गराउन खटाउँछन्। कालनेमीले हनुमानलाई छल गर्नका निम्ति द्रोणाचल जाने बाटामा आफ्नो मायावी शक्तिद्वारा एउटा तपोवन अनि आश्रम तयारी गर्छन्। मुनीश्वर भेष धारण गरेका कालनेमीले हनुमानलाई जुन तलाउमा ब्राह्मणका श्राप पाएर मकरी बसेकी थिइन्, त्यहीँ पानी पिउनका लागि पठाउँछन्। पानी पिउन लाग्दा मकरीले हनुमानलाई तलाउभित्रै खैँचेपछि हनुमानले

मकरीको वध गरिदिन्छन्। वास्तवमा मकरी ध्यन्यसाली नामकी स्वर्गकी अप्सरा थिइन्, ब्राह्मणका श्रापले वर्षौँदेखि विकृत रूपमा त्यस तलाउमा बस्न परेको थियो। श्रापित जीवनबाट मुक्ति पाएपछि मकरी एउटी सुन्दरी स्त्रीका रूपमा परिणत हुँदछ। त्यसपछि सुन्दरीले हनुमानलाई कालनेमीको वास्तविक परिचय बताउँछिन्। यस रहस्य बुझैपछि हनुमान पुनः आश्रम जान्छन्। मुनीश्वर रूप धारण गरेका मायावी कालनेमीले हनुमानलाई मन्त्रको प्रलोभन देखाएर गुरुदक्षिणा माग्छन्। हनुमानले कालनेमाको छल बुझेर गरेका प्रतिक्रियाले पाठकमा उत्साह, हाँसो र आश्चर्य, भाव जागृत गराउँदछ।

उदाहरणार्थ-

*छल्छाम्का इ वचन् सुन्या र हनुमान् विर्का उठ्यो रिस् पनी*
*हान्या मुड्कि उठाइ तेही बीचमा लौ दक्षिणा ले भनी*
*पायो चोट् तहिं मुड्किको र मुनिवेष् तेस्को तुरुन्तै गयो*
*जस्तो राक्षसको स्वरुप् अघि थियो सोही स्वरुप्को भयो॥१४८॥*

(*भानुभक्तको रामायण*, 'युद्धकाण्ड', पृ १४१)

उपर्युक्त उद्धरणमा हनुमान अनि कालनेमी आलम्बन विभाव हुन्। हनुमानले एकै मुड्कीमा मुनीश्वर भेष धारण गरेका कालनेमीलाई पुनः राक्षस रूपमा परिणत गरिदिएका छन्। यसबाट पाठकमा उत्साहसँगै आश्चर्य भाव जागृत हुँदछ। कालनेमीप्रति क्रोधित बनेका हनुमानमा क्रोध भाव उत्पन्न भए तापनि उनले गुरुदक्षिणास्वरूप दिएका मुड्कीबाट पाठकमा हाँसो भाव उत्पन्न गराउँदछ। यहाँ पाठकमा आवेग, त्रास, गर्व, शङ्का, उग्रता आदि सञ्चारी भावको बोध हुँदछ। यसरी उक्त श्लोकबाट पाठकमा हास्य, अद्भुत अनि वीर रसको अनुभूति हुँदछ।

उदाहरणार्थ-

*जो जो वृक्ष त इन्द्रका नगरीमा सो सो त सब् छन् तहीं*
*रत्नैका सिंढि साफ् असल् जल पनी यस्ता तलाऊ कहीं*
*फल्फूल्ले अति भार् भयेर रुखका सब् ति हाँगा पनी*
*लच्क्याका भ्रमरा र पंछि बहुतै रुख्मा बस्याका पनी॥२८॥*

(*भानुभक्तको रामायण*, 'सुन्दरकाण्ड', पृ ९५)

भानुभक्तका रचनाहरूमा प्राकृतिक सौन्दर्यको वर्णन यत्रतत्र ठाउँ पाइन्छ। विशेषतः उनका फुटकर रचनाहरू 'बालाजी वर्णन, कान्तिपुरको वर्णन आदि' मा प्रकृतिको मनोरम चित्रण पाइन्छ। यसरी नै भानुभक्तीय रामायणको सातवटै काण्डमा प्रकृतिको चित्रण गरिएको पाइन्छ। उपर्युक्त श्लोकमा वर्णित अशोक वनको वर्णनले प्रेक्षकमा शान्त रसको अनुभूति गराउँदछ।

## ४.३ निष्कर्ष

भानुभक्तीय रामायण जम्मा सातवटा काण्ड अनि १३१९ श्लोकहरूमा संरचित रहेको छ। यसमा मुख्यतः विप्रलम्भ शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, अद्भुत अनि शान्त गरी जम्मा आठवटा रसहरू पाइन्छ। यसमा पनि शान्त रस, वीर रस अनि करुण रस केन्द्र अथवा अङ्गी रसका रूपमा रहेको पाइन्छ भने अन्य रसहरू अङ्ग रसका रूपमा पाइन्छन्।

## पाँचौं अध्याय

---

# उपसंहार एवम् निष्कर्ष

# पाँचौँ अध्याय

# उपसंहार एवम् निष्कर्ष

## ५.१ उपसंहार

आयाम वा संरचनाका दृष्टिले *भानुभक्तको रामायण*मा जम्मा सातकाण्ड रहेका छन् भने १३१९ श्लोकमा यो रचिएको छ। प्रस्तुत लघु शोध प्रबन्धमा स्रोत ग्रन्थका रूपमा साझा प्रकाशनबाट सन् २०१९ (आ सं)-मा प्रकाशित *भानुभक्तको रामायण*लाई लिइएको छ।

*रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन* लघु शोध प्रबन्धलाई पाँचवटा अध्यायमा विभाजन गरिएको छ। पहिलो अध्याय शोध परिचय रहेको छ। यस अध्यायअन्तर्गत शोध शीर्षक, शोध परिचय, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण अनि समीक्षा, शोध प्रयोजन, शोध विधि, शोध सीमा र शोधको रूपरेखा उपशीर्षक राखिएको छ।

दोस्रो अध्यायमा 'रस सिद्धान्तको अवधारणा र स्वरूप'-बारे चर्चा गरिएको छ। यस अध्यायको पहिलो उपशीर्षकमा पदार्थको रस, आयुर्वेदको रस, मोक्ष वा भक्ति रस अनि साहित्य रस गरी चार प्रकारका रसको अर्थ देखाइएको छ। प्रस्तुत लघु शोध प्रबन्धमा साहित्य रसका आधारमा *भानुभक्तको रामायण*लाई अध्ययन गरिएका हुनाले साहित्य रसको महत्त्वलाई पनि यहाँ देखाइएको छ। यसै अध्यायको दोस्रो उपशीर्षक रस सम्प्रदायको अध्ययन परम्पराअन्तर्गत रसको उत्पत्तिबारे सामान्य चर्चा गरिएको छ। रसको चिन्तन भरतमुनिभन्दा अघि नै नन्दिकेश्वर, वात्स्यायन आदि विद्वान्हरूले गरिसकेका थिए भन्ने भनाइ पाइए तापनि त्यसको कुनै ठोस प्रमाण नहुनाले यहाँ भरतमुनिको *नाट्यशास्त्र*लाई नै रस सिद्धान्त स्थापित गर्ने पहिलो ग्रन्थ मानिएको छ। भरतमुनिले रस सिद्धान्तको प्रवर्तन गरे पनि उनका उत्तरवर्ती आचार्यहरू (भट्टलोल्लट, शङ्कुक, भट्टनायक, आनन्दवर्द्धन, अभिनव गुप्त, विश्वनाथ आदि) -ले यस सिद्धान्तका विकासमा महत्त्वपूर्ण योगदान दिएका छन्। यसै उपशीर्षकमा रस सिद्धान्तका विकासक्रमलाई तिन चरणमा अर्थात् ध्वनि पूर्वकाल, ध्वनिकाल र ध्वनि उत्तरकालमा विभाजन गरेर अध्ययन गरिएको छ। यी तिनै चरणमा एकातिर रसवादी आचार्यहरू र अर्कोतिर रस विरोधी आचार्यहरूका मतबारे पनि सङ्क्षिप्तमा चर्चा गरिएको छ। यसरी नै यस अध्यायअन्तर्गत रसको स्वरूप, रस निष्पत्ति, रस सामग्री, रस सङ्ख्या, करुण रसको आस्वाद, अङ्गी रस, रसाभास, रसहरूको परस्परमा

विरोध आदि उपशीर्षकहरू रहेका छन्। यी उपशीर्षकहरूमा रसको स्वरूपबारे प्रकाश पार्दै विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रस निष्पत्ति हुँदछ भन्ने भरतमुनिको सूत्रका आधारमा भट्टलोल्लट. शङ्कुक, भट्टनायक र अभिनव गुप्तद्वारा प्रतिपादित चारवटा सिद्धान्तको चर्चा पनि गरिएको छ। यसै सन्दर्भमा उत्पत्तिवाद, अनुमितिवाद, भुक्तिवाद र अभिव्यक्तिवादको चर्चा पछि साधारणीकरण सिद्धान्तसम्बन्धी प्रकाश पारिएको छ। रस निष्पत्तिसम्बन्धी जटिलतालाई साधारणीकरण सिद्धान्तले समाधान गरेको छ। साधारणीकरण सिद्धान्त सर्वप्रथम भट्टनायकले प्रतिपादन गरेका हुन्। ममत्व र परत्वको बन्धनबाट मुक्त भएर सार्वभौमिक, सार्वकालिक र सार्वजनीन रूप ग्रहण गर्नु नै साधारणीकरण हो। साथै यस अध्यायमा रस सामग्री अर्थात् विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावको उल्लेख गरिएको छ। लौकिक जीवनमा भावहरूको प्रकाशनका लागि जुन माध्यमको आश्रय लिइन्छ त्यसलाई कारण, कार्य र सहकारी भनिन्छ। यी तिनै कारण, कार्य र सहकारीलाई साहित्यमा प्रस्तुत गरिए तिनलाई विभाव, अनुभाव र सञ्चारी भाव भनिन्छ।

दोस्रो अध्यायको छैटौँ उपशीर्षकमा पूर्वीय आचार्यहरूले निर्धारण गरेका रस सङ्ख्यालाई देखाइएको छ। आचार्य भरतमुनिले रसको सङ्ख्या आठवटा बताएका छन् भने आचार्य उद्भटले शान्त रस थपेर रसको नौवटा सङ्ख्या बताएका छन्। आचार्य उद्भटपछि आचार्य विश्वनाथले वात्सल्य रस, आचार्य रूपगोस्वामीले भक्ति रस थपेर रस सङ्ख्या एघार पुऱ्याएका छन् भने यसपछि पनि आचार्य भोजराजले प्रेयान्, उदात्त र उद्धत रसको उल्लेख गरेका छन्। रस सङ्ख्याका सन्दर्भमा आचार्यहरूको मत विभिन्न रहेको पाइए तापनि बहुमान्य रूपमा शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त गरी जम्मा नौवटा रसलाई नै काव्यमा मान्यता दिइएको पाइन्छ। यसैले प्रस्तुत लघु शोध प्रबन्धमा पनि नौवटा रसहरूकै आधारलाई अध्ययनको विषय बनाइएको छ। करुण रसको आस्वाद उपशीर्षकमा करुण रसको अनुभूति कसरी आनन्दमय हुन सक्दछ भन्ने प्रश्नको उत्तरमा करुण रस वा शोक स्थायी भाव काव्य सन्दर्भमा कविको अलौकिक प्रतिभा तथा अनुभूतिद्वारा आनन्दमय हुन्छ भनिएको छ। यसरी नै आठौँ उपशीर्षकमा अङ्गी रस अनि नवौँ उपशीर्षकमा रसाभासबारे चर्चा गरिएको छ। साहित्यमा आद्योपान्त जुन रस स्थायी रूपमा रहन्छ त्यसलाई अङ्गी रस भनिन्छ भने जुन रस केवल आभसित हुँदछ तर अनुभूति हुँदैन त्यसलाई रसाभास भनिन्छ अर्थात् विभावको अनुचित वा अप्रासाङ्गिक वर्णन भएमा रसाभास हुँदछ। यस अध्यायाको दसौँ उपशीर्षकमा परस्पर विरोधी रसहरूको चर्चा गरिएको छ।

यसअन्तर्गत एकाध उदाहरण राख्न सकिन्छ, जस्तै- काव्यमा प्रेक्षकले एकैचोटी शृङ्गार र रौद्र अथवा शृङ्गार र बीभत्स रसको अनुभूति गर्न सक्दैनन्। यसरी नै एकजना व्यक्तिको चित्तमा तत्क्षण नै भय र क्रोध अथवा भय र उत्साह स्थायी भाव जागृत हुन सक्दैन। यसै सन्दर्भमा आचार्य विश्वनाथले परस्पर विरोधी रसहरूको चर्चा गरेका छन्।

तेस्रो अध्यायको शीर्षक 'भानुभक्तका काव्यकृतिमा रस प्रयोग' रहेको छ। यस अध्यायको पहिलो उपशीर्षकमा भानुभक्त आचार्यको सङ्क्षिप्त परिचय दिइएको छ। यसअन्तर्गत भानुभक्त आचार्यको जन्म तिथिमिति, जन्मस्थान, परिवार, कर्मक्षेत्र, मृत्युको तिथिमिति अनि उनीसँग सम्बन्धित सामाजिक पृष्ठभूमिबारे सङ्क्षिप्तमा चर्चा गरिएको छ।

दोस्रो उपशीर्षकमा उनका काव्यकृतिहरूमा प्रयुक्त रसको अध्ययन गरिएको छ। यस सन्दर्भमा *भक्तमाला*को केद्रीय भावलाई प्रस्तुत गरिएको छ। भौतिक आनन्द क्षणिक र अस्थायी हुन्छ, लौकिक सुखमा भुलेर मानिस मानवधर्मलाई तिलाञ्जलि दिन्छन् भन्ने यथार्थलाई यसमा झल्काइएको छ। यसरी नै मनुष्यको जीवन-दर्शनको सार र रहस्य बुझाउन भौतिक-आध्यात्मिक चिन्तनद्वारा यसमा अजर, अमर र अविनाशी आत्मालाई चिनाउने प्रयास गरिएको छ। यस कृतिमा सांसारिक माया-मोहबाट मनुष्यलाई मुक्तिको मार्ग दिलाउने उपायहरू दिइएको छ। रसका आधारमा *भक्तमाला*को अध्ययन गर्दा यसमा अङ्गी रसका रूपमा शान्त रस रहेको पाइन्छ।

*प्रश्नोत्तरमाला*मा ज्ञान, वैराग्य, भक्ति र मोक्ष प्राप्त गर्ने माध्यमहरूको चर्चा गरिएको छ। यसका साथै प्रस्तुत कृतिमा नैतिक, धार्मिक-आध्यात्मिक, आदर्श एवम् कर्मनिष्ठ जीवन शैली तथा वेदान्त दर्शनका पाठ पाठाएको छ। *प्रश्नोत्तरमाला*मा आंशिक रूपमा वीर र अद्भुत रसको प्रतीति भए तापनि स्थायी वा अङ्गी रसका रूपमा भने शान्त रसकै अनुभूति हुँदछ।

भानुभक्त आचार्य तारापतिका घरमा वास बस्दा त्यहाँको घर-झगडा देखेर उपदेश स्वरूप लेखिएको *वधूशिक्षा*मा परिवारमा नारीले निर्वाह गर्नुपर्ने व्यावहारिक आदर्शलाई देखाइएको छ। यसमा तत्कालीन नेपाली समाजमा नारीको अवस्था र स्थितिलाई झल्काइएको छ। *वधूशिक्षा*मा मूलतः शान्त रसकै प्रतीति हुँदछ।

यसरी नै दोस्रो उपशीर्षकअन्तर्गत भानुभक्तका फुटकर रचनाहरूमा प्रयुक्त रसको चर्चा गरिएको छ। उनका फुटकर रचनाहरू लगभग उनन्साठीवटा पाइए तापनि यहाँ अठारवटा शीर्षकहीन रचनाहरूमा प्रयुक्त रसको अध्ययन गरिएको छ।

चौथो अध्यायको पहिलो उपशीर्षकमा भानुभक्तीय रामायणको परिचय दिइएको छ। दोस्रो उपशीर्षकमा भानुभक्तीय रामायणमा प्राप्य रसको अध्ययन गरिएको छ। काव्यका नौवटा रसहरूमध्ये भानुभक्तीय रामायणमा पनि पाइने विप्रलम्भ शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, अद्भुत र शान्त रस गरी जम्मा आठवटा रसहरूको विस्तृत अध्ययन गरिएको छ। त्यसबाट पाठक, भावक, श्रोता, दर्शक आदिमा परेको रसानुभूतिबारे पनि उदाहरणसहित विश्लेषण गरिएको छ। उक्त आठवटा रसका अतिरिक्त भानुभक्तीय रामायणका एउटै श्लोकबाट अनुभूत हुने विविध रसको पनि चर्चा गरिएको छ तर यसमा बीभत्स रस न्युन रहेकाले त्यसको आंशिक वर्णन मात्र गरिएको छ।

प्रस्तुत लघु शोध प्रबन्धको पाँचौँ अध्यायमा उपसंहार एवम् निष्कर्ष राखिएको छ। यस अध्यायमा सम्पूर्ण लघु शोध प्रबन्धबाट प्राप्त मुख्य मुख्य शीर्षक-उपशीर्षकसँग सम्बन्धित प्रमुख विषयहरूको सार प्रस्तुत गरिएको छ। निष्कर्षका रूपमा प्रस्तुत लघु शोध प्रबन्धबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा राखिएको छ।

### ५.२ निष्कर्ष

रस सिद्धान्तका आधारमा भानुभक्तीय रामायणको अध्ययन शीर्षक रहेको प्रस्तुत लघु शोध प्रबन्धमा पाइएका निष्कर्षहरू बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ-

- पूर्वीय साहित्यमा रस सिद्धान्तलाई सर्वाधिक महत्त्व दिइएको पाइन्छ। यस सिद्धान्तका प्रवर्तक भरतमुनि हुन्।
- भानुभक्तीय रामायणको बालकाण्डमा मूलतः शान्त रसको अनुभूति हुँदछ। यस काण्डमा नारद र ब्रह्माको संवादले पाठकमा ईश्वर भक्ति, मोक्ष प्राप्ति अनि वैराग्य भाव उत्पन्न गराएर शान्त रसको अनुभूति गराउँदछ।

- अयोध्याकाण्डमा अधिक रूपमा करुण रसको प्रतीति हुँदछ। कैकेयीको कुटिलताले क्रोध भावाभास गराए तापनि दशरथ अनि कौशल्याको विलाप, सीता-राम अनि लक्ष्मणको वन प्रस्थान आदिले प्रेक्षकको चित्तमा शोक भाव जागृत गराउँदछ।
- अरण्यकाण्डमा मूलतः शान्त रसकै अनुभूति हुँदछ। यसका साथै रामले श्रापित विद्याधर गणलाई राक्षस जुनीबाट मुक्ति दिलाएको प्रसङ्ग, रावणका भाइहरू खर, त्रिशिर र दूषणसँग रामको युद्ध भएको प्रसङ्ग आदिबाट वीर रसको पनि उत्तिकै प्रतीत हुँदछ। रावणले सीता हरण गरेपछि रामको विलापले करुण रसको पनि प्रतीति गराएको पाइन्छ, यद्यपि स्थायी रूपमा भने यस काण्डमा शान्त रसकै अनुभूति हुँदछ।
- किष्किन्धाकाण्डमा मूलतः शान्त, वीर र करुण रसको प्रतीति हुँदछ। बालीको पराक्रमको वर्णन, सुग्रीवले रामको शक्ति जान्ने इच्छा गर्दा रामले एउटै बाणले सातवटा वृक्ष छेदन गरेको वर्णन, बाली वधको प्रसङ्ग आदिबाट वीर रसको प्रतीति हुँदछ। यसरी नै बालीको मृत्युपछि ताराका बिलौनाबाट करुण रसको अनुभूति हुँदछ भने रामले तारालाई बताएका तत्त्व ज्ञानका प्रसङ्गबाट शान्त रसको अनुभूति हुँदछ।
- सुन्दरकाण्डमा हनुमानले क्षार समुद्र पार गरेको वर्णनले वीर अनि अद्भुत रसको प्रतीति गराउँदछ। सुरसाद्वारा लिइएको हनुमानको परीक्षाबाट अद्भुत रससँगै वीर रसको पनि अनुभूति हुँदछ। यसै गरी सिंहिका राक्षसीको वध, हनुमानद्वारा लङ्का दहनको वर्णन आदिले वीर रसको अनुभूति गराउँदछ। यसका साथै अशोक वाटिकामा सीताको दयनीय अवस्थाको वर्णनले करुण रसको पनि प्रतीति हुँदछ। यसका अतिरिक्त अशोक वाटिकाको मनोरम प्राकृतिक चित्रणबाट प्रेक्षकमा शान्त रसको अनुभूति हुँदछ। यसकाण्डमा मूलतः शान्त रस नै स्थायी रूपमा अनुभूत गर्न सकिन्छ।
- युद्धकाण्डमा मूल रूपमा युद्धको वर्णन हुनाले यसमा वीर, रौद्र र भयानक रस स्थायी रूपमा रहेको छ। हनुमानले द्रोणाचल पर्वतबाट औषधी ल्याएको वर्णन, इन्द्रजित र लक्ष्मणको युद्ध, राम र कुम्भकर्णको युद्ध, राम र रावणको युद्ध आदि प्रसङ्गले वीर रसको अनुभति गराउँदछ। कुम्भकर्णको विकराल काया, आफ्नो सारथी मातलीलाई रावणले प्रहार गर्दा राममा उत्पन्न

क्रोध भाव आदि प्रसङ्गले पाठकको अन्तस्तरणमा रहेको भय स्थायी भाव जागृत गराइ भयानक रसको अनुभूति गराउँदछ।

- उत्तरकाण्डमा स्थायी रूपमा शान्त रस अनि अस्थायी रूपमा करुण, अद्भुत, वीर र भयानक रसको प्रतीति हुँदछ। लोकको अपवाद मेटाउनका लागि रामले सीतालाई जङ्गलमा पुऱ्याएको वर्णनले करुण रसको उद्रेक भएको छ। भूभार हरण गरेपछि राम पुनः वैकुण्ड प्रस्थान गर्छन्, यस प्रसङ्गले पाठकमा स्थायी रूपमा शान्त रसको अनुभूति गराउँदछ।
- भानुभक्तीय रामायणमा शान्त रस केन्द्रमा रहेको पाइन्छ भने रामायणका प्रमुख पात्रहरूको चरित्र एवम् भूमिका हेर्दा वीर रस र करुण रस पनि उत्तिकै मुख्य रूपमा प्रयुक्त रहेको देखिन्छ। अन्य रसहरूमध्ये विप्रलम्भ शृङ्गार, हास्य, रौद्र, भयानक र अद्भुत रस गौण रूपमा भए पनि उपयुक्त स्थानमा उपयुक्त घटनासँग ती रसहरू सम्बद्ध रहेको पाइन्छ। काव्यका मुख्य नौवटा रसहरूमध्ये आठवटा रसहरूले रामायणको सम्पूर्ण कथावस्तु, घटना, चरित्र चित्रण, भाव, विषयवस्तु, प्रकृति चित्रण, देश, काल र वातावरण आदि सबैलाई उपयुक्त एवम् औचित्यपूर्ण ढङ्गले समेटेको पाइन्छ। तथापि यसमा बीभत्स रसको भने न्यूनता रहेको बोध गर्न सकिन्छ।
- प्रस्तुत ग्रन्थको एकाध स्थलहरूमा आलम्बन विभाव अर्थात् इन्द्रद्वारा अहल्यामाथि गरिएको छल, राम-लक्ष्मणद्वारा शुर्पणखामाथि गरिएको अमानवीय व्यवहार र बालीद्वारा आफ्नै बुहारीमाथि गरिएको दुश्कर्म आदि नकारात्मक घटना तथा यसलाई परिणाम दिने चरित्रहरूबाट घृणा स्थायी भाव जागृत भए पनि बीभत्स रसानुभूति भने कम नै भएको पाइन्छ।
- विप्रलम्भ शृङ्गार र करुण रसलाई छुट्याउने मुख्य आधार मृत्यु अर्थात् त्रासदीलाई मानिन्छ। मृत्युभन्दा अगाडि भएको वियोग जहाँ पुनर्मिलनको सम्भावना रहन्छ, त्यहाँ विप्रलम्भ शृङ्गार मानिन्छ। मृत्युपश्चात् भएको वियोग जहाँ पुनर्मिलनको सम्भावना रहँदैन त्यहाँ करुण रसानुभूति हुने मानिन्छ। भानुभक्तीय रामायणमा यी दुवै प्रकारका रसको अनुभूति गर्न सकिन्छ।
- भानुभक्तीय रामायणको बालकाण्डमा रहेको पहिलो श्लोक-*एक् दिन् नारद सत्यलोक् पुगि गया लोक्को गरूँ हित् भनी*बाट रामायण लेखिनुको मूल उद्देश्य लोकहित रहेको देखिन्छ। समग्रतामा भानुभक्तीय रामायणमा वर्णित राम-राज्यको आदर्श, पुरुषोत्तम राममा रहेको मानव कल्याणकारी

उदात्त चरित्र, सीताको पति भक्ति, राम, भरत, लक्ष्मण र शत्रुघ्नको भातृप्रेम, हनुमानको अपार भगवत् भक्तिभाव, विभीषणमा रहेको सत्यप्रति निष्ठाभाव आदि विभिन्न प्रसङ्गले रामायण लोकहितार्थ नै लेखिएको हो भन्ने कुरा स्पष्ट हुँदछ। फलतः भानुभक्तीय रामायणमा चित्रित नायक-नायिकाबिचमा प्रेम, आलिङ्गन, उत्तेजना, चुम्बन आदि प्रसङ्ग नपाइने हुनाले यसमा सम्भोग शृङ्गारको अनुभूति हुँदैन भन्न सकिन्छ।

- रस प्रतीतिका लागि विभाव, अनुभाव र व्यभिचारी भावको समन्वय हुन आवश्यक मानिन्छ, यद्यपि भानुभक्तीय रामायणका आलम्बनहरूका साङ्गोपाङ्ग चरित्रबाट पनि कुनै न कुनै रसको प्रतीति हुँदछ। यसको विवरण निम्न तालिकामा देखाउन सकिन्छ-

| **आलम्बन** | **रस** |
|---|---|
| राम | शान्त |
| सीता | करुण |
| लक्ष्मण | रौद्र, वीर |
| हनुमान | वीर |
| रावण | वीर |
| विभीषण | शान्त |
| मेघनाथ (इन्द्रजित) | वीर, रौद्र |
| बाली | वीर |
| परशुराम | रौद्र, वीर |
| कुम्भकर्ण | वीर |
| सुग्रीव | वीर |
| अङ्गद | वीर |
| शुर्पणखा | शृङ्गार |
| भरत | शान्त |
| मन्दोदरी | करुण |

तालिका- ४

- आलम्बनले मात्र रस निष्पत्ति गर्न सक्दैन तर आलम्बनको चरित्र, गुण, धर्म, कर्म आदिबाट प्रेक्षकलाई जुन भावको बोध हुँदछ त्यसका आधारमा आलम्बनले प्रतीत गराउने रसलाई उक्त तालिकामा देखाइएको छ। तालिकामा देखाइएअनुसार रामबाट केवल शान्त रसको अनुभूति हुँदछ भन्ने होइन तर रामको गुण, धर्म आदिबाट बोध हुने प्रमुख रस शान्त मानिन्छ। रामको गुणबाट वीर, रौद्र, भयानक, अद्भुत आदि रस पनि अनुभूत गर्न सकिन्छ, यद्यपि उनका चरित्रबाट प्रतीति हुने मुख्य रस शान्त नै मानिन्छ। यसरी नै रामायणका अन्य पात्रहरूका गुण, धर्म, कर्म आदिबाट प्रतीत हुने प्रमुख रसलाई उक्त तालिकामा देखाइएको छ।

- भानुभक्तीय रामायणका नायक रामलाई पुरुषोत्तम राम, दानवीर, दयावीर, धर्मवीर र युद्धवीर चारै वीरत्वको गुणले युक्त देखाइएको छ भने उनमा रहेको उच्च उदात्त गुणका कारणले एकजना महान् मानवतावादी, आदर्श राम राज्यका निर्माता, दैवी गुणले युक्त भगवान् रामजस्ता विभिन्न उपाधिले विभूषित देखाइएको छ।

- भानुभक्तले युवावस्थामा सिर्जना गरेका अधिकतर फुटकर रचनाहरूमध्ये *बालाज्यु वर्णन, अमरावती काम्तीपुरी नगरी*जस्ता रचनाहरूमा शृङ्गार रसको प्रतीति हुँदछ। मूलतः उनले क्षणिक आनन्द र प्रयोजनका लागि यस किसिमका रचनाहरू सिर्जना गरेका छन् भन्न सकिन्छ।

- रामायण लेखन पूर्वार्द्धका भानुभक्तका रचनाहरूमा शृङ्गार रस अधिक पाइन्छ भने रामायण लेखनकालका रचनाहरूमध्ये *भक्तमाला, प्रशनोत्तरीमाला* आदि रचनाहरूमा शान्त रसको आधिक्य पाइन्छ। रामायणको लेखनपछि भानुभक्तमा आध्यात्मिक चिन्तन बढी मौलाएको देखिन्छ।

- लयात्मकता, मौलिकता, काव्यात्मकता, सुललितता, सुकुमारता, हृदयस्पर्शीता, शिष्टता, सुबोध्य एवम् सरल भाषा शैली आदि गुणले गर्दा भानुभक्तीय रामायणमा साधारणीकरण प्रभावकारी रूपमा प्रतिबिम्बित छ।

- समग्रतामा भानुभक्तीय रामायणले धार्मिक-आध्यात्मिक, समाज-सुधार संस्कारत्मक भाव, मानवतावाद, आदर्श परिवार, आदर्श राम-राज्य, विश्व-कल्याणकारी सन्देश, विश्व बन्धुत्व,

भातृत्व, मानव एवम् मानवेतर जगत्सँगको मानवीय सम्बन्ध, असत्यको पराजय र सत्यको विजय, ईश्वर भक्ति र वैराग्य भाव उत्पन्न गराएको छ।

पूर्वीय महाकाव्यहरूमध्ये रामायण र महाभारतलाई श्रेष्ठ र बृहत् सांस्कृतिक ज्ञानका स्रोतका रूपमा लिने गरिन्छ। यी ग्रन्थहरूभित्र रहेका सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक, सांस्कृतिक, धार्मिक-आध्यात्मिक उच्चताले बृहत् भारतको अवधारणालाई बोकेको छ, त्यसैले रामायण प्राचीन भारतको उज्जवल प्रतीक भनेर आजपर्यन्त पनि त्यतिकै झल्मलाइ रहेको छ भन्न सकिन्छ। रामायणका चरित्रहरूले समेटेको भौगोलिक क्षेत्र बृहत्, विस्तृत एवम् व्यापक रहेको पाइन्छ। यसको क्षेत्र श्रीलङ्कादेखि लिएर कर्नाटक, उत्तराखण्ड, उत्तर प्रदेश, नेपालसम्म फैलिएको छ। विविधतामा एकता भारतीय संस्कृतिको प्रतीक हो भने प्रस्तुत ग्रन्थमा भारतीय संस्कृतिको विविधतालाई एउटा सूत्रमा बाँध्ने प्रयास गरिएको छ। रामायणमा देखाइएको प्राचीन भारतको गौरवमय इतिहास, जीवनदर्शन, नीतिशास्त्र, तत्कालीन शासन व्यवस्था, राजनीतिक गतिविधि आदिले भारतलाई विश्वको सर्वश्रेष्ठ भूमि प्रमाणित गरेको देखिन्छ। रामायणका आधारमा भारत सदैव उज्ज्वल संस्कृति र शिष्ट परम्परा रहेको विशाल राष्ट्र हो भन्ने बुझिन्छ।

*लोकको गरूँ हित भनी*बाट आरम्भ भएको भानुभक्तीय रामायणले विश्वबन्धुत्व र मानवतावादको बिगुल फुकेको छ। भानुभक्तले रामायणलाई नेपालीकरण गरेका छन्। रामायणमा प्रयुक्त छन्द, अलङ्कार, वक्रोक्ति, ध्वनि, रीति, गुण आदिले यसलाई सुन्दर र उच्चकोटीको रचना बनाएको छ भने रसले यसलाई जीवन्त बनाएको छ भन्न सकिन्छ। शिक्षित-अशिक्षित, प्रौढ-बालक, धनी-गरिब, स्त्री-पुरुष सबैलाई रामायणले रसास्वादन गराएको छ। जबसम्म नेपाली जाति रहने छ तबसम्म भानुभक्त आचार्य र उनको रामायण जीवन्त रहने छ भनेर विश्वास गर्न सकिन्छ।

## ५.३ भावी शोधकर्तालाई सुझाउ

(क) परिवेश विमर्शका आधारमा भानुभक्तीय रामायण।

(ख) भानुभक्तीय रामायणमा प्रतिबिम्बित लोकजीवन।

(ग) आधुनिक वर्णनात्मक भाषा विज्ञानका आधारमा भानुभक्तीय रामायण।

(घ) महाकाव्यका तत्त्वका आधारमा भानुभक्तीय रामायणको विश्लेषण।

# ग्रन्थ सूची

# ग्रन्थ सूची

## पुस्तकहरूको सूची

### (क) नेपाली पुस्तक

आचार्य, मुक्तिनाथ, सन् १९७२, *भानुको भावना*, रम्घाः मुक्तिनाथ आचार्य

उपाध्याय, केशवप्रसाद, सन् २०१०, *साहित्य-प्रकाश*, ललितपुरः साझा प्रकाशन

उपाध्याय, केशवप्रसाद, सन् २००३, *प्राथमिककालीन कवि र काव्यप्रवृत्ति*, पुलचोकः साझा प्रकाशन

उपाध्याय, केशवप्रसाद, सन् २०१०, *विचार र व्याख्या*, ललितपुरः साझा प्रकाशन

उपाध्याय, केशवप्रसाद, सन् २००५, *केही रचना : केही विवेचना*, ललितपुरः साझा प्रकाशन

चामलिङ, गुमानसिंह, सन् १९९७, *कविवर भानुभक्ताचार्यको उपाधि र आदिकवित्वको प्रश्न,* गान्तोक: जनपक्ष प्रकाशन

ठाकुर, पराजुली, सन् १८९९, *नेपाली सहित्यको परिक्रमा*, काठमाडौँ: साझा प्रकाशन

थापा, मोहनहिमांशु, सन् २००९, *साहित्य परिचय*, ललितपुरः साझा प्रकाशन

दाहाल, खेम, सन् २००२, *समालोचनै समालोचना*, ललितपुरः साझा प्रकाशन

नेपाल, घनश्याम, सन् २०२१, *नेपाली साहित्यको परिचयात्मक इतिहास*, कालेबुङः उपमा प्रकाशन

बन्धु, चूडामणि, सन् २०१३, *अनुसन्धान तथा प्रतिवेदन लेखन*, काठमाडौँ: रत्न पुस्तक भण्डार

भट्टराई, गोविन्दप्रसाद, सन् १९८२, *भरतको नाट्य-शास्त्र*, काठमाडौँ: नेपाल प्रज्ञा-प्रतिष्ठान

रिसाल, राममणि, सन् २००१, *नेपाली काव्य र कवि*, ललितपुरः साझा प्रकाशन

लामा, कविता, सन् २०१७, *कविता डिस्कोर्स*, खर्साङः माया प्रकाशन

शर्मा, शान्तिराज, सन् १९९७, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*, सिलगडीः नेपाली साहित्य प्रचार समिति

शंशेर, ब्रह्म, सन् १९३८, *कवि भानुभक्त*, नेपालः ब्रह्म शंशेर जङ्गवहादुर राणा

श्रेष्ठ, रमेश, सन् १९९२, *नेपाली कविताको प्रवृत्ति*, काठमाडौँ: साझा प्रकाशन

## (ख) हिन्दी पुस्तक

तिवारी, रामचन्द्र, सन् २०१९, *भारतीय एवं पाश्चात्य काव्यशास्त्र की रूपरेखा,* इलाहाबादः लोकभारती प्रकाशन

शुक्ल, रामचन्द्र, सन् २०१५, *रसमीमांसा*, नयी दिल्लीः पुस्तक प्रतिष्ठान

श्रीवास्तव, अर्चना, सन् १९९१, *भारतीय तथा पाश्चात्य काव्यशास्त्र*, वाराणसीः विश्वविद्यालय प्रकाशन

त्रिपाठी, रमानाथ, सन् २०१०, *रामगाथा*, दिल्लीः राजपाल एण्ड सन्ज

## (ग) अङ्ग्रेजी पुस्तक

देवी, जी एन (सम्पा), सन् २०२०, *इन्डियन लिटरेरी क्रिटिसिज्म थ्योरी एन्ड इन्टरप्रिटेसन*, हैदरावादः ओरियन्टल ब्ल्याकस्वान प्रा लि

## सम्पादित पुस्तकहरूको सूची

नामंदुग, प्रेम प्रधान (सम्पा), सन् २०१९, *भारतीय नेपाली साहित्यमा भानुभक्तको रामायण*, दिल्लीः साहित्य आकादमी

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा), सन् २००१, *साझा समालोचना*, ललितपुरः साझा प्रकाशन

शर्मा, जगदीश (सम्पा), सन् २००७, *भानु प्रकाश,* सिक्किमः भानु जयन्ती समारोह समिति

## पत्र-पत्रिका वा जर्नलहरूको सूची

तामाङ, सविता, सन् २०१९, ‘रामायणको नारी : सन्दर्भ नारी अस्तित्व’, कुमार छेत्री (सम्पा), *साहित्य सङ्केत*, कालेबुङः नेपाली साहित्य अध्ययन समिति, वर्ष ५२, अङ्क ३८

पुलामी, वासुदेव, सन् २०१७, ‘तुलसी र भानुका कृतिमा नारी पात्र’, दाहाल र अन्य (सम्पा), *अभिज्ञान*, नेपाली विभागः उत्तर बङ्ग विश्वविद्यालय, वर्ष ६, अङ्क : ७